# अध्याय - एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक **जय भोलि निबन्धको सङ्कथन विश्लेषण** रहेको छ । सङ्कथन भाषको सर्वोच्च एकाइ हो । यो एक वाक्यदेखि अनेक वाक्यसम्म विस्तारित भएको हुन्छ । सम्प्रेषणात्मक रूपमा सङ्कथनले सिङ्गो र पूर्ण अर्थलाई बहन गर्छ । कुनै पनि सङ्कथन निर्माण हुनका लागि आन्तरिक र बाह्य रूपमा भाषिक घटकहरूको अन्विति हुन आवश्यक हुन्छ । पाठनिर्माणका लागि बाह्य भाषिक घटकलाई सम्बद्धक भनिन्छ । यसलाई रूप या संरचना पक्षअन्तर्गत पनि राख्न सकिन्छ । पाठनिर्माणका लागि आवश्यक पर्ने आन्तरिक भाषिक घटकलाई सम्बन्धन भनिन्छ । सम्बन्धनले सङ्कथनको अर्थ स्पष्ट पार्ने भूमिका खेल्छ ।

प्रस्तुत शोधमा निबन्धकार भैरव अर्यालको चर्चितनिबन्ध सङ्ग्रह काउकुतीभित्रराखिएको जय भोलि शीर्षक निबन्धमा प्रयोग भएका सम्बद्धक र सम्बन्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गर्ने उद्देश्य राखिएको छ ।प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को प्रयोजनार्थ तयार पारिएको हो ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्य प्रायोगिक भाषाविज्ञानको एउटा नयाँ शाखाका रूपमा स्थापित सङ्कथन विश्लेषणसँग सम्बन्धित छ ।

प्रस्तुत शोधको मूल समस्याका रूपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै जय भोलि निबन्धमा प्रयुक्त भाषिक जोर्नी (सम्बद्धक) र वैचारिक निरन्तरता ( सम्बन्धन) को पहिचान र विश्लेषण गर्दै निबन्धमा तिनीहरूको भूमिका केलाइएको छ । यसलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) जय भोलि निबन्धमा के कस्ता सम्बद्धकहरू प्रयोग भएका छन् ?

(ख) प्रस्तुत निबन्धमा के कस्तासम्बन्धनहरू प्रयोग भएका छन् ?

(ग) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बन्धनको उपयुक्तता के कस्तो छ ?

## १.३ अध्ययनको औचित्य

सङ्कथन विश्लेषण भाषाविज्ञानको नवीन विधासँग सम्बन्धित छ । पश्चिमी कलेजहरूमा सङ्कथन विश्लेषण भनेर गरिने अनुसन्धानहरू तुलनात्मक रूपमा नेपालका विश्वविद्यालयमा भन्दा धेरै रभिन्न देखिन्छन् । त्रिभुवन विश्वविद्यालयमा यस विषयसँग सम्बन्धित न्यून शोधहरू मात्र भएका पाइन्छन् । सङ्कथन जस्तो महत्त्वपूर्ण विषयमा त्रिभुवन विश्वविद्यालय जस्ता ठूला शैक्षिक संस्थामा न्यून शोधहरू हुनाले सङ्कथनका बारेमा अध्ययन गर्न चाहने र अध्यापन गराउन चाहने दुवै पक्षलाई ठूलो मर्का परिरहेको वर्तमान सन्दर्भमा प्रस्तुत जय भोलि निबन्धको सङ्कथन विश्लेषण शीर्षक शोध औचित्यपूर्ण भएको छ । यस शोधले शिक्षक, निबन्धकार, विद्यार्थी, पाठ्यपुस्तक लेखक, पाठ्यक्रमविद् तथा पाठ्यक्रम उत्पादक, अनुसन्धानकर्ता, समालोचक एवम् भाषावैज्ञानिक सबैलाई कुनै न कुनै पक्षमा सहयोग गर्ने हुनाले पनि यो शोधको औचित्य बढ्न गएको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) जय भोलि निबन्धमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु,

(ख) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण गर्नु तथा

(ग) सम्बद्धक र सम्बन्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु ।

## १.५ अध्ययनको प्राक्कल्पना

जय भोलि निबन्धको सङ्कथन विश्लेषण शीर्षक शोधका अन्त्यमा उक्त निबन्ध सम्बद्धक र सम्बन्धनका दृष्टिले उत्तम प्रकारको देखिनेछ ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोधको सीमाङ्कन निम्नानुसार गरिएको छ :

(क) प्रस्तुत शोध निबन्धकार भैरव अर्यालको जय भोलि शीर्षक हास्यव्यङ्ग्य निबन्धको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) प्रस्तुत शोधमा जय भोलि निबन्धका मात्र सम्बद्धक र सम्बन्धनमा आधारित भई सङ्कथन विश्लेषण गरिएको छ ।

(ग) पुस्तकालयीय विधि अध्ययनको प्रमुख विधि रहेको छ ।

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य प्रायोगिक भाषाविज्ञानको एक नवीन शाखाका रूपमा विकसित भइरहेको सङ्कथन विश्लेषणसँग सम्बन्धित छ । सङ्कथन विश्लेषणको सुरुवात पाश्चात्य विद्वान्बाट भएको देखिन्छ । जेलिङ ह्यारिसले सन् १९९२ मा एउटा लेखमार्फत सङ्कथन विश्लेषण शब्दको प्रथम प्रयोग गरेका छन् । उनले हेयर टनिकको विज्ञापनमा प्रयुक्त भाषालाई सङ्कथन विश्लेषण गरेपछि यसतर्फ अन्य भाषावैज्ञानिकहरूको ध्यानाकर्षण भयो । त्यसपछि सङ्कथन विश्लेषणका क्षेत्रमा विभिन्न विद्वान्हरूले अनुसन्धान गरेका छन् । ती मध्ये केही विद्वान्हरूमा ह्यालिडे र हडसन (१९७६), सिङक्लेयर र कौल्थार्ड (१९७८), फ्रिम्यान (१९८०), एडमन्सन (१९८१), ब्रउन गिलियन र जर्ज युले (१९८३), गाइ कुक ( १९८९), डेबिड नुनान (१९९३), आदि छन् (पोखेल, २०६९ :२) । सङ्कथन विश्लेषणका क्षेत्रमा निम्नलिखित विद्वान्द्वारा अनुसन्धान भएको देखिन्छ :

हेमाङ्गराज अधिकारी (२०६५) द्वारा सामाजिक र प्रायोगिक भाषाविज्ञान भन्ने पुस्तकमा सङ्कथन विश्लेषण सम्बन्धी सैद्धान्तिक चर्चा गरिएको छ । यस पुस्तकमा सम्प्रेषणात्मक कार्यहरूका विश्लेषणलाई सङ्कथनका रूपमा उल्लेख गर्दै पाठका स्तरहरूको समेत उल्लेख गरिएको छ ।

रामचन्द्र लम्साल र अन्य (२०६०), द्वारा प्रायोगिक भाषाविज्ञान नामक पुस्तकमा सङ्कथन विश्लेषणको चर्चा गर्दै यसले मौखिक र लिखित भाषाका वाक्यले कसरी अनुच्छेद, संवाद, अन्तर्वार्ता आदि सार्थक ठूला एकाइहरूको निर्माण गर्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

वीरेन्द्रकुमार शाह (सन् २००३) द्वारा मौखिक सङ्कथनको विश्लेषणात्मक अध्ययन शीर्षकमा शोधकार्य भएको छ । उनले यस शोधकार्यमा सिङक्लेयरको अवधारण अनुरूप नौ कक्षाको शिक्षण अवलोकन गरी शोधपत्र तयार पारेका छन् ।

गोविन्दराज भट्टराई (२०६२) द्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागबाट प्रकाशित वार्षिक पत्रिका सम्प्रेषण २ मा 'सङ्कथन विश्लेषण: एक प्रारम्भिक परिचय भन्ने लेख प्रकाशित गरी सङ्कथनलाई परिभाषित गरिएको

छ । त्यस्तै सम्प्रेषण ५ मा सङ्कथन विश्लेषणको परिचय दिँदै पाठका प्रकार, वाक्यव्याकरण र सङ्कथनमा रहेका भिन्नता आदिका बारेमा चर्चा गरेका छन् ।

रचना पौडेल (सन् २००५) द्वारा अङ्ग्रेजी लेखनमा सम्बद्धकको प्रयोग सम्बन्धी विद्यार्थीको क्षमताको अध्ययन शीर्षकमा शोधकार्य भएको छ । यसमा स्नातक तहका विद्यार्थीहरूको भाषिक क्षमताको अध्ययन गर्दै विद्यार्थीमा प्रदानात्मक भन्दा आदानात्मक क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ ।

रामप्रसाद गौतम (२०६४) द्वारा चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथनात्मक विश्लेषण शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा ह्यालिडे र हडसन (१९७६) को धारणालाई विश्लेषणको आधार बनाइएको छ ।

कृष्णप्रसाद जैसी (२०६४) द्वारा तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य भएको छ । यसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सम्बद्धकको मात्र विश्लेषण गरिएको छ, जुन सङ्कथन विश्लेषणका दृष्टिले त्रुटिपूर्ण छ ।

तारादेवी आचार्य (२०६५) द्वारा कक्षा १० को नेपाली किताबमा रहेका कथाको सङ्कथन विश्लेषण शीर्षकमा सम्पन्न गरिएको छ । प्रस्तुत शोधपत्रमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै कथामा प्रयुक्त सम्बद्धक र सम्बन्धनको विश्लेषण पनि गरिएको छ ।

उर्मिला ढकाल (२०६७) द्वारा मधेसतिर कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सम्बद्धक र सम्बन्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता समेत केलाइएको छ । पूर्ववर्ती शोधपत्रहरू भन्दा तुलनात्मक रूपमा प्रस्तुत शोधपत्र केही सबल देखिन्छ ।

सुरेशकुमार बस्नेत (२०६७) द्वारा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनपरक विश्लेषण शीर्षकमा शोधकार्य भएको छ । प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गर्दै ‘भबिष्य निर्माण र खड्गबहादुर कथाको सम्बद्धक र सम्बन्धनका दृष्टिले उपयुक्तता केलाइएको छ ।

गोकुल पोखेल (सन् २०१२) द्वारा एकान्त कथाको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उनले प्रस्तुत शोधमा सङ्कथनको सैद्धान्तिक चर्चा गर्ने सिलसिलामा सर्वप्रथम आयामका आधारमा सङ्कथनलाई लघु, मध्यम र बृहत् गरी तीन

प्रकारमा वर्गीकरण गरेका छन् । लघुरूप अन्तर्गत आज्ञा, आदेश, निर्देशन, माफी, प्रेरणा, हौसला, बधाइ, प्रशंसा आदिलाई समावेश गरिएको छ । त्यस्तै मध्यम रूप अन्तर्गत लामा गफ, कुराकानी, ठट्टा, जोक, विबाद, भाषण, छलफल, कथाकथन, चिठी, अभिलेख, कविता, कथा, गीत, गजल आदिलाई समावेश गरिएको छ । 'एकान्त कथामा प्रयुक्त सम्बद्धक तथा सम्बन्धनको खोजी गरी त्यसको उपयुक्तता समेत केलाइएको छ ।

पदम भण्डारी (सन् २०१२) द्वारा  केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य समपन्न भएको छ । उनले प्रस्तुत शोधमा सङ्कथनको सैद्धान्तिक चर्चा गर्दै उल्लिखित निबन्धमा प्रयुक्त भएका सम्बद्धक र सम्बन्धनको पहिचान र विश्लेषण गरी यिनीहरू बीचको उपयुक्तता समेत केलाइएको छ ।

चिदानन्द नेपाल (सन् २०१३) द्वारा  हामी पाइताला हौँ : फगत पाइताला निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य समपन्न भएको छ । प्रस्तुत शोधमा सङ्कथनको सैद्धान्तिक चर्चा गर्दै उल्लिखित निबन्धमा प्रयुक्त भएका सम्बद्धक र सम्बन्धनको पहिचान र विश्लेषण गरी यिनीहरू बीचको उपयुक्तता समेत केलाइएको छ ।

विद्यादेवी भण्डारी (सन् २०१७) द्वारा अनिल पौडेको संस्मरणात्मक निबन्ध सङ्ग्रह अतीतको बिस्कुनबाट लिइएको अछूत जातिलाई टीका लगाउँदा शीर्षक निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधकार्य समपन्न भएको छ । प्रस्तुत शोधमा सङ्कथनको सैद्धान्तिक चर्चा गर्दै उल्लिखित निबन्धमा प्रयुक्त भएका सम्बद्धक र सम्बन्धनको पहिचान र विश्लेषण गरी यिनीहरू बीचको उपयुक्तता समेत केलाइएको छ ।

यसरी सङ्कथन विश्लेषणसँग सम्बन्धित अत्यान्तै थौरैमात्र अनुसन्धान र अध्ययनहरू भएकाले प्रस्तुत शोधकार्यले प्रयोगिक भाषविज्ञानको नवीन आयाम मानिएको सङ्कथन विश्लेषणका क्षेत्रमा एक इँटा थप्ने विश्वास गरिएको छ  यहाँ यिनै आधारमा उल्लिखित निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बन्धनको खोजी गरिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

पदम भण्डारी (सन् २०१२) द्वारा  केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा , चिदानन्द नेपाल (सन् २०१३) द्वारा  हामी पाइताला हौँ : फगत पाइताला निबन्धको सङ्कथन विश्लेषण र विद्यादेवी भण्डारी (सन् २०१७) द्वारा अछूत जातिलाई टीका लगाउँदा शीर्षक निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा

गरिएकाशोधलाई आधार मानेर यो शोधकार्य अघि बढाइएको छ । चर्चित सबै शोधमा सैद्धान्तिक अवधारणा प्रस्तुत गरी सम्बद्धक र सम्बन्धनको उपयुक्तता केलाइएको छ तर अघिल्ला दुई आत्मपरक निबन्धहरू र तेस्रो पनि अत्मपरक शैलीकै संस्मरणत्मक निबन्ध भएकाले चर्चित हास्यब्यङ्ग्य निबन्धकार भैरव अर्यालको जय भोलि शीर्षक निबन्धमा प्रयोग भएका सम्बद्धक र सम्बन्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गर्ने प्रयास यस शोधमा गरिएको छ ।

## २.३ सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार

जेलिङ ह्यारिसले सन् १९५२ मा 'सङ्कथन' शब्दको प्रयोग गर्दै हेयर टनिकको विज्ञापनको भाषालाई सङ्कथनपरक विश्लेषण गरेपछि सङ्कथन विश्लेषणको सुरुवात भएको हो ।सङ्कथन विश्लेषणलाई जेलिङ ह्यारिसले Discourse anaisis भनेका छन् ( नेपालः हामी पाइताला हौँः फगत पाइताला निबन्धको सङ्कथन विश्लेषणका:११)

### २.३.१ सङ्कथनको परिचय

वाक्यीय संरचनाभन्दा माथिका विस्तृत भाषिक एकाइलाई सङ्कथन भनिन्छ । वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो पाठसम्म सङ्कथन विस्तारित भएको हुन्छ । सङ्कथनलाई सम्प्रेषणात्मक क्षमता अनिवार्य रूपमा भएको बृस्तृत भाषिक एकाइका रूपमा परिभाषित गर्न सकिन्छ । सङ्कथन भाषको सर्वोच्च एकाइ हो । यो एक वाक्यदेखि अनेक वाक्यसम्म बिस्तारित भएको हुन्छ । सम्प्रेषणात्मक रूपमा सङ्कथनले सिङ्गो र पूर्ण अर्थलाई वहन गर्छ । पूर्णता, अर्थयुक्तता, सम्प्रेषणीयता, अन्विति जस्ता गुणहरू सङ्कथनका विशेषताका रूपमा रहन्छन् । कतिपय विद्वानहरूले सङ्कथनलाई परिणामात्मक रूपमा नभई गुणात्मक रूपमा लिइनुपर्नेमा जोड दिएका छन् । (नेपाल, पूर्ववत् : ८)

सम्+कथनबाट सङ्कथन शब्दको व्युत्पत्ति भएको हो । सङ्कथन शब्द पाश्चात्य प्रायोगिक भाषिक परम्पराको देन हो । पूर्वमा यसको खासै चर्चा नभएकाले व्युत्पत्तिगत विश्लेषण आवश्यक देखिँदेन (पोखेल, सन् २०१२ : ७) । डिस्कोर्स शब्दको प्रथम प्रयोग जेलिङ ह्यारिसद्वारा सन् १९५२ मा भएको तर यसको व्युत्पत्तिगत अर्थ ल्याटिन भाषाको डिस्कर्सससँग रहेको छ । ल्याटिन भाषाको डिस्कर्ससबाट डिस्कोर्स शब्द बनेको हो । डिस्कोर्सको अर्थ 'दौडनु, अघिपछि गर्दै दौडनु वा दौडिरहनु भन्ने हुन्छ । यसरी व्युत्पत्तिगत अर्थ अनुसार सङ्कथनले कुनै बीचमा बोल्नुलाई जनाउँछ (पोखेल, सन् २०१२ : ७) ।

सङ्कथनको विकास डिस्कसर्स हुँदै डिस्कोर्सबाट पाश्चात्य जगत्मा सन् १९५२ देखि भएको हो ।

सङ्कथनमा कथ्य र लेख्य अभिव्यक्तिहरू रहन्छन् । सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको हो । प्रारम्भमा सङ्कथनले सम्भाषण र अन्तर्वार्ताहरूलाई मात्र बुझाउँथ्यो । बिस्तारै लेख्य अभिव्यक्तिहरूलाई पनि बुझाउन थालेको पाइन्छ । हाल आएर लेख्य दुवै प्रकारका अभिव्यक्तिहरूलाई सङ्कथन अन्तर्गत राखेर अध्ययन गरिएको पाइन्छ ।( नेपाल, पूर्ववत् : ८)

यसरी सङ्कथनले वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई जनाउँछ । यस्ता भाषिक एकाइहरू विस्तारित हुन्छन् । सम्बद्धक (भाषिक जोर्नी) र सम्बन्धन (अर्थ) जस्ता युक्तिहरूले परिपूर्ण भएका सार्थक, अर्थपूर्ण र सम्प्रेषणीय भाषिक संरचनालाई सङ्कथन अन्तर्गत राख्न सकिन्छ ।

## २.३.२ सङ्कथनको परिभाषा

सङ्कथनका सम्बन्धमा विभिन्न विद्वानहरूले परिभाषा दिएर प्रस्ट पार्ने प्रयास गरेका छन् । यसै सिलसिलामा पूर्वीय र पाश्चात्य दुवै विद्वान्हरूले दिएका परिभाषामा एकमत भने देखिँदैन । आफ्नै सुझ, दृष्टिकोण र मान्यतामा अडिएर आफ्नो धारणा प्रस्तुत गर्ने प्रयास गरेका छन् । पूर्वीय र पाश्चात्य दुवै विद्वानहरूले दिएका परिभाषालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :(नेपाल, पूर्ववत् : ८)

अधिकारी, हेमाङ्गराज सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ भन्छन् भने भण्डारी , पारसमणि सङ्कथन भन्नाले वाक्यभन्दा ठूलो भाषाको एकाइ भन्ने बुझिन्छ भन्ने अभिमत राख्छन् । नेपाल, चिदानन्दको शोधमा उल्लेख भए अनुसार ढकाल, शान्तिप्रसादसङ्कथन सिङ्गो वा पूर्ण अभिव्यक्ति हो भन्दछन् । यसैगरी उद्बोध पत्रिकामा न्यौपाने , दीपकप्रसाद खास परिवेशमा खास विषय सन्दर्भमा केद्रित पूर्ण भाषिक कथनलाई सङ्कथन भनिन्छ भन्दछन् । सङ्कथन वाक्यभन्दा माथिको खासगरी कथ्य भाषाको निरन्तर फैलावट हो । यो आफैमा पूर्ण र सङ्गठित हुन्छ भन्ने क्रिस्टल, डेविडको मान्यता रहेको नेपाल, चिदानन्दको शोधमा उल्लेख छ । उक्त शोधमा सङ्कथन भनेको भाषिक प्रवाह हो, यसले पाठलाई निश्चित परिणामसम्म पुऱ्याउँछ भन्ने कुक, गाइको कथन र चम्स्कीको सङ्कथन भनेको सम्प्रेषण हो जस्ता परिभाषाहरू राखिएका छन् ।

यसप्रकार उल्लिखित परिभाषाहरूका अनुगमनबाट के निचोड निकाल्न सकिन्छ भने सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । सङ्कथनमा पूर्णता हुन्छ । यसमा निरन्तर भाषिक प्रवाह हुन्छ । त्यसैले सङ्कथन औचित्यपूर्ण र अर्थपूर्ण हुने गर्छ । यो विस्तारित भाषिक एकाइ हो । यो सिङ्गो, अखण्डित र पूर्ण अभिव्यक्ति हो ।

### २.३.३ सङ्कथनका प्रकार

सङ्कथनलाई विभिन्न विद्वानहरूले विभिन्न प्रकारमा वर्गीकरण गरेको पाइन्छ । सामान्य सङ्कथन र विशिष्ट सङ्कथन, कथ्य सङ्कथन र लेख्य सङ्कथन, औपचारिक सङ्कथन र अनौपचारिक सङ्कथन, प्रबन्धात्मक र अन्तर्क्रियात्मक सङ्कथन, प्रयोजनपरकबीच (धार्मिक, अर्थिक, कानुनी, शैक्षिक आदि) सँग सम्बन्धित सङ्कथन आदि । खासगरी यी सबै सङ्कथनका प्रकारलाई कथ्य र लेख्य सङ्कथनमा समेट्न सकिने हुनाले सोही अनुरूप उल्लेख गरिएको छ । (नेपाल, पूर्ववत् : ८)

#### क.कथ्य सङ्कथन

वक्ता र श्रोताका प्रत्यक्ष संलग्नतामा सम्प्रषण गरिने मौखिक अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन कथ्य सङ्कथन हो । यसमा वक्ता र श्रोता प्रत्यक्ष रूपमा आमनेसामने भई संलग्न हुन्छन् । कुनै बेला वक्ताश्रोता हुन्छ, श्रोता वक्ता हुन्छन् अर्थात्वक्ता र श्रोताको भूमिका परिवर्त्य किसिमको हुन्छ । कथ्य सङ्कथनभित्र गफ, कुराकानी, छलफल, वार्ता, विवाद, भाषण, कथाकथन आदि जस्ता क्रियाकलाप पर्दछन् । सङ्कथनको सुरुवात नै कथ्य सङ्कथनबाट भएको हो । कथ्य सङ्कथन अन्तर्गतका संवाद र वार्तालापबाट सङ्कथनको सुरुवात भई क्रमशः लिखित अभिव्यक्तितर्फ अगाडि बढेको हो । कथ्य सङ्कथन अनौपचरिक किसिमको हुने गर्छ । यसमा विभिन्न प्रकारका भाषेतर सङ्केतहरू जस्तै हाउभाउ, अङ्ग सञ्चालन जस्ता क्रियाकलापहरू साथै थेगो, निपात आदि जस्ता भाषिक सङ्केतहरूको प्रयोग हुन्छ । कथ्य सङ्कथनले मौखिक भाषासँग सम्बन्धित कथन कथन घटनाहरूलाई जनाउँछ (अधिकारी, २०६७ : २५१) । कथ्य सङ्कथनमा अव्याकरणिक वाक्यको समेत प्रयोग गर्न सकिन्छ । कथ्य पाठमा विशेषतः कथनका घटनाहरू गफ, कुराकानी, गाली गलौज, ठट्यौली, वादविवाद, भाषण जस्ता छोटा चुड्का मौखिक अभिव्यक्तिहरू हुने गर्छन् (भण्डारी र अन्य, २०६८ : १६) । यसरी कथ्य सङ्कथनले मौखिक अनौपचारिक अभिव्यक्तिलाई जनाउँछ ।

**ख. लेख्य सङ्कथन**

लेखक र पाठकसँग सम्बन्धित हुने लिखित अभिव्यक्तिगत सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ । यो पूर्णतः भाषिक सामग्रीमा आधारित हुन्छ । यस्ता सामग्रीहरू चिठी, रसिद, बिज्ञापन, लेखरचना आदि हुन् । यो औपचारिक किसिमको हुन्छ । लेखक र पाठकको यहाँ प्रत्यक्ष उपस्थिति हुँदैन । कथ्यको सङ्कथनमा जस्तो यसमा भूमिका अन्तःपरिवर्त्य हुँदैन । यसमा लेखक र पाठकका बीचमा दूरी रहन्छ । यसमा गल्तीहरू सुधार्ने अवसर हुँदैन । कथ्य सङ्कथनका तुलनामा यो बढी कठोर हुन्छ । लेख्य सङ्कथन कथ्यभन्दा बढी विशिष्ट, औपचारिक र जटिल बन्न जान्छ (अधिकारी, २०५७ : २५२) । यसमा भाषिकेतर तत्त्वहरूको उपयोग नभई पूर्णतया भाषिक तत्त्वमा निर्भर रहन्छ । यसमा लेखकको मौलिकता, चिन्तनशीलता, बौद्धिकता, भाषिक सामर्थ्य, सिर्जनात्मकता जस्ता कुराहरू टड्कारो रूपमा रहन्छन् (पोखेल, पूर्ववत् :१२) । वर्तमान समयमा मूल सूचनाका हस्तान्तरण गर्नका लागि कथ्य र लेख्य जस्ता कुराहरू आउँछन्  तर कथ्यले मूल सूचनाको हस्तान्तरण औपचारिक रूपमा गर्न नसक्ने हुनाले लेख्य सङ्कथनकै आवश्यकता पर्दछ । लेख्य सङ्कथन मानक, स्तरीय, व्याकरणिक दृष्टिले उपयुक्त र औपचारिक हुने गर्छ । कथ्य सङ्कथन सामान्य मानिसले पनि बुझ्छ भने लेख्य सङ्कथन बुझ्न पठित पाठक आवश्यक पर्छ ।

## २.३.४ सङ्कथनका युक्तिहरू

डी बउग्राण्डे र ड्रेसेलर (De Beaugrande and Dressler: 1981) लेसङ्कथनका लागि सात प्रकारका युक्तिहरू रहने कुरा अघि सारेको पाइन्छ । ती हुन् : सम्बद्धक, सम्बन्धन, अभिप्रयमुलकता, ग्रह्यता, सूचनामुलकता, परिस्थितिमूलकता र पाठात्मक अन्तर्सम्बद्धता/पठान्तरता । (पौडेल, पूर्ववत् : २३) उपर्यक्त पछिल्ला पाँच वटा युक्तिभन्दा अगिल्ला सम्बद्धक र सम्बन्धन दुई युक्तिहरू सङ्कथनमा अभिव्यक्त मानवीय अनुभवहरूलाई भाषाको उपयुक्त एकाइमा उन्ने वा अन्वितिपूर्ण बनाउने काममा निक्कै महत्त्वपूर्ण मानिन्छन् । (पौडेल, पूर्ववत् : २५)

### २.३.४.१ सम्बद्धक

पाठलाई पूर्ण बनाउने क्रममा आवश्यक पर्ने बाह्य तत्त्वलाई सम्बद्धक भनिन्छ । यसलाई अङ्ग्रेजीमा कोहेजन भनिन्छ । यो रूप पक्षसँग सम्बन्धित हुन्छ । यसलाई भाषिक जोर्नी वा जोडकका रूपमा समेत लिन सकिन्छ । यस्ले कुनै पनि वाक्यीय संरचनालाई उपयुक्त भाषिक शृङ्खलाहरूमा उन्दै क्रमशः माथिल्ला एकाइहरू निर्माण गर्न सहयोग

पुऱ्याउँछ । यसले वाक्यमा भाषिक एकाइलाई आपसमा जोड्ने, सङ्गठित बनाउने, अभिव्यक्तिलाई व्यवस्थित गराउने, उपयुक्त भाषिक क्रममा भन्ने जस्ता कार्यहरू गर्छ । यो एक प्रकारको भाषिक अन्वयक हो । हेमाङ्गराज अधिकारीले सम्बद्धकका बारेमा उल्लेख गर्दै वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूका बीच  अन्तःसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तत्त्वलाई सङ्कथन भनेका छन् (२०६७ :२५४) । त्यस्तै पारसमणि भण्डारी र अन्यले सम्बद्धकका बारेमा उल्लेख गर्दै भाषिक एकाइहरूको समन्वयकर्ता भएकाले सङ्कथनभित्रका औपचारिक सम्बन्धहरू, विभिन्न प्रकारका अन्तर वाक्यहरू, उपवाक्य आदिका सम्बन्धलाई जोड्ने कार्य सम्बद्धकले गर्छ भनी प्रस्ट पारेका छन् (२०६८ : १९) ।

यसरी सम्बद्धकका बिभिन्न प्रकारहरू देखा परेका छन् । सार्वनामिक स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन, लोप आदि सम्बद्धकका प्रकारहरू रहेका छन् । यिनीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) सार्वनामिक सम्बद्धक**

सर्वनामसँग सम्बन्धित सम्बद्धकलाई सार्वनामिक सम्बद्धक भनिन्छ । यसले सङ्कथनमा वैचारिक विस्तारको शृङ्खला मिलाउन सहयोग गर्छ । नामिक पदका सट्टामा सार्वनामिक सम्बद्धकहरू प्रयोग गरिन्छन् । सार्वनामिक सम्बद्धकले नामको वा भाषिक घटकको अनावश्यक पुनरावृत्ति हुनबाट जोगाउँछ । सार्वनामिक सम्बद्धक कहिले अग्रसन्दर्भक त कहिले पश्च सन्दर्भकका रूपमा पाठमा प्रयुक्त हन्छ । सार्वनामिक सम्बद्धकहरू पुरुषवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, अनिश्चयवाचक, पारस्परिक आदि हुने गर्दछन् ।

**(ख) स्थानिक सम्बद्धक**

सङ्कथनमा स्थान र परिवेशलाई बुझाउने सम्बद्धक नै स्थानिक सम्बद्धक हो । यसले कहाँ र कताको हो भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । यहाँ, त्यहाँ, कहाँ, कता, तल, माथि, भित्र, बाहिर, पोखरा, काठमाडौं आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

**(ग) कालिक सम्बद्धक**

पाठमा कुनै पनि घटना, क्रियाव्यापार वा कार्यका कालावधिलाई जनाउने सम्बद्धक नै कालिक सम्बद्धक हो । यो समयसँग सम्बन्धित हुन्छ । खास गरी यसमा समयसँग

सम्बन्धित नामयोगी र क्रियायोगीहरू पर्दछन् । हिजो, आज, कहिले, अस्ति, पोहोर, दशैं, बिहान, बेलुका आदि जस्ता नामयोगी र क्रियायोगीहरू कालिक सम्बद्धक अन्तर्गत पर्छन् ।

**(घ) संयोजक**

कुनै पनि भाषिक संरचनामा आएका दुई वा सोभन्दा वढी शब्द, पद, पदावली, उपवाक्य तथा वाक्यलाई जोड्ने भाषिक संरचनालाई संयोजक भनिन्छ । यसलाई भाषिक जोडक वा जोर्नी पनि भनिन्छ । यसले भाषिक एकाइलाई परस्परमा जोड्ने काम गर्छ । संयोजकलाई बनोटका आधारमा सरल र जटिल, प्रकृतिका आधारमा समपदिक र विषमपदिक गरी छुट्याउन सकिन्छ । र, अनि, पनि, तापनि, किनभने, नत्र, यसकारण, किन्तु, अर्थात्, एवम्, जसबाट आदि संयोजक हुन् ।

**(ङ) प्रतिस्थापन**

सङ्कथनमा पहिलो वा अगिल्लो वाक्यमा प्रयुक्त पद, पदावली वा उपवाक्यकै प्रयोग गर्नुलाई प्रतिस्थापन भनिन्छ । यसले पनि सङ्कथनमा सम्बद्धकको काम गरेको हुन्छ । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउँछ, अनावश्यक पुनरावृत्तिलाई हटाउँछ, लामा पदावली र जटिल वाक्यलाई सरल पदले काम चलाउन सहयोग पुऱ्याउँछ । प्रतिस्थापन अन्तर्गत नामिक प्रतिस्थापन, क्रियाको प्रतिस्थापन, उपवाक्यको प्रतिस्थापन र वाक्यको प्रतिस्थापन पर्छन् ।

**(च) लोप**

सङ्कथनमा कतिपय सन्दर्भहरू लोप गरिन्छन् । बोद्धाले विभिन्न पृष्ठभूमिका आधारमा यस्ता लोपलाई पछ्याउने गर्छ । अघिल्लो वाक्यमा भनिएका कुराहरू पछिल्ला वाक्यमा नभनिए पनि सम्प्रेषणमा बाधा उत्पन्न हुँदैन । लोपले कतिपय अवस्थामा अभिव्यक्तिलाई सुगठित बनाउन पनि सहयोग पुऱ्याएको हुन्छ । यस्ता लोप नामिक, क्रियापदगत, उपवाक्यगत, संयोजक, आंशिक र पूर्णलोप हुन सक्छन् (भण्डारी सन्२०१२ : २२) । यसरी लोपले पाठमा सम्बद्धकको भूमिका निर्वाह गर्छन् ।

**(छ) निपात**

आफ्नो स्वतन्त्र अर्थ नहुने तर वाक्यलाई वा भाषिक संरचनालाई सुगठित र चमत्कृत बनाउने भाषिक एकाइ निपात हो । नै, मात्र, लौ, केवल, चाहिँ, पनि, ल, है, नि,

पो, त, कि, रे, क्यारे, ब्यारे, हगि, खै, लौ, हो आदि निपात हुन् । यिनीहरू वाक्यीय संरचनाका अग्र, मध्य, र अन्त्यमा आएर भाषिक जोर्नीको भूमिका निर्वाह गर्छन् ।

**(ज) पर्यायवाची**

अर्थगत समानता तर संरचनागत भिन्नता रहेका भाषिक एकाइलाई पर्यायवाची शब्द भनिन्छ । यिनीहरूले सङ्कथनमा वैचारिक शृङ्खला निर्माणमा सहयोग पुऱ्याउँछन् । यस्ता पर्यायवाची शब्द पनि पूर्ण रूपमा पर्याय र आंशिक रूपमा पर्याय गरी दुई प्रकारका छन् । यस्ता पर्यायवाची शब्दहरूलाई भाषिकागत पर्याय, सन्दर्भगत पर्याय, स्रोतगत पर्याय र शैलीगत पर्याय गरी विभिन्न भेदमा उल्लेख गर्न सकिन्छ ।

**(झ) विपरीतार्थी**

कुनै शब्दको विपरीत वा उल्टो अर्थ दिने भाषिक एकाइलाई विपरीतार्थी शब्द भनिन्छ । यस्ता शब्दहरू संरचनागत रूपमा नै भिन्न भिन्न हुन्छन् । यस्ता विपरीतार्थी शब्दलाई श्रेणीबद्ध, परिपूरक, विरुद्धार्थक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

**(ञ) समावेशात्मकता**

विभिन्न शब्द, पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु नै समावेशात्मकता हो । यसमा  समावेशक र समावेशित गरी दुईवटा गुणहरू हुन्छन् । जुन शब्दमा अन्य शब्दहरू समावेश हुन्छन्, त्यसलाई समावेशक र जुन शब्दहरू त्यसमा समावेश भएका छन् त्यसलाई समावेशित शब्द भनिन्छ ।  'मान्छे  शब्दभित्र स्त्री र पुरुष समावेश हुने भएकाले मान्छे समावेशक हो भने स्त्री र पुरुष समावेशित हुन् ।

**(ट) सन्निधान**

सन्निधानलाई सहप्रयोग पनि भनिन्छ । यसको अर्थ सँगै राख्नु भन्ने हुन्छ । कुनै शब्दहरू खास कुनै शब्दसँग मात्र प्रयुक्त हुन्छन्, जुन पायो त्यही शब्दसँग नमिल्ने हुन्छन् । जुन शब्दहरू खास शब्दसँग मिल्छन् त्यसलाई सन्निधान भनिन्छ भने नमिल्ने शब्दहरू जबर्जस्त अन्य शब्दसँग शब्दसँग राखिएमा त्यो चिद्वैषम्य हुन्छ ।

## २.३.४.२ सम्बन्धन

सम्बन्धन सङ्कथनको आन्तरिक पक्ष हो । यसमा अर्थ र वैचारिक अन्तःसूत्रको निरन्तरता रहन्छ । यसले पाठमा अन्तर्निहित भाव वा विषयलाई परस्पर शृङ्खलित र

अन्वितिपूर्ण बनाई सम्प्रेषणीय बनाउँछ । यसले पाठको आर्थी  सङ्घटनालाई जनाउँछ । सामान्य अर्थमा सम्बन्धनले अभिव्यक्तिको वैचारिक सिलसिलालाई जनाउँछ । कुनै पनि वर्णन तथा विवरणमा खास किसिमको अनुक्रम अपेक्षित हुन्छ । स्वभाविक रूपमा शृङ्खला मिलेर आएको अभिव्यक्तिमा निहित विषयबस्तुको बोध गर्न बोद्धालाई असजिलो हुँदैन तर क्रमभङ्ग भई प्रस्तुत भएमा चाहिँ त्यसको वैचारिक अन्तःसूत्र खलबलिन जान्छ । वस्तुतः सम्बन्धनले वक्ता, परिवेश र बोद्धाका बीच अन्तःसूत्रको काम गर्छ । अभिव्यक्तिमा प्रयुक्त वाक्यहरूमा अगिल्लामा प्रयुक्त व्यक्त विषयबस्तु तथा बीचारले पछिल्लालाई निर्देशित तथा सङ्केतित गर्दै लगेको हुनुपर्छ । यिनमा एक अर्कामा वैचारिक निरन्तरताका सूत्रको काम गर्छ । अभिव्यक्तिमा प्रयुक्त वाक्यहरूमा अगिल्लामा व्यक्त विषयवस्तु तथा बीचारले पछिल्लालाई निर्देशित तथा तथा सङ्केतित गर्दै लगेको हुनुपर्छ । यिनमा एक अर्कामा वैचारिक निरन्तरताको सूत्र स्थानिक, कालिक, तार्किक, सामान्य- विशेष वा विशेष सामान्य आदि आधारमा स्थापित भएमा मात्र बोद्धा वा पाठकलाई त्यसको विषयवस्तु बुझ्न सुगम हुन्छ (अधिकारी, पूर्ववत् : २५४/५५) । उदाहरणका लागि तलका संवादमा अनुक्रम मिलेको देख्न सकिन्छ :

प्रश्न-सधैंभरि कार्यक्रमहरूमै व्यस्त देखिनुहुन्छ, कतिबेला लेख्नुहुन्छ ?

उत्तर- म त बाहिर हुँदा नै लेख्ने हुँ । एक्लै हुँदा नै हो चिन्तन गर्ने । घरमा आएपछि लेख्ने वातावरण छैन । जति लेखेँ घर बाहिर नै लेखेँ ।

प्रश्न- एक्लै बस्नुपर्दा अप्ठेरो हुँदैन ?

उत्तर- अप्ठ्यारो पनि छ । चिया, तातोपानी दिने कोही हुँदैनन् । मलाई ग्याँस चलाउन पनि आउँदैन । (सडकदेखि शिखरतिर : ८) ।

उक्त संवादहरूमा एक अर्काबीच बीचारको तर्कसङ्गत अन्विति र विस्तार हुँदै गएको फेला पर्छ । त्यसैले यिनमा व्यक्त विषयवस्तु बुझ्न कठिनाइ पर्दैन  तर कतिपय कथन यस्ता हुन्छन् तिनीहरूमा अनुक्रम फेला पर्दैन जस्तै :

म जान्दछु र पो यो कुरा बताउँछु त? पर्दैनज्यू, तपाइँ जस्तो चार सौ बीस । म ४२० ?तपाइँ, जसराज र त्यो दारे तीनै जना चार सौ बीस । जम्मा १२६० (आज रमिता छ : ६०) ।

माथिको संवादगत कथनमा वैचारिक अन्तःसूत्रको निरन्तरता छैन । संवादमा विसङ्गति देखिन्छ । यी संवाद निरर्थक जस्तै छन् । यसमा सम्बन्धनको अभाव मान्न सकिन्छ तर यसको पृष्ठभूमि र परिवेशलाई बुझ्ने हो भने अर्थहरू पहिल्याउन भने सकिन्छ ।

यस प्रकार सङ्कथन भाषाबाट मात्र नभएर प्रस्तोता र बोद्धाको विभिन्न परिवेशगत पृष्ठभूमिबाट पनि प्रभावित र निर्देशित हुने गर्छ । त्यसैले पाठको अन्तःसूत्र पहिल्याउन त्यसको सन्दभार्थ, निहितार्थ, प्रसङ्गार्थ तथा अन्य प्रभावक तत्त्वका बारेमा समेत बुझ्नु पर्छ । त्यस्तै पाठकलाई बुझाउन र बुझ्न प्रस्तोता र बोद्धाको पूर्व अनुभव, ज्ञान, परिवेशका बारेमा पनि जानकार हुनुपर्छ । सम्बन्धनले सङ्कथनलाई अर्थको विशृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँछ (भण्डारी, पूर्ववत् : २५) ।

सम्बन्धनका प्रकारहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(क) सामान्य विशिष्ट सम्बन्ध**

पाठमा अघिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएका अवस्थालाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ ।

**(ख) विशिष्ट सामान्य सम्बन्ध**

पाठमा प्रयुक्त अगिल्लो वाक्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी वाक्यका बीचका सम्बन्धलाई विशिष्ट सम्बन्ध भनिन्छ ।

**(ग) कार्यकारण सम्बन्ध**

पाठमा प्रयुक्त अगिल्लो वाक्य कार्य स्वरूप र पछिल्लो वाक्य कारण स्वरूप आएमा यी वाक्यका बीचका सम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ ।

**(घ) कारण कार्य सम्बन्ध**

पाठमा प्रयुक्त अगिल्लो वाक्य कारण स्वरूप र पछिल्लो वाक्य कार्य स्वरूप भएमा यी वाक्यका बीचका सम्बन्धलाई कारण कार्य सम्बन्ध भनिन्छ ।

**(ङ) प्रभाव र प्रतिफलको सम्बन्ध**

अघिल्ला वाक्यको प्रभावमा रहेर त्यसको प्रतिफल स्वरूप पछिल्लो वाक्य आएमा त्यहाँ प्रभाव र प्रतिफलको सम्बन्ध भएको मानिन्छ ।

**(च) तुलनात्मक सम्बन्ध**

पाठमा प्रयुक्त भएका वाक्यहरूका कुनै वस्तुका समानता, असमानता, उपयोगिता, अनुपयोगिता आदिको चर्चा गरिएमा ती वाक्यका बीचका सम्बन्धलाई तुलनात्मक सम्बन्ध भनिन्छ ।

**(छ) अप्रत्यक्ष सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यहरूका बीचमा सम्बन्ध नरहे जस्तो लागे पनि कुनै न कुनै रूपमा वा परोक्ष रूपमा ती वाक्यहरू आपसी सम्बन्ध छ भने ती वाक्यका बीचको सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ ।

**(ज) आर्थी पर्यायको सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यहरूका बीचमा संरचनागत पर्याय नभए तापनि अर्थगत रूपमा समानता छ भने ती वाक्यका बीचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध भनिन्छ ।

**(झ) आर्थी विपर्यायको सम्बन्ध**

यो आर्थी पर्यायको विपरीत हुन्छ । यसलाई विपरीतबोधक सम्बन्ध पनि भनिन्छ । पाठमा रहेका वाक्यहरूमा परस्पर विपरीत जनाउने सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ ।

**(ञ) स्पष्टोक्ति सम्बन्ध**

पाठमा प्रयुक्त दुई वाक्यमध्ये अगिल्लो वाक्यको खोलुवा वा स्पष्टीकरण दिन पछिल्लो वाक्य आएमा यी वाक्यहरू बीचका सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ ।

**(ट) परिवेश र घटनाको सम्बन्ध**

पाठमा आएको अगिल्लो वाक्यमा परिवेश र पछिल्ला वाक्यमा घटना सन्दर्भ आएमा यी वाक्यका बीचका सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध भनिन्छ ।

**(ठ) घटना र परिवेशको सम्बन्ध**

पाठमा आएको अगिल्ला वाक्यमा घटना र पछिल्लो वाक्यमा परिवेशको सन्दर्भ आएमा यी वाक्यका बीचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध भनिन्छ ।

### (ड) प्रयोजनको सम्बन्ध

प्रयोजनको अर्थ उद्देश्य वा तात्पर्य हो । यसलाई हेतु वा तात्पर्यको सम्बन्ध पनि भनिन्छ । पाठमा प्रयुक्त वाक्यहरूमध्ये एउटा वाक्यमा कार्यव्यापार देखाएपछि अर्को वाक्यमा त्यसो हुनुको प्रयोजन पनि आएमा यी वाक्यका बीचको सम्बन्धलाई प्रयोजनको सम्बन्ध भनिन्छ ।

### (ढ) अनुमानको सम्बन्ध

पाठमा प्रयुक्त वाक्यहरूमध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्ला वाक्यमा आकलन वा अनुमान प्रकट गरिएमा यी वाक्यका सम्बन्धलाई अनुमानको सम्बन्ध भनिन्छ ।

### (ण) परिचयात्मक सम्बन्ध

पाठमा प्रयुक्त दुई वाक्यमध्ये अगिल्ला वाक्यमा कुनै कुराको परिचय तथा दोस्रोमा त्यसका विशेषताहरूको वर्णन गरिएमा ती वाक्यहरूका बीचमा परिचयात्मक सम्बन्ध रहेको हुन्छ ।

### (त) समुच्चताबोधक सम्बन्ध

पाठमा प्रयुक्त भएका वाक्यहरू समानान्तर अस्तित्वमा रही संयुक्त रूपमा विषयको बोध गराएमा ती वाक्यका बीचको सम्बन्धलाई समुच्चताबोधक सम्बन्ध भनिन्छ ।

### (थ) निहितार्थ सम्बन्ध

पाठमा प्रयुक्त भएका वाक्यहरूका बीचमा परस्पर सम्बन्ध भएमा वा अगिल्ला वाक्यको सम्बन्ध वा अर्थ पछिल्ला वाक्यमा र पछिल्ला वाक्यको सम्बन्ध वा अर्थ अगिल्लो वाक्यमा रहेमा यी वाक्यमा बीचका सम्बन्धलाई निहितार्थ सम्बन्ध भनिन्छ ।

### (द) पुनरुक्ति सम्बन्ध

पाठमा प्रयुक्त भएका वाक्यहरूमध्ये कुनै एक वाक्यका वाक्यीय घटकहरू अर्को वाक्यमा पनि दोहोरिएर समान अर्थ बुझाएमा ती वाक्यका बीचको सम्बन्धलाई पुनरुक्ति सम्बन्ध भनिन्छ । यसले अर्थलाई स्पष्ट पार्न सहयोग पुऱ्याउँछ ।

**(ध) रीतिबोधक सम्बन्ध**

रीतिले प्रस्तुतिगत पद्धति वा शैलीलाई द्योतन गर्छ । पाठमा प्रयुक्त वाक्यहरूमध्ये पहिलो वाक्यमा व्यक्त आशयको तरिका वा शैली दोस्रो वाक्यले बुझाएमा ती वाक्यका बीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध भनिन्छ ।

**(न) शीघ्रताबोधक सम्बन्ध**

दुई वाक्यमा व्यक्त कार्यका बीचमा अग्र र पश्च क्रमिकता भए पनि कार्य चाहिँ सँगसगै भएमा ती वाक्यका बीचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध भनिन्छ ।

**(प) स्मरणको सम्बन्ध**

पाठमा प्रयुक्त दुई वाक्यमध्ये एउटामा वर्तमानको सन्दर्भ र अर्कोमा अतीतको सम्बन्ध भएमा ती वाक्यका बीच स्मरणको सम्बन्ध स्थापित हुन्छ ।

**(फ) अनुक्रमबोधक सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यहरूका बीचमा कुनै पनि कार्यव्यापारको तार्किक अनुक्रम देखाइएको छ भने ती वाक्यका बीचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ ।

**(ब) प्रश्नोत्तर सम्बन्ध**

पाठमा प्रयुक्त दुई वाक्यमध्ये अगिल्लो र पछिल्लो वाक्यका बीचमा प्रश्न र उत्तरको क्रम रहेमा ती वाक्यका बीचका सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

**(भ) प्रश्नार्थक सम्बन्ध**

पाठमा प्रयुक्त वाक्यहरू मध्ये अगिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रूपमा आएका छन् भने ती वाक्यका बीचमा प्रश्नार्थक सम्बन्ध रहने गर्छ ।

**(म) आज्ञार्थ सम्बन्ध**

पाठमा प्रयुक्त दुई वाक्यहरू मध्ये अगिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले अनुरोध वा आज्ञा बुझाउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध भनिन्छ ।

(य) **युगपद्बोधक सम्बन्ध**

पाठमा प्रयुक्त दुई वाक्यका बीचमा भएका घटनाहरू एकैपटक भएको बुझिएमा ती वाक्यका बीचमा युगपद्बोधक सम्बन्ध रहन्छ ।

## २.३.५ सङ्कथन विश्लेषण र यसको सैद्धान्तिक अवधारणा

जेलिङ ह्यारिसले सन् १९९२ मा 'सङ्कथन शब्दको प्रयोग गर्दै हेयर टनिकको विज्ञापनको भाषालाई सङ्कथनपरक विश्लेषण गरेपछि सङ्कथन विश्लेषणको सुरुवात भएको हो (पोखेल, पूर्ववत् १४) । सङ्कथन विश्लेषणलाई जेलिङ ह्यारिसले डिस्कोर्स एनालिसिस भनेका छन् । यससँगै विभिन्न भाषावैज्ञानिकहरूले सङ्कथन विश्लेषणतर्फ चासो देखाएका छन् । कुनैपनि लिखित पूर्ण अभिव्यक्तिलाई र कथ्य अभिव्यक्तिलाई सङ्कथनका युक्तिहरू (सम्बद्धक र सम्बन्धन) का आधारमा विभिन्न पद्धतिहरूको उपयोग गरी सङ्कथन विश्लेषण गरिन्छ । सङ्कथन विश्लेषणका क्षेत्रमा ऊर्ध्वगमनात्मक, अधोगमनात्मक र मिश्रित पद्धतिहरूको अवलम्बन गरेर पाठमा प्रयुक्त भएका भाषिक जोर्नी र अर्थसूत्रलाई केलाइन्छ । यसरी भाषिक जोर्नी र अर्थसूत्रलाई केलाएर तिनीहरूका बीचको उपयुक्तता छुट्याउनु सङ्कथन विश्लेषण हो ।

सङ्कथन विश्लेषणले वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरू क्रमशः अनुच्छेद, परिच्छेद र पाठहरूको विश्लेषण गर्छ । प्रारम्भमा यसले कथ्य सङ्कथनलाई मात्र समेटेको थियो । पछि गएर यसले कथ्य र लेख्य दुवै अभिव्यक्तिलाई समेटेको पाइन्छ । त्यसैले हाल आएर सङ्कथन विश्लेषणले कथ्य र लेख्य दुवै पाठको विश्लेषणलाई जनाउँछ । यसरी सङ्कथन विश्लेषणले वाक्य र वाक्यभन्दा माथि रहेर सिङ्गो पाठलाई पूर्ण संरचना मान्दै सङ्कथनभित्र रहने संरचक घटकहरूको बाह्य तथा आन्तरिक एकान्विति, सान्दर्भिकता र अर्थपूर्णताको खोजी गर्दछ । सङ्कथन विश्लेषणले संरचनागत उपयुक्तताको मात्र विश्लेषण नगरी भाषिक घटकका रूपमा आउने जुनसुकै र जस्तोसुकै अभिव्यक्तिको पनि अध्ययन गर्नसक्छ (भण्डारी र अन्य, २०६९ :१४) । यसरी सङ्कथन विश्लेषणले वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको नियम र सीमाको खोजी गर्छ (अधिकारी, २०५७ :२५५-५६) । सङ्कथन विश्लेषणको सैद्धान्तिक मान्यतालाई पदम भण्डारी (सन् २०१२ : १२) ले निम्नानुसार उल्लेख गरेका छन् :

- सङ्कथन विश्लेषणमा वाक्यभन्दा मथिको भाषिक एकाइको अध्ययन गरिन्छ ।

- सङ्कथन विश्लेषणका क्रममा कथ्य र लेख्य माध्यमबाट सामग्रीको सङ्कलन गरिन्छ ।
- सङ्कथन विश्लेषणका क्रममा भषिक जोर्नीहरूको अन्विति उपयुक्तता केलाउन सम्बद्धकको विश्लेषण सकिन्छ ।
- सङ्कथन विश्लेषणका क्रममा वैचारिक अन्तःसूत्रको निरन्तरता पत्ता लगाउन सम्बन्धनको अध्ययन गरिन्छ ।
- सङ्कथन विश्लेषणका क्रममा भाषातत्त्व र व्याकरणको मात्र विश्लेषण नगरी प्रस्तोता र वक्ताको सामाजिक, सांस्कृतिक परिवेशगत आदि पृष्ठभूमिको पनि अध्ययन गरिन्छ ।

यिनै सैद्धान्तिक अवधारणका आधारमा सङ्कथन विश्लेषण गर्न सकिन्छ ।

## २.३.६ सङ्कथन विश्लेषणका परिभाषाहरू

सङ्कथन विश्लेषणलाई प्रस्ट्याउन बिभिन्न विद्वान्हरूले दिएका विभिन्न परिभाषाहरूलाई चिदानन्द नेपाल (सन् २०१३) ले आफ्नो शोधपत्रमा निम्नानुसार उल्लेख गरेका छन् :

- सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो । -हेमाङ्गराज अधिकारी
- सङ्कथन संरचनाको ब्याख्या तथा विश्लेषण गर्ने कुरालाई सङ्कथन विश्लेषण भनिन्छ । पारसमणि भण्डारी र अन्य
- सङ्कथन विश्लेषण भनेको भाषाको प्रकार्यात्मक पक्षको अध्ययन हो । गोविन्दराज भट्टराई
- सङ्कथन विश्लेषणले भाषिक प्रकार्यात्मक विश्लेषणलाई बुझाउँछ । - डेबिड नुनान
- भाषाको प्रयोगगतविश्लेषण सङ्कथन विश्लेषणमा हुने गर्छ । -ब्राउन र उल
- वाक्यीय संरचनाभन्दा माथिको अभिच्छिन्न भाषिक विस्तारको अध्ययन सङ्कथन विश्लेषणमा हुने गर्छ । -डेबिट क्रिस्टल

उल्लेखित बिभिन्न बिदेशी र नेपाली विद्वान्हरूका परिभाषाबाट के निष्कर्षमा पुग्न सकिन्छ भने सङ्कथन विश्लेषण भनेको कुनै पनि अर्थपूर्ण, अन्वितिपूर्ण, सम्प्रेषणीय पाठको भाषिक र अर्थगत विश्लेषण हो ।

### २.३.७ सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू

पाठको विश्लेषण गर्दा कसरी सुरु गर्ने, कसरी अघि बढ्ने भन्ने सिद्धान्त नै सङ्कथन विश्लेषणको पद्धति हो । सङ्कथन विश्लेषणका क्रममा भाषिक र अर्थगत संरचनाको खोजी गर्नुपर्ने हुन्छ । यसरी भाषिक र अर्थगत एकाइको खोजी गर्ने क्रममा वाक्य हुँदै पाठतिर जाने, पाठ हुँदै वाक्यतिर जाने वा जहाँ आवश्यक पर्छ त्यहीँबाट विश्लेषण गर्ने भन्ने सिद्धान्त वा पद्धतिहरू विकसित भएका छन् । चिदानन्द नेपाल(सन् २०१३) ले आफ्नो शोधपत्रमा हालसम्म विकसित भएका पद्धतिहरूलाई निम्नानुसार उल्लेख गर्न गरेका छन् :


### २.३.७.१ ऊर्ध्वगमन पद्धति

कुनैपनि सङ्कथन विश्लेषणका क्रममा वाक्य हुँदै पाठतर्फ जाने अध्ययन पद्धतिलाई उर्ध्वगमन पद्धति भनिन्छ । तलबाट माथितिर जाने भएकाले यसलाई ऊर्ध्वगमन भनिएको हो । तल भन्नाले वाक्य र माथि भन्नाले पाठलाई बुझाउँछ । त्यसैले वाक्य हुँदै पाठसम्मको विश्लेषण यसमा हुने गर्छ । यस पद्धतिलाई बिशिष्ट (वाक्य) बाट सामान्य (पाठ) तिरको पद्धति पनि भनिन्छ । यसमा सर्वप्रथम सबैभन्दा साना एकाइको पहिचान गरिन्छ । त्यसपछिमाथिल्ला एकाइहरूको पहिचान र विश्लेषण गरिन्छ । यस पद्धतिको विकास क्याम्बोर्न, नुनान र गाइ कुकले गरेका हुन् । (नेपाल, पूर्ववत् :१४ )

### २.३.७.२ अधोगमन पद्धति

अधोगमन पद्धतिमा पाठ हुँदै क्रमशः साना भाषिक एकाइहरूको अध्ययन गरिन्छ । यो ऊर्ध्वगमन पद्धतिको विपरीत हुन्छ । यसमा माथिल्ला भषिक एकाइबाट क्रमशः तल्ला भाषिक एकाइतर्फ अध्ययन केन्द्रित गरिन्छ । यस पद्धतिमा सर्वप्रथम ठूला भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः साना भाषिक एकाइतर्फ अध्ययनलाई अघि बडाइन्छ । यसलाई माथिबाट तलतिरको अध्ययन पनि भन्छि । यसलाई सामान्यबाट विशिष्टतिरको अध्ययन पद्धति पनि भनिन्छ । यसलाई सामान्यबाट विशिष्टतिरको अध्ययन पद्धतिका रूपमा पनि चिनाउन सकिन्छ । यस पद्धतिको विकास पनि डेबिड नुनान, क्यम्बोर्न

र गाइ कुकले गरेका हुन् । ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिलाई निम्नानुसार देखाउन सकिन्छ (नेपाल, पूर्ववत् : १५) :




### २.३.७.३ मिश्रित पद्धति

ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका कतिपय कमीकमजोरीका कारण पाठको विश्लेषणका क्रममा समस्या आएपछि रसियन भाषाशास्त्री स्टानोभिचले सन् १९८० तिर यस पद्धतिको विकास गरेका हुन् । यसलाई सङ्कथन विश्लेषणका क्रममा तेस्रो पद्धति वा अन्तर्क्रियात्मक पद्धति पनि भनिन्छ । यसमा ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका अतिवादी मान्यतालाई परिष्कार गरिएको छ । त्यसैले यसलाई मिश्रित पद्धति भनिएको हो । यसले आवश्यकताअनुसार पाठको विश्लेषण जुनसुकै एकाइबाट गर्छ । यो पद्धति अन्य एकाइभन्दा बढी उपयोगी रहेको छ । (नेपाल, पूर्ववत् : १५)

## २.४ सारांश/निष्कर्ष

सङ्कथनले वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई जनाउँछ । यो स्वयंमा पूर्ण, अर्थयुक्त र सम्प्रेषणीय हुन्छ । यो सामान्य एक वाक्यदेखि अनेकौं परिच्छेदसम्म विस्तारित भएको हुनसक्छ । सङ्कथनमा अर्थको समग्रता रहन्छ । यो अखण्डित भाषिक एकाइ हो । सुरु सुरुमा सङ्कथनको विकास संवाद र मौखिक अधिव्यक्तिसँग सम्बन्धित थियो । पछि पछि आएर यसले कथ्य र लेख्य दुवै प्रकारलाई आफ्नो अध्ययनको केन्द्र बनाएको पाइन्छ । सङ्कथनभित्र भाषिक पक्ष र भाषेतर पक्षहरू पनि रहन सक्ने कुरालाई बिद्वानहरूले औंल्याएका छन् । भाषिक पक्ष अन्तर्गत संरचना र अर्थ निहित हुन्छन् भने भाषेतर पक्ष अन्तर्गत सामाजिक, सांस्कृतिक, परिवेशगत आदि पृष्ठभूमिहरू रहन्छन्, जसले सङ्कथनका सम्प्रेषणका लागि अर्थका सङ्केतहरूको खोजी गर्न सहयोग पुऱ्याउँछन् ।सङ्कथन अङ्ग्रेजी


डिस्कोर्सबाट नेपालीमा रूपान्तरण गरिएको विशेष पारिभाषिक शब्द हो । यसको मूल ल्याटिनसँग रहेको छ । ल्याटिन भाषाको डिस्कर्सस शब्दबाट रूपान्तरित हुँदै डिस्कोर्स बनेको हो । यसको व्युत्पत्तिगत अर्थलाई केलाउँदा दौडनु, दौडिरहनु, अघिपछि गर्दै दौडनु भन्ने हुन्छ । यसलाई सारका रूपमा कुनै पनि बीचमा केन्द्रित भएर बहस गर्नु भन्ने निकाल्न सकिन्छ ।

सङ्कथनका कथ्य र लेख्य गरी दुई प्रकार रहेका छन् । कथ्य सङ्कथनहरू मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुन्छन् भने लेख्य सङ्कथनहरू लिखित अभिव्यक्तिसँग सम्बन्धित हुन्छन् । कथ्य सङ्कथनमा वक्ता र श्रोता प्रत्यक्ष रूपमा उपस्थित हुन्छन् भने लेख्य सङ्कथनमा लेखक र पाठक हुन्छन् । लेख्य सङ्कथन अप्रत्यक्ष किसिमको हुन्छ ।

सङ्कथन वा एउटा पूर्णपाठ निर्माण गर्नका लागि आवश्यक पर्ने तत्त्व उपकरणलाई सङ्कथन तत्त्व भनिन्छ । यस्ता तत्त्वहरूमा प्रस्तोता, बोद्धा, माध्यम, बीच, कोड, सूचनाको स्वरूप, परिवेश अदि रहेका छन् । यस्ता तत्त्वहरूले सङ्कथनलाई पूर्णता प्रदान गर्न संरचक आधार प्रदान गर्छन् । सङ्कथन विश्लेषणको सुरुवात पाश्चात्य विद्वान् जेलिङ ह्यारिसको १९५२ मा प्रकाशित लेखसँगै भएको पाइन्छ । उनले उक्त लेखमा डिस्कोर्स एनएलाइसिस पदावलीको प्रयोग गरेका छन् । हेमाङ्गराज अधिकारीले उल्लेख गरेअनुसार यसमा हेयर टनिक सम्बन्धी विज्ञापनको भाषालाई सङ्कथन विश्लेषण गरिएको छ । त्यसमा उनले कुनैपनि पाठमा वाक्यव्याकरण विस्तारित हुन्छ भन्ने कुरालाई स्पष्ट पारेका छन् । सङ्कथन विश्लेषणको प्रारम्भिक बिन्दु यसैलाई मानिएको छ ।सङ्कथन विश्लेषणका सिलसिलामा ऊर्ध्वगमन, अधोगमन र मिश्रित गरी तीनवटा पद्धतिहरू उपयोग भएको पाइन्छ । ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिको विकास डेबिट नुनान, क्याम्बोंन र गाइ कुक जस्ता विद्वान्हरूले गरेको पाइन्छ । ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका सीमालाई न्यूनीकरण गर्न रसियन भाषाशास्त्री स्टानोभिचले सन् १९९० तिर मिश्रित वा अन्तर्क्रियात्मक पद्धतिको विकास गरे । मिश्रित पद्धतिलाई सन्तुलित पद्धतिका रूपमा पनि लिइन्छ ।सङ्कथनमा सम्बद्धक र सम्बन्धन जस्ता युक्तिहरू रहन्छन् । सम्बद्धकलाई रूप पक्षसँग सम्बन्धित युक्ति मान्न सकिन्छ । सम्बन्धनले पाठमा प्रयुक्त अर्थका सङ्केतहरूको खोजी गर्छ । यसलाई वैचारिक अन्तःसूत्रका निरन्तरताको खोजी पनि भनिन्छ । सम्बद्धकका प्रकार अन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजक, पुनरावृत्ति, प्रतिस्थापन, लोप, निपात, पर्यायवाची, विपरीतार्थी, सन्निधान आदि पर्छन् । त्यस्तै सम्बन्धनका प्रकार अन्तर्गत कारण कार्य सम्बन्ध, परिवेश घटना, अनुक्रम, व्याख्यात्मक, रीतिबोधक, प्रभाव प्रतिफल, सामान्य

बिशिष्ट, व्यतिरेकी तुलना, प्रयोजन, विशेष्य विशेषण, आर्थी पर्याय आदि जस्ता अर्थ सम्बन्धहरू पर्छन् ।

## २.५ अवधारणात्मक ढाँचा



# अध्याय - तीन

## अध्ययनको प्रक्रिया/विधि

### ३.१ अध्ययनको संरचना

पुस्तकालयीय विधिलाई उपयोग गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । सामग्री सङ्कलन निम्न स्रोतबाट गरिएको छ :

**क.प्राथमिक स्रोत**

प्रस्तुत शोध अध्ययनमा सामग्री सङ्कलनको प्राथमिक स्रोतका रूपमा भैरव अर्यालको जय भोलि शीर्षक निबन्धलाई उपयोग गरिएको छ ।

**ख.द्वितीयक स्रोत**

प्रस्तुत शोध अध्ययनमा द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू तथा सम्बन्धित लेख रचनाहरूलाई उपयोग गरिएको छ ।

### ३.१.१ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको प्रक्रिया /विधि

अध्याय चार : नतिजा /परिणाम र छलफल

अध्याय पाँच : उपसंहार

सन्दर्भसामग्री

परिशिष्ट

### ३.२ शोधमा प्रयोग गरिने नमुना

निबन्धकार भैरव अर्यालको जय भोलि शीर्षक हास्यब्यङ्ग्यात्मक निबन्धकादश अनुच्छेदमा कुल ७८ वटा वाक्यहरूका बीचमा रहेका सम्बद्धक र सम्बन्धनहरू पत्ता लगाई तिनीहरूको विश्लेषण गरिएको छ ।

### ३.३ अध्ययनको नमुना छनौट प्रक्रिया

निबन्धकार भैरव अर्यालकोजय भोलि शीर्षक हास्यब्यङ्ग्यात्मक निबन्धमा रहेका कूल १० अनुच्छेदलाई २० छुट्टाछुटै तालिका बनाई सम्बद्धक र सम्बन्धनका प्रकारका आधारमा छुट्याइएको छ । वाक्यान्तरिक र अन्तरवाक्यीय दुवै संरचनामा यस्ता भाषिक जोर्नीहरूलाई छुट्याइएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन

तथ्याङ्क वा सामग्रीहरू सङ्कलन गर्दा प्राथमिक स्रोतकारूपमा भैरव अर्यालको जय भोलि शीर्षक निबन्ध र द्वितीयक स्रोतका रूपमा प्रकाशित पुस्तकहरू, कोशहरू, लेखहरू, जर्नलहरू, अध्ययन प्रतिवेदनहरू, अनुसन्धान प्रतिवेदन तथा शोधसारहरू र विज्ञहरूका भनाइलाई प्रयोग गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

जय भोलिनिबन्धको सङ्कथन विश्लेषण शीर्षक शोधको तथ्याङ्क सङ्कलन पुस्तकालयीय विधिको प्रयोग गरी सम्पन्न गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

जय भोलि निबन्धको सङ्कथन विश्लेषण शीर्षक शोधको तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया आगमन विधिको प्रयोग गरी अघि बढाइएको छ । त्यस्तै यसको प्रस्तुति वर्णनात्मक विधिले गरिएको छ ।

# अध्याय - चार

## निबन्धको पहिचान र विश्लेषण

### ४.१ जय भोलिनिबन्धमा प्रयुक्त सम्बद्धकको  अध्ययन

निबन्धकार भैरव अर्यालको परिचय, प्रवृत्ति र जय भोलि निबन्ध परिशिष्ट खण्डमा राखिएको छ । यस अध्यायमानिर्धारित पाठमा भएका सम्बद्धक र सम्बन्धन पत्ता लगाई विश्लेषण गर्ने काम गरिएको छ ।

### ४.१.१ निर्धारित पाठका पहिलो अनुच्छेदमा रहेका वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा नौ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१) पर्सिको हिजो र हिजोको पर्सिलाई भोलि भन्दछन् ।

२) समयको अनन्त गतिमा यसरी भूत र भविष्य दुबैतिर उस्तै सन्धि नातो लाउने हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ ।

३) भोलानाथको झोली जस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मर्न चाहन्छ ।

४) आज थाकेको मानिस अनेक थरी  सपना तुन्दै भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट बिउँझदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दगुर्छ ।

५) मानिस जतिजति दिनका पत्रहरू पल्टाउँछ, उतिउति उसको भोलि सर्दैसर्दै पर जान्छ र आखिर भोलिलाई नभेट्दै मानिस मर्छ ।

६) त्यसैले भोलि साँच्ची नै एउटा इश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊ चाहिँ परपर तर्किंदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ ।

७) उसको मुखमा ‘रामराम’झैँ सधैँ झुण्डिरहेको हुन्छ भोलि ।

८) त्यसैले आजको काम भोलिलाई थाति राख्नु हाम्रो संस्कृति हो ।

९) आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?

## तालिका नं. १

## पहिलो अनुच्छेदमासम्बद्धकको विश्लेषण

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| १ र २ | कालिक पुनरावृत्ति | पर्सि | |
| | कालिक पुनरावृत्ति | हिजो | |
| | पुनरावृत्ति | र | |
| | सार्वनामिक | यसरी | |
| | कालिक | भूत | |
| | कालिक | भविष्य | |
| | कालिक | आज | |
| | कालिक | भोलि | |
| २ र ३ | पुनरावृत्ति | भोलि | |
| | पुनरावृत्ति | र | |
| | पुनरावृत्ति | केही | |
| | कालिक | भूत | |
| | कालिक | भविष्य | |
| ३ र ४ | पुनरावृत्ति | मानिस | |
| | पुनरावृत्ति | भोलि | |
| | पुनरावृत्ति | केही | |
| | पुनरावृत्ति | आज | |
| | सार्वनामिक | ऊ | |
| ४ र ५ | पुनरावृत्ति | मानिस | |
| | पुनरावृत्ति | भालि | |
| | सार्वनामिक | ऊ | |
| | सार्वनामिक | उसको | मनिसको |
| ५ र ६ | पुनरावृत्ति | भोलि | |
| | सार्वनामिक | ऊ | |

| | | | |
|---|---|---|---|
| ६ र ७ | सार्वनामिक<br>पुनरावृत्ति<br>निपात<br>अग्रसन्दर्भक<br>सार्वनामिक<br>स्थानिक<br>संयोजक<br>अग्रसन्दर्भक | त्यसैले<br>भोलि<br>नै<br>जसलाई<br>ऊ<br>परपर<br>तर<br>उसको | <br><br><br>भोलिलाई<br><br><br><br>मानिसको |
| ७ र ८ | पुनरावृत्ति<br>कालिक<br>अग्रसन्दर्भक<br>कालिक<br>सार्वनामिक | भोलि<br>सधैँ<br>उसको<br>आज<br>हाम्रो | <br><br>मानिसको |
| ८ र ९ | कालिक<br>कालिक<br>सार्वनामिक<br>सार्वनामिक<br>सार्वनामिक | आज<br>भोलि<br>हाम्रो<br>आफ्नो<br>कसले | |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १ र २ का बीचमा छ कालिक सम्बद्धकहरू प्रयोग भएका छन् जसमध्ये दुई पुनरावृत्त भएका देखिन्छन् । यस्तै संयोजक सम्बद्धक र पुनरावृत्त भएर प्रयुक्त छ ।यस्तै वाक्यसङ्ख्या २ र ३ का बीचमा भोलि, र, केही पुनरावृत्त सम्बद्धकका रुपमा प्रयुक्त छन् भने भूत र भविश्य शब्दहरू कालिक सम्बद्धकका रूपमा प्रयुक्त छन् । वाक्यसङ्ख्या ३ र ४ का बीचमा मानिस, भोलि, केही, आज जस्ता शब्दहरू पुनरावृत्त सम्बद्धकका रुपमा प्रयुक्त छन् भने  एउटा सार्वनामिक सम्बद्धक जनाउन ऊ प्रयोग गरिएको छ । वाक्यसङ्ख्या ४ र ५ मा दुई पुनरावृत्त सम्बद्धक र दुई सर्वनामिक सम्बद्धकले भाषिक जोर्नीको काम गरेको देखिन्छ ।वाक्यसङ्ख्या ५ र ६ मा पुनरावृत्त र सर्वनामिक दुई सम्बद्धकहरू प्रयोग भएका छन् । त्यस्तै वाक्यसङ्ख्या ६ र ७मा दुई सर्वनामिक, दुई अग्रसन्दर्भक का साथमा संयोजक, पुनरावृति, निपात, सर्वनामिक र स्थानिक गरी आठ सम्बद्धकहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या७ र ८ मा दुई कालिक,

पुनरावृत्ति,अग्रसन्दर्भक रसार्वनामिक सम्बद्धकहरू प्रयोग भएका छन् । वाक्यसङ्ख्या ८ र ९ मा तीन सार्वनामिक र दुई कालिक गरी पाँच सम्बद्धकहरू प्रयुक्त छन् ।

यसरी चर्चित पहिलो अनुच्छेदमा पुनरावृत्ति र सार्वनामिक सम्बद्धकहरूको अत्यधिक प्रयोग भएको देखिन्छ । शब्दहरूको पुनरावृत्तिले वाक्यहरू बीचमा सुनिने अन्तरअनुप्रासले निबन्ध लयात्मक भएको छ । एकैप्रकारका सम्बद्धकहरूको फरक फरक प्रयोगले निबन्ध कसिलो बनाएको देखिन्छ ।

## ४.१.२ निर्धारित पाठका दोस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा तीन वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१०) साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबैभन्दा ठूलो विशेषता हो भोलिवाद ।

११) हाम्रो दर्शन आज (बाँचुन्जेल) दुःख गर, भोलि (मरेपछि) मुक्ति पाउँछौ भन्छ तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनेर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस डेढ अक्कल लगाइदिन्छ भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भइहाल्छ नि !

१२)अनि निस्कन्छ आधुनिक भोलिबाद, जस्का अनुयायी तपाइँ हामी सबै छौं ।

**तालिका नं. २**

**दोस्रो अनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| १० र ११ | स्थानिक | पूर्वीय | |
| | पुनरावृत्ति | भोलि | |
| | पुनरावृत्ति | भने | |
| | सार्वनामिक | हाम्रो | |
| | पुनरावृत्ति | आज | |
| | संयोजक | तर | |

| | | | |
|---|---|---|---|
| | संयोजक<br>निपात | र<br>नै, नि | |
| ११ र १२ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>सार्वनामिक<br>पुनरावृत्ति<br>संयोजक<br>संयोजक<br>निपात<br>कालिक<br>सार्वनामिक | भोलि<br>भने<br>हाम्रो<br>आज<br>तर<br>र<br>नै, नि<br>आधुनिक<br>तपाईँ, हामी | |

माथिका तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १० र ११ का बीचमा स्थानिक, तीन पुनरावृत्ति, सर्वनामिक, दुई संयोजक र निपात गरी आठ सम्बद्धक प्रयोग भएका देखिन्छन् । त्यस्तै वाक्यसङ्ख्या ११ र १२ का बीचमा तीन पुनरावृत्ति, दुई सार्वनामिक, दुई संयोजक, कालिक र निपात सम्बद्धक प्रयुक्त छन् ।

यसरी चर्चित दोस्रो अनुच्छेदमा विविध सम्बद्धकहरूको प्रयोग भएको देखिन्छ । छोटो अनुच्छेद र लामा-लामा वाक्यहरूलाई कसिलो पार्न सम्बद्धकको सघनताले महत्वपूर्ण भूमिका निर्वाह गरेकोदेखिन्छ ।

### ४.१.३ निर्धारित पाठका तेस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा पाँच वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ

**वाक्यसङ्ख्या**

१३) भेलिवादको श्रीगणेश कुन बेला कसको पालादेखि कसले सुरु गऱ्यो त्यो किट्न सकिन्न, तर हेरिल्याउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेख नै यसले खुट्टो घुमाएको बुझिन्छ ।

१४) उनले एकपटक साह्रै दिक्दारिएर भनेका थिए, “ भोलि भालि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोलि ।”

१५) कसो हामी भाग्यमानी रहेछौँ र हाम्रा आदिकविलाई झोली बोकेर बनतिर पस्नुपरेनछ ।

१६) उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौँ भोलिवादी सिद्धान्तका प्रणेता कुनै महर्षि वा आचार्य थिएनन् ।

१७) यो त निसाफको ठूलो घरमा बसेर बेहिसाब गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब जस्तै कुनै फर्सीटाउके साहेबसाहेबनीहरू हुँदा हुन्, हुन सक्छ सरस्वतीको तानाबाना बोकेर दक्षिण फकाउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि ‘जी’हरू मध्ये नै कुनै थिए कि ?

**तालिका नं. ३**

**तेस्रो अनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| १३ र १४ | संयोजक | तर | |
| | कालिक | कुन बेला | |
| | कालिक | अघिदेखि | |
| | अग्रसन्दर्भक | यसले | भोलिवादले |
| | अग्रसन्दर्भक | उनले | भानुभक्तले |
| | कालिक | एकपटक | |
| | पुनरावृत्ति | भोलि | |
| | कालिक | आज | |
| १४ र १५ | अग्रसन्दर्भक | उनले | भनुभक्तले |
| | कालिक | एकपटक | |
| | कालिक | भोलि | |
| | सार्वनामिक | हामी | तमाम नेपाली |
| | सार्वनामिक | हाम्रा | नेपालीका |
| | पुनरावृत्ति | झोली | |
| | संयोजक | र | |

| | | | |
|---|---|---|---|
| १५ र १६ | पुनरावृत्ति<br>संयोजक<br>सार्वनामिक<br>अग्रसन्दर्भक<br>अग्रसन्दर्भक<br>संयोजक | हामी<br>र<br>हाम्रा<br>उनको<br>यो<br>वा | नेपालीका<br>भानुभक्तको |
| १६ र १७ | पुनरावृत्ति<br>अग्रसन्दर्भक<br>सार्वनामिक<br>स्थानिक<br>पुनरावत्ति<br>पुनरावृत्ति | यो<br>उनको<br>हाम्रा<br>ठूला घरमा<br>साहेब<br>जी | भानुभक्त |

माथिको तालिकालाई अध्ययन गर्दा वाक्यसङ्ख्या १३ र १४ का बीचमा आठ सम्बद्धकहरू प्रयोग भएका छन् । यी दुई वाक्यहरू बीचमा एक संयोजक, चार कालिक, दुई अग्रसन्दर्भक र एक पुनरावृत्ति सम्बद्धक प्रयुक्त छन् । वाक्यसङ्ख्या १४ र १५ का बीचमा एक अग्रसन्दर्भक सम्बद्धक उनले प्रयोग भएको छ जसले भानुभक्तले भन्ने जनाएको छ ।यी दुई वाक्य बीचमा एकपटक र भोलि जस्ता दुई कालिक सम्बद्धक, हामी र हाम्रा दुई सर्वनामिक सम्बद्धक, पुनरावृत्ति सम्बद्धकका रुपमा झोली अनि संयोजक सम्बद्धक र प्रयुक्त छन् । वाक्यसङ्ख्या १५ र १६ मा जम्मा छ सम्बद्धकहरू छन् । यहाँ, हामी पुनरावृत्ति सम्बद्धक छन् भने एक संयोजक, नेपालीका भन्ने बुझाउन सार्वनामिक सम्बद्धक हाम्रा, दुई अग्रसन्दर्भक शब्दहरू उनको र यो तथा संयोजक सम्बद्धक वा प्रयुक्त छन् । त्यस्तै वाक्यसङ्ख्या १६ र १७ मा कुल छ सम्बद्धकहरू प्रयुक्त छन् जसमध्ये पुनरावृत्ति भएर यो, अग्रसन्दर्भका रुपमा भानुभक्तको भन्ने बुझाउन उनको शब्द प्रयोग गरिएको छ । त्यस्तै सार्वनामिक सम्बद्धक हाम्रा, स्थानिक सम्बद्धक ठूला घरमा र दुई पुनरावृत्ति सम्बद्धकका रुपमा साहेब र हो शब्दहरू प्रयुक्त छन् ।

यसरी कुल सत्ताइस सम्बद्धक शब्दहरूको माला उनेर निबन्धकारले यो अनुच्छेदलाई रसिलो र कसिलो पार्न सफल भएका छन् । सार्वनामिक अग्रसन्दर्भकको प्रयोगले यो अनुच्छेद पाठकलाई अध्ययन गर्न रुचिपूर्ण भएको छ ।

### ४.१.४ निर्धारित पाठको चौथो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा दश वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१८) हाम्रा जिबा भन्नुहुन्थ्यो- उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे, लाग्नासाथ घरबेटीले थरीलाई पुकारेछ ।

१९) थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकाले थरिनीले भनिछन्, " भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।"

२०) भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारिकन थरीजी पुलिस चौकीमा पुगेछन् ।

२१) तर चौकीका हवल्दार छुट्टी लिएर घरतिर घरतिर हिँडिसकेछन् ।

२२) सिपाहीले सोही बेहोरा बताई थरीलाई भालि आउने आज्ञा दियो ।

२३) भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो ।

२४) ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन कहिना तीन दिनपछि तात्तातो बिन्ति चढ्यो, "फलाना ठाउँमा आगो लाग्यो ।"

२५) तेह्रजना सुसारेबाट घेरिएका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए ।

२६) भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराईडराई बिन्ति बिसायो, "सरकार फलानो ठाउँमा आगाले सिध्याएछ ।"

२७) काखीमा अत्तर छर्कन लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो, " लौ भालि नै निभाउन लगाइदिनू ।"

तालिका नं. ४

## चौथो अनुच्छेदमा सम्बद्धकको विश्लेषण

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| १८ र १९ | सार्वनामिक | हाम्रा | लेखकका |
| | संयोजक | - | |
| | कालिक | उहिल्यै | |
| | कालिक | पालामा | |
| | स्थानिक | कता | |
| | निपात | रे | |
| | पुनरावृत्ति | थरी | |
| | स्थानिक | ससुरालीमा | |
| | कालिक | भोलि | |
| | सार्वनामिक | उहाँ | थरी |
| | कालिक | आउनेबित्तिकै | |
| | प्रथम पुरुष | म | थरीकी श्रीमती |
| १९ र २० | पुनरावृत्ति | थरी | |
| | स्थानिक | ससुरालीमा | |
| | पुनरावृत्ति | भोलि | |
| | सर्वनामिक | उहाँ | थरी |
| | प्रथम पुरुष | म | थरीनी |
| | कालिक | बिहान | |
| | संयोजक | पनि | |
| | स्थानिक | पुलिसचौकीमा | |
| २० र २१ | कालिक | भोलिपल्ट | |
| | कालिक | बिहान | |
| | संयोजक | पनि | |
| | स्थानिक | पुलिसचौकीमा | |
| | संयोजक | तर | |

| | | | |
|---|---|---|---|
| | स्थानिक<br>स्थानिक | चौकीका<br>घरतिर | पुलिसचौकीका |
| २१ र २२ | स्थानिक<br>स्थानिक<br>अग्रसन्दर्भक<br>कालिक | चौकीका<br>घरतिर<br>सोही<br>भोलि | |
| २२ र २३ | पुनरावृत्ति<br>स्थानिक<br>संयोजक<br>अग्रसन्दर्भक | भोलि<br>ठानामा<br>र<br>त्यसको | |
| २३ र २४ | पुनरावृत्ति<br>संयोजक<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>स्थानिक<br>कालिक<br>कालिक<br>स्थानिक | भोलिपल्ट<br>र<br>ठाना<br>गोस्वारा<br>महाराजकामा<br>तीन महिना<br>तीन दिन<br>फलाना ठाउँ | |
| २४ र २५ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>स्थानिक<br>कालिक<br>कालिक<br>स्थानिक<br>निपात<br>कालिक | गोस्वारा<br>श्री ३<br>महाराजकहाँ<br>तीन महिना<br>तीन दिन<br>फलानो ठाउँमा<br>लौ<br>भोलि | |
| २५ र २६ | सार्वनामिक<br>निपात | श्री ३ ज्यू<br>लौ | |

| | | | |
|---|---|---|---|
| | पुनरावृत्ति<br>सार्वनामिक<br>स्थानिक | भोलि<br>सरकार<br>फलानो ठाउँ | |
| २६ र २७ | पुनरावृत्ति<br>सार्वनामिक<br>स्थानिक<br>स्थानिक<br>सार्वनामिक<br>निपात<br>निपात | भोलि<br>सरकार<br>फलानो ठाउँमा<br>काखीमा<br>श्री ३<br>लौ<br>नै | |

वाक्यसङ्ख्या १८ र १९ का बीचमा कुल बाह्र सम्बद्धक प्रयुक्त छन् । यहाँ तीन सार्वनामिक सम्बद्धकहरू हाम्रा, उहाँ र म प्रयोग भएका छन् ।एउटा संयोजक चिन्ह पनि सम्बद्धक बनेर प्रयोग भएको छ । चार कालिक सम्बद्धकहरू क्रमशः उहिल्यै, पालामा, भोलि र आउने बित्तिकै प्रयुक्त छन् । दुई स्थानिक सम्बद्धकहरू क्रमशः कता र ससुरालीमा, एक पुनरावृत्ति सम्बद्धक थरी र एक निपात सम्बद्धक रे प्रयुक्त छन् ।वाक्यसङ्ख्या १९ र २० मा जम्मा आठ सम्बद्धकहरू प्रयोग भएका छन् ।यी दुई वाक्य बीचमा थरी र उहाँ शब्द पुनरावृत्ति सम्बद्धक भएर आएका देखिन्छन् भने ससुरालीमा र पुलिस चौकीमा दुई स्थानिक सम्बद्धक प्रयोग भएका छन् । त्यस्तै उहाँ र म दुई सर्वनामिक सम्बद्धक, बिहान कालिक सम्बद्धक एवम् संयोजक सम्बद्धक बनाएर र प्रयोग गरिएको छ ।वाक्यसङ्ख्या २० र २१ माजम्मा सात सम्बद्धकहरू प्रयुक्त छन् । यहाँ भोलिपल्ट, बिहान गरी दुई कालिक सम्बद्धक, पनि, तर शब्दहरू संयोजक सम्बद्धक एवम् पुलिसचौकीमा, चौकीका र घरतिर जस्ता स्थानिक सम्बद्धकहरू प्रयोग भएका छन् ।वाक्यसङ्ख्या २१ र २२ मा केवल चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ चौकीका र घरतिर स्थानिक सम्बद्धक, सोही अग्रसन्दर्भक र भोलि कालिक सम्बद्धक प्रयोग भएका छन् ।वाक्यसङ्ख्या २२ र २३ मा केवल चार सम्बद्धकहरू क्रमशः पुनरावृत्ति भएर भोलि, स्थानिक सम्बद्धकका रुपमा ठानामा, संयोजक शब्द र एवम् अग्रसन्दर्भक सम्बद्धक त्यसको प्रयुक्त छन् । वाक्यसङ्ख्या २३ र २४ का बीचमा कुल आठ सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् ।यहाँ पुनरावृत्त भएर ठाना, गोस्वारा शब्द आएका छन् भने संयोजक सम्बद्धकका रुपमा र प्रयोग भएको छ ।त्यसैगरी महाराजकामा र फलाना ठाउँ शब्दहरू स्थानिक सम्बद्धक र तीन महिना, तीन दिन शब्दहरू

कालिक सम्बद्धका रुपमा प्रयुक्त छन् । त्यस्तै वाक्यसङ्ख्या २४ र २५ का बीचमा जम्मा आठ सम्बद्धकहरू प्रयोग भएका छन् ।यहाँ गोस्वरा र श्री ३ शब्दहरू पुनरावृत्ति सम्बद्धकका रुपमा प्रयुक्त छन् ।त्यसैगरी महाराजकहाँ र फलानो ठाउँमा शब्द स्थानिक सम्बद्धक हुन् । तीन महिना, तीन दिन र भोलि कालिक सम्बद्धकहरू प्रयोग भएका छन् ।वाक्यसङ्ख्या २५ र २६ का बीचमा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई सार्वनामिक सम्बद्धकहरू क्रमशः श्री ३ ज्यू र सरकार, एक निपात र एक स्थानिक सम्बद्धकहरू क्रमशः लौ र फलानो ठाउँ प्रयुक्त छन् । वाक्यसङ्ख्या २६ र २७ का वीचमा जम्मा सात सम्बद्धकहरू प्रयुक्त छन् जसमध्ये एक पुनरावृति सम्बद्धक भोलि, दुई सार्वनामिक सम्बद्धक सरकार र श्री ३, दुई स्थानिक सम्बद्धकहरू फलानो ठाउँमा र काखीमा तथा दुई निपातहरू लौ, नै प्रयुक्त छन् ।

यसरी कुल त्रिसठ्ठी सम्बद्धकहरू प्रयोग गरिएको चौथो अनुच्छेदमा स्थानिक, कालिक र सार्वनामिक सम्बद्धकहरूको प्रचुरता देखिन्छ । यी बाहेक पुनरावृति सम्बद्धकको प्रयोगले पाठलाई लय प्रदान गरेको छ। सम्बद्धकको प्रचुरताले निबन्ध कसिलो र रसिलो बनेको छ।

### ४.१.५ निर्धारित पाठको पाँचौं अनुच्छेदमा रहेका वाक्यका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा आठ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

२८) हिजोआज जस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दोरहेनछ ।

२९) अस्तिमात्रको एउटा कुरो सुन्नुहोस्, मेरी एउटा नातेदार महिलाज्यूलाई हिक्का छुट्ने व्यथाले अँठ्याएछ ।

३०) तपाईंलाई थाहा होला नि, त्यस्ता मान्छेलाई समयमै उपचार भएन भने सोझै परमधाम पुग्छन् भन्ने कुरो ?

३१) त्यसमाथि पनि यिनी त थिइन् ज्यादै दुब्ली ।

३२) त्यसैले अस्पताल नपुऱ्याई कुरै थिएन ।

३३) हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर रिसिभर उठाएको त रिसिभरको तारमात्र तन्द्रङतुन्द्रुङ हल्लियो, घन्टी गएन !

३४) फोन धनीले भने, ‘‘लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दाभन्दै बनिसकेको छैन , कृपया भोलि एकपटक पाल्नुहोस् न ।’’

३५) लौलौ भन्दै कुदें अस्पतालतिर ।

**तालिका नं. ५**

**पाँचौं अनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| २८ र २९ | कालिक | हिजोआज | |
| | अग्रसन्दर्भक | त्यतिखेर | राणाका पलामा |
| | संयोजक | पनि | |
| | अग्रसन्दर्भक | त्यस्तो | ढिलो |
| | संयोजक | तर | |
| | कालिक | अस्ति | |
| | सर्वनामिक | मेरी | लेखककी |
| २९ र ३० | कालिक | अस्ति | |
| | सर्वनामिक | मेरी | |
| | सर्वनामिक | तपाइँ | |
| | निपात | नि | |
| | सर्वनामिक | त्यस्ता | |
| | कालिक | समयमै | तत्कालै/चाँडै |
| ३० र ३१ | सार्वनामिक | तपाइँ | पाठक |
| | निपात | नि | |
| | सार्वनामिक | त्यस्ता | हिक्क छुट्नेवाला |
| | कालिक | समयमै | तत्कालै |
| | पश्चसन्दर्भक | त्यसमाथि | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक<br>निपात | यिनी<br>त | रोगवाली |
| ३१ र ३२ | पुनरावृत्ति<br>सार्वनामिक<br>सार्वनामिक<br>अग्रसन्दर्भक<br>स्थानिक | त<br>त्यसमाथि<br>यिनी<br>त्यसैले<br>अस्पताल | |
| ३२ र ३३ | अग्रसन्दर्भक<br>स्थानिक<br>पुनरावृत्ति | त्यसैले<br>अस्पताल<br>त | |
| ३३ र ३४ | निपात<br>कालिक<br>पुनरावृत्ति<br>निपात | त<br>तीन दिन<br>भोलि<br>न | |
| ३४ र ३५ | कालिक<br>पुनरावृत्ति<br>निपात<br>निपात<br>स्थानिक | तीन दिन<br>भोलि<br>न<br>लौ लौ<br>अस्पताल | |

माथिको तालिका अनुसारवाक्यसङ्ख्या २८ र २९ मा जम्मा सात सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ दुई कालिक सम्बद्धकहरू हिजोआज र अस्ति, दुई अग्रसन्दर्भक त्यतिखेर र त्यस्तो, दुई संयोजक तर र पनि तथा एक सर्वनामिक सम्बद्धक मेरी प्रयोग भएका छन् । वाक्यसङ्ख्या २९ र ३० मा जम्मा छ सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ कालिक सम्बद्धकहरू अस्ति र समयमै, सर्वनामिक सम्बद्धकहरू मेरी, तपाइँ, त्यस्ता र एक निपात सम्बद्धक नि प्रयुक्त छन् । वाक्यसङ्ख्या ३० र ३१ कुल सात सम्बद्धक प्रयोग भएका छन् । यी वाक्य बीच तीन सर्वनामिक सम्बद्धकहरू तपाइँ, त्यस्ता, यिनी, दुई निपातहरू नि, त, एककालिक सम्बद्धक समयमै र एक पश्चसन्दर्भक त्यसमाथि प्रयोग भएका छन् । वाक्यसंख्या ३१ र ३२ मा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ त पुनरावृत्ति भएर आएको देखिन्छ भने दुई सर्वनामिक सम्बद्धकहरू त्यसमाथि, यिनी, एक अग्रसन्दर्भक

त्यसैले र एक स्थानिक सम्बद्धक अस्पताल प्रयुक्त छन् । वाक्यसङ्ख्या ३२ र ३३ का बीचमा तीन सम्बद्धक मात्र प्रयोग भएका छन् । यहाँ अग्रसन्दर्भक त्यसैले, स्थानिक अस्पताल र पुनरावृत्ति त प्रयोग भएका छन् ।वाक्यसङ्ख्या ३३ र ३४ का बीचमा चार सम्बद्धकहरू क्रमशः त, न दुई निपात, एक कालिक सम्बद्धक तीन दिन र पुनरावृति भएर भोली सम्बद्धकका रुपमा प्रयोग भएका देखिन्छन् ।त्यसैगरी वाक्यसङ्ख्या ३४ र ३५ का बीचमा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ एक कालिक सम्बद्धक तीन दिन, पुनरावृत्ति सम्बद्धकका रुपामा भोलि दुई निपातहरू न र लौ-लौ तथा एक स्थानिक सम्बद्धक अस्पताल प्रयोग भएका छन् ।

यसरी चर्चित पाँचौं अनुच्छेदमा जम्मा सैँतीस सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएको देखिन्छ । यो अनुच्छेदमा कालिक र सर्वनामिक सम्बद्धकहरूको प्रचुरता देखिन्छ ।

### ४.१.६ निर्धारित पाठको छैटौं अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा दश वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

३६) अस्पतालमा एउटी युवती नर्सले सबै बेलिबिस्तार सुनिन् र मधुर मुस्कानका साथ भनिन्, " आज सिट पनि खाली छैन, सुपरिटेन्डेन्ट साहेब पनि बाहिर जानुभा'छ, कृपया भोलि पाल्नुहोस्, याम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ ।"

३७) हुन्न भनेर पो के गर्नु र ?

३८) दसतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घण्टापछि उनीकहाँ पुगेँ , धन्न उनको हिक्का बन्द भएर बोल्न सक्ने भइछिन् ।

३९) अब तपाइँ नै भन्नुहोस भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ  त !

४०) काम छिटो होस् भनेर दिनप्रतिदिन बैज्ञानिक चमत्कारहरू बढ्दै छन् ।

४१) न्युयोर्कमा बोलेका कुरा न्युरोडमा सुनिने भयो ।

४२) प्यारिसमा हात हल्लाए काठमाडौँमा टेलिप्रिन्ट हुने भयो, तर राजर्षि महाराजका पालादेखि झन्डै आजसम्मभोलिवादमा कुनै प्रवाभ परेको देखिदैंन ।

४३) मैले हाम्रो सिंहदरवारलाई 'भोलि दरवार' भन्ने नाम राखेको छु, किनभने त्यहाँका एक एक तला, एकएक कोठा, एकएक कुना, एकएक टेबुल, तपाइँ जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न ।

४४) जागिर माग्नेदेखि लिएर तारिख माग्नेसम्म सबै भोलिबादले ग्रसित छन् ।

४५) सिंहदरबार होस् कि स्याल दरबार, भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्उनुजस्तो गाह्रो भइसक्यो अब ।

**तालिका नं. ६**

**छैठौंअनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ३६ र ३७ | स्थानिक | अस्पतालमा | |
| | पुनरावृत्ति | र | |
| | कालिक | आज | |
| | संयोजक | पनि | |
| | स्थानिक | बाहिर | |
| | कालिक | भोलि | |
| | निपात | पो | |
| ३७ र ३८ | पुनरावृत्ति | र | |
| | कालिक | तीन घण्टापछि | ढिलो गरी |
| | स्थानिक | उनकहाँ | विमारीकामा |
| | सार्वनामिक | उनको | बिमारीको |
| ३८ र ३९ | स्थानिक | दशतिर | |
| | कालिक | दुईतीन घण्टा | ढिलो गरी |
| | स्थानिक | उनकहाँ | विमारीकामा |
| | सार्वनामिक | उनको | बिमारीको |
| | कालिक | अब | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक<br>निपात<br>निपात | तपाइँ<br>नै<br>त | |
| ३९ र ४० | कालिक<br>सार्वनामिक<br>निपात<br>निपात<br>कालिक<br>कालिक | अब<br>तपाइँ<br>नै<br>त<br>छिटो<br>दिनप्रतिदिन | |
| ४० र ४१ | कालिक<br>कालिक<br>स्थानिक<br>स्थानिक | छिटो<br>दिनप्रतिदिन<br>न्यूयोर्क<br>न्यूरोड | |
| ४१ र ४२ | स्थानिक<br>स्थानिक<br>स्थानिक<br>स्थानिक<br>संयोजक<br>कालिक<br>कालिक | न्यूरोड<br>न्यूयोर्क<br>प्यारिस<br>काठमाडौँ<br>तर<br>महाराजका पाला<br>आज | |
| ४२ र ४३ | स्थानिक<br>स्थानिक<br>संयोजक<br>कालिक<br>कालिक<br>प्रथम पुरुष<br>सार्वनामिक<br>स्थानिक | प्यारिस<br>काठमाडौँ<br>तर<br>महाराजका पाला<br>आज<br>मैले<br>हाम्रो<br>सिँहदरवार | |

| | | | |
|---|---|---|---|
| | कालिक<br>संयोजक<br>स्थानिक<br>पुनरावृत्ति<br>स्थानिक<br>स्थानिक<br>स्थानिक<br>सार्वनामिक<br>स्थानिक | भोलि<br>किनभने<br>त्यहाँका<br>एकएक<br>कोठा<br>कुना<br>टेबुल<br>तपाइँ<br>जहाँ | |
| ४३ र ४४ | प्रथम पुरुष<br>सार्वनामिक<br>स्थानिक<br>कालिक<br>संयोजक<br>स्थानिक<br>पुनरावृत्ति<br>स्थानिक<br>स्थानिक<br>स्थानिक<br>सार्वनामिक<br>स्थानिक | मैले<br>हाम्रो<br>सिँहदरवार<br>भोलि<br>किनभने<br>त्यहाँका<br>एकएक<br>कोठा<br>कुना<br>टेबुल<br>तपाइँ<br>जहाँ | |
| ४४ र ४५ | स्थानिक<br>नामिक प्रतिस्थापन<br>पुनरावृत्ति<br>स्थानिक<br>कालिक | सिँहदरवार<br>स्यालदरवार<br>भोलिवाद<br>अड्डाअदालत<br>अब | |

माथिको तालिका अनुसार वाक्यसङ्ख्या ३६ र ३७ मा जम्मा सात सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ दुई स्थानिक सम्बद्धकहरू अस्पतालमा र बाहिर, दुई कालिक सम्बद्धकहरू आज र भोलि, एक संयोजक पनि, एक पुनरावृत्ति सम्बद्धक र तथा एक निपात

सम्बद्धक पो प्रयोग भएका छन् । वाक्यसङ्ख्या ३७ र ३८ मा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ कालिक सम्बद्धकहरू तीन घण्टापछि, सर्वनामिक सम्बद्धक उनको, एक पुनरावृत्ति सम्बद्धक र तथा एक स्थानिक सम्बद्धक उनको प्रयुक्त छन् । वाक्यसङ्ख्या ३८ र ३९कुल आठ सम्बद्धक प्रयोग भएका छन् । यी वाक्य बीच  दुई स्थानिक, दुई कालिक, दुई सर्वनामिक र दुई निपात सम्बद्धकको प्रतिनिधित्व गर्दै क्रमशः दशैतिर र उनकहाँ, दुई तीन घण्टा र अब, उनको र तपाईं, नै र त शब्दहरू प्रयोग भएका छन् । वाक्यसंख्य ४० र ४१मा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई कालिक सम्बद्धकहरू छिटो र दिनप्रतिदिन, दुई स्थानिक सम्बद्धकहरू न्यूयोर्क र न्यूरोड शब्दहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या ४१ र ४२ का बीचमा जम्मा सात सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ चार स्थानिकसम्बद्धक बुझाउन न्यूरोड, न्यूयोर्क, प्यारिस र काठमाडौं शब्द प्रयोग भएका छन् । त्यस्तै एक संयोजक सम्बद्धक तर, दुई कालिक सम्बद्धक महाराजका पाला र आज प्रयोग गरिएका छन् ।वाक्यसङ्ख्या ४२ र ४३ का बीचमा सत्र सम्बद्धकहरू क्रमशःप्यारिस, काठमाडौं, सिँहदरबार, त्यहाँका, कोठा, कुना, टेबुल र जहाँ गरी आठ स्थानिक सम्बद्धक, तर, किनभने दुई संयोजक सम्बद्धक, महाराजका पाला, आज र भोली जस्ता तीन कालिक सम्बद्धक, मैले, हाम्रो र तपाईं गरी तीन सार्वनामिक सम्बद्धक र एकएक पुनरावृत्ति सम्बद्धक प्रयोग भएका देखिन्छन् । त्यसैगरी वाक्यसङ्ख्या ४३ र ४४ का बीचमा जम्मा बाह्र सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ तीन सार्वनामिक सम्बद्धकहरू क्रमशः मैले, हाम्रो र तपाईं, छ स्थानिक सम्बद्धक सिँहदरबार, त्यहाँका, कोठा, कुना, टेबुल र जहाँ तथा एक-एक कालिक, संयोजक र पुनरावृत्ति सम्बद्धकका रुपमा भोलि, किनभने र एकएक शब्दहरूसम्बद्धक बनी प्रयोग भएका छन् । त्यसैगरी वाक्यसङ्ख्या ४४ र ४५ का बीचमा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ तीन स्थानिक सम्बद्धकहरू क्रमशः सिँहदरबार, स्यालदरबार र अड्डा अदालत, एक पुनरावृत्ति सम्बद्धक भोलिवाद र एक कालिक सम्बद्धक अब प्रयोग भएका छन् ।

यसरी चर्चित छैठौं अनुच्छेदमा जम्मा चौंसट्ठी सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएका छन् । यो अनुच्छेदमास्थानिक, कालिक र सार्वनामिक सम्बद्धकहरूको प्रचुरता देखिन्छ ।

## ४.१.७ निर्धारित पाठको सातौँ अनुच्छेदमा रहेका वाक्यका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा एघार वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्तसम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

४६) सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि गति उही हो ।

४७) भोलि दिउँला भनी पैँचो लगेको पैसाले ५०० भोलि बुत्याइदिन्छ ।

४८) पसलेहरू 'आज नगद, भोलि उधारो' भनिरहून् उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् ।

४९) ग्राहकलाई उधारो तिर्ने चाहिँ भोलि आउँदै आउँदैन ।

५०) कुनै मालिकले नोकरलाई पचास रुपियाँ तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै हितैषीले तीन मिनेटको कुरालाई तीन वर्षसम्म भोलिभोलि भनी गनाउने चोक कुराउँछन् ।

५१) ऋण लिन जाँदा साहु भन्छ भोलि, लेख लिन जाँदा लेखक भन्छ भोलि, तारिखलिन जाँदा बहिदार भन्छ भोलि, तलब लिन जाँदा तहबिलदार भन्छ भोलि ।

५२) "लुगा सिइसकियो ?" भन्दा सूचीकार भन्छ भोलि, चोक बढारि दे न भन्दा कुचिकार भन्छ भोलि ।

५३) हुँदाहुँदा लोग्नेस्वास्नीमा पनि भोलिवादी भाकाले एकअर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल ।

५४) लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्नी भोलि धोइदिउँला भन्दाभन्दै सात दिन बिताइदिन्छे ।

५५) स्वास्नीले नून खाँचै छ भनी भने भोलि ल्याइदिउँला भन्दाभन्दै लोग्नेले पर्खाइदिन्छ छसात दिन ।

## तालिका नं.७

## सातौं अनुच्छेदमा सम्बद्धकको विश्लेषण

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ४६ र ४७ | संयोजक | र | |
| | अग्रसन्दर्भक | उही | उस्तै |
| | स्थानिक | सरकारी क्षेत्र | |
| | स्थानिक | असरकारी क्षेत्र | |
| | संयोजक | पनि | |
| | पुनरावृत्ति | भोलि | |
| ४७ र ४८ | पुनरावृत्ति | भोलि | |
| | कालिक | आज | |
| | पुनरावृत्ति | उधारो | |
| | अग्रसन्दर्भक | उनीहरू | पसलेहरू |
| ४८ र ४९ | पुनरावृत्ति | उधारो | |
| | अग्रसन्दर्भक | उनीहरू | पसलेहरू |
| | पुनरावृत्ति | भोलि | |
| ४९ र ५० | पुनरावृत्ति | भोलि | |
| ५० र ५१ | पुनरावृत्ति | कुनै | |
| | पुनरावृत्ति | भोलि | |
| | स्थानिक | गनाउने चोक | |
| ५१ र ५२ | पुनरावृत्ति | भोलि | |
| | कालिक | तीन मिनेट | |
| | कालिक | तीन वर्ष | |
| | पुनरावृत्ति | भन्छ | |
| ५२ र ५३ | पुनरावृत्ति | भन्दा | |
| | पुनरावृत्ति | भन्छ | |
| | पुनरावृत्ति | भोलि | |
| | निपात | न | |

| | | | |
|---|---|---|---|
| ५३ र ५४ | कालिक<br>संयोजक<br>कालिक | भोलि<br>पनि<br>अचेल | |
| ५४ र ५५ | संयोजक<br>कालिक<br>निपात | पनि<br>अचेल<br>न | |
| ५५ र ५६ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति | स्वास्नी<br>लोग्ने<br>भने<br>भोलि<br>भन्दाभन्दै<br>दिन<br>सात | |

माथिको तालिका अनुसार वाक्यसङ्ख्या ४६ र ४७ मा जम्मा छ सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ दुई संयोजक सम्बद्धकहरू क्रमशः र, पनि, एक अग्रसन्दर्भक सम्बद्धक उही, दुई स्थानिक सम्बद्धकहरू सरकारी क्षेत्र र असरकारी क्षेत्र तथा एक पुनरावृत्ति सम्बद्धक भोलि प्रयोग भएका छन् । वाक्यसङ्ख्या ४७ र ४८ मा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई पुनरावृत्ति सम्बद्धकहरू भोलि र उधारो, एक कालिक सम्बद्धक आज र एक अग्रसन्दर्भक उनीहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या ४८ र ४९ कुल तीन सम्बद्धक प्रयोग भएका छन् । यी वाक्य बीच  दुई पुनरावृत्ति सम्बद्धकहरू उधारो र भोलि तथा एक अग्रसन्दर्भक सम्बद्धक उनीहरू प्रयोग भएका छन् । वाक्यसंख्य ४९ र ५० मा एउटा मात्र पुनरावृत्ति कालिक सम्बद्धक भोलि प्रयोग भएको छ । वाक्यसङ्ख्या ५० र ५१का बीचमा जम्मा तीन सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुईपुनरावृत्ति सम्बद्धक कुनै र भोलि तथा एक स्थानिक सम्बद्धक गनाउने चोक प्रयोग गरिएका छन् । वाक्यसङ्ख्या ५१ र ५२ का बीचमा मात्र चार सम्बद्धकहरू भोलि र भन्छ पुनरावृत्ति सम्बद्धक तथा तीन मिनेट र तीन वर्ष कालिक सम्बद्धक प्रयोग भएका देखिन्छन् । त्यसैगरी वाक्यसङ्ख्या ५२ र ५३ का बीचमा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् ती मध्ये तीन पुनरावृत्ति सम्बद्धकका रुपमा क्रमशः भन्दा, भन्छ र भोलि तथा एक निपात न प्रयोग भएका छन् । त्यसैगरी वाक्यसङ्ख्या ५३ र ५४ का बीचमा जम्मा तीन सम्बद्धकहरू प्रयोग भएका छन् ।

यहाँ दुईकालिक सम्बद्धकहरू क्रमशः भोलि र अचेल तथा एक संयोजक सम्बद्धक पनि प्रयोग भएका छन् ।वाक्यसङ्ख्या ५१ र ५२ का बीचमा मात्र चार सम्बद्धकहरू भोलि र भन्छ पुनरावृत्ति सम्बद्धक तथा तीन मिनेट र तीन वर्ष कालिक सम्बद्धक प्रयोग भएका देखिन्छन् । त्यसैगरी वाक्यसङ्ख्या ५२ र ५३ का बीचमा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् ती मध्ये तीन पुनरावृत्ति सम्बद्धकका रुपमा क्रमशः भन्दा, भन्छ र भोलि तथा एक निपात न प्रयोग भएका छन् । त्यसैगरी वाक्यसङ्ख्या ५४ र ५५ का बीचमा जम्मा तीन सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ एक संयोजक, एक कालिक र एक निपात सम्बद्धक बनेर क्रमशः पनि, अचेल र न प्रयोग भएका छन् ।त्यसैगरी वाक्यसङ्ख्या ५५ र ५६ का बीचमा जम्मा सात सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ पुनरावृत्ति भएर आएका शब्दहरू स्वास्नी, लोग्ने, भने, भोलि, भन्दाभन्दै, दिन, सात शब्दहरूले सम्बद्धकको भूमिका खेलेका छन् ।

यसरी चर्चित सातौँ अनुच्छेदमा जम्मा पैंतीस सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएका छन् । यो अनुच्छेदमापुनरावृत्ति सम्बद्धकको प्रचुरता देखिन्छ ।

### ४.१.८ निर्धारित पाठका आठौँ अनुच्छेदमा रहेका वाक्यका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा सात वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

५७) वतावरण नै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति स-साना कुरामा पनि भोलिवादी नभई नछाड्दो रहेछ ।

५८) इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि झुलाइरहेको हुन्छ ।

५९) अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निस्किकृयतातिर घचेटिरहेको हुन्छ ।

६०)पढ्नु थियो भोलि पढौँला, जानु थियो भोलि जाउँला, गर्नू थियो भोलि गरुँला भन्दान्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाकाका गाह्रले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटीहरू ।

६१) भोलिको अपवाद के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्तैन ।

६२) भोलि दुःख पर्ला कि भन्ने डर पनि नमानी 'रात रहे अग्राख पलाउँछ'भन्दै भएभरको आजै बुत्याउन ऊ तम्सन्छ ।

६३)उदाहरणका निम्ति एउटा कुरा सुनाइहालूँ ।

**तालिका नं. ८**

**आठौं अनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ५७ र ५८ | निपात | नै | |
| | पुनरावृत्ति | पनि | |
| | कालिक | भोलि | |
| | पुनरावृत्ति | मानिस/मान्छे | |
| | सार्वनामिक | आफू | मानिस |
| ५८ र ५९ | पुनरावृत्ति | भोलि | |
| | पुनरावृत्ति | मात्र हैन | |
| | पुनरावृत्ति | आफू | |
| | पुनरावृत्ति | हुन्छ | |
| ५९ र ६० | पुनरावृत्ति | भोलि | |
| | कालिक | कहिलेकाहीँ | |
| | संयोजक | पनि | |
| ६० र ६१ | पुनरावृत्ति | भोलि | |
| ६१ र ६२ | पुनरावृत्ति | भोलि | |
| | संयोजक | पनि | |
| | कालिक | आज | |
| | अग्रसन्दर्भक | ऊ | मनिस |
| ६२ र ६३ | कालिक | भोलि | |
| | कालिक | आज | |
| | संयोजक | पनि | |

माथिको तालिकाअनुसार वाक्यसङ्ख्या ५७ र ५८ मा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ  एक निपात सम्बद्धक नै, दुई पुनरावृत्ति सम्बद्धकहरू पनि, मानिस/मान्छे,  एक कालिक सम्बद्धक भोलि र एक सर्वनामिक सम्बद्धक आफूप्रयोग भएका छन् । वाक्यसङ्ख्या ५८ र ५९ मा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ सबै पुनरावृत्ति सम्बद्धकहरू भोलि, मात्र हैन, आफू र हुन्छ प्रयुक्त छन् । वाक्यसङ्ख्या५९ र ६० कुल तीन सम्बद्धक प्रयोग भएका छन् । यी वाक्य बीच  एक पुनरावृत्ति सम्बद्धकहरूभोलि, एककालिक सम्बद्धक कहिलेकाहीँ र एक संयोजक सम्बद्धक पनिप्रयोग भएका छन् । वाक्यसंख्या ६० र ५० मा एउटा मात्र पुनरावृत्ति कालिक सम्बद्धक भोलि प्रयोग भएको छ । वाक्यसङ्ख्या६१ र ६२ का बीचमा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ एक पुनरावृत्ति सम्बद्धक भोलि, एक संयोजक सम्बद्धक पनि, एक कालिक सम्बद्धक आज र एक अग्रसन्दर्भक ऊ प्रयोग गरिएका छन् । वाक्यसङ्ख्या६२ र ६३ का बीचमा जम्मा तीन सम्बद्धकहरू प्रयोग भएक छन् जहाँ भोलि र आज कालिक सम्बद्धक तथा पनि संयोजक सम्बद्धक प्रयोग भएका देखिन्छन् ।

यसरी चर्चित आठौँ अनुच्छेदमा जम्मा बीस सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएका छन् । यो अनुच्छेदमाविविध प्रकारका  सम्बद्धकहरूप्रयोग भएका देखिन्छन् ।

### ४.१.९ निर्धारित पाठका नवौँ अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा छ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

६४) एकपटक काठमाडौँको ठूलो होटलमा बफे डिनर थियो ।

६५) त्यहाँ कहिल्यै कतै नहिँड्ने एकजना जरसाब पनि आएका रहेछन् ।

६६) उनले खाएपिएको देख्ता म छक्कै परेँ, झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकैजनाले बुत्याइदिए ।

६७) आखिरी खसखस थाम्न नसकेर  मैले सोधेँ, हाइन जरसाहेबलाई आराम नहोला नि !

६८)उनले सजिलैसँग भने, “ आराम नभए भोलि औषधी खाउँला ।”

६९) उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ - मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खिदैन, यो उसको ठूलो गुण हो ।

**तालिका नं. ९**

**नवौंअनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **सङ्केतित अर्थ** |
|---|---|---|---|
| ६४ र ६५ | कालिक | एकपटक | कुनै दिन |
| | स्थानिक | काठमाडौं | |
| | स्थानिक | होटल | |
| | अग्रसन्दर्भक | त्यहाँ | होटलमा |
| | संयोजक | पनि | |
| ६५ र ६६ | स्थानिक | त्यहाँ | होटलमा |
| | संयोजक | पनि | |
| | अग्रसन्दर्भक | उनले | जरसाहेबले |
| | प्रथम पुरुष | म | |
| | अग्र सन्दर्भक | उनी | जरसाहेब |
| ६६ र ६७ | पश्चसन्दर्भक | उनले | जरसाहेब |
| | पश्चसन्दर्भक | म | |
| | अग्रसन्दर्भक | मैले | |
| | निपात | नि | |
| | अग्रसन्दर्भक | जरसाहेब | |
| ६७ र ६८ | सार्वनामिक | मैले | |
| | निपात | नि | |
| | अग्रसन्दर्भक | उनले | जरसाहेब |
| | पुनरावृत्ति | आराम | |
| | कालिक | भोलि | |
| ६८ र ६९ | पुनरावृत्ति | उन | |
| | अग्रसन्दर्भक | यस | |
| | संयोजक | पनि | मान्छेको |

| | | | |
|---|---|---|---|
| | कालिक<br>अग्रसन्दर्भक | भोलि<br>उसको | |

माथिको तालिका अनुसार वाक्यसङ्ख्या ६४ र ६५ मा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ  एक कालिक सम्बद्धक एकपटक, दुई स्थानिककाठमाडौँ र होटल, एक अग्रसन्दर्भक सम्बद्धक त्यहाँ र एक संयोजक सम्बद्धक पनि प्रयोग भएका छन् । वाक्यसङ्ख्या६५ र ६६ मा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ एक स्थानिक सम्बद्धक त्यहाँ, एक संयोजक पनि, दुई अग्रसन्दर्भक उनले, उनी र एक प्रथम पुरुष सम्बद्धक म प्रयुक्त छन् । वाक्यसङ्ख्या६६ र ६७ कुल पाँच सम्बद्धक प्रयोग भएका छन् । यी वाक्य बीच  दुई पश्च सन्दर्भकहरू उनले र म, दुई अग्र सन्दर्भकहरू मैले र जरसाहेब तथा एक निपात सम्बद्धक नि प्रयोग भएका छन् । वाक्यसंख्य ६७ र ६८ मा  जम्मा पाँच सम्बद्धक प्रयोग भएका छन् ।  यहाँ एक-एक सार्वनामिक, निपात, अग्रसन्दर्भक, पुनरावृत्ति र कालिक सम्बद्धक जनाउन क्रमशः मैले, नि, उनले, आराम र भोलि शब्दहरू प्रयुक्त छन् । वाक्यसङ्ख्या६८ र ६९ का बीचमा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ एक पुनरावृत्ति सम्बद्धक उन, दुईअग्रसन्दर्भक सम्बद्धक यस र उसको, एक संयोजक सम्बद्धक पनि र एक कालिक सम्बद्धक भोलि प्रयोग गरिएका छन् ।

यसरी चर्चित नवौँ अनुच्छेदमा जम्मा पच्चीस सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएका छन् । यो अनुच्छेदमा विविध प्रकारका  सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् ।

### ४.१.१० निर्धारित पाठका दसौँ अनुच्छेदमा रहेका वाक्यका बीचमा प्रयुक्त सम्बद्धकको विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा नौ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

७०) यसबाहेक अरू सबै हाम्रा क्रियाकलापहरू भोलिवादी छन् ।

७१) भोलिवाद हाम्रो संस्कृति हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैँ जेलिइरहन्छ ।

७२) हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैं पर्सि हामी सवैले ''बम भोलेनाथकी जय'' भन्दै झोली बोकेर डाँडैडाँडा कुद्नु त नपर्ला ?

७३) के बेर ?

७४) आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालिका सारा काम आघौं पन्छनके बेर ?

७५) यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ?

७७) अनि बिसौं शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काइसौं शताब्दीका लागि 'डिपोजिट' रहन के बेर ?

७८) यसो हुँदाहुँदै कतै पृथ्वी भोलि घुमौंला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौंला भनेर बिश्राम नगरिदेओस्, जय भोलि !

**तालिका नं. १०**

**दसौं अनुच्छेदमा सम्बद्धकको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बद्धक | प्रयुक्त शब्द | सङ्केतित अर्थ |
|---|---|---|---|
| ७० र ७१ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>पुनरावृत्ति | भोलिवाद<br>हामी<br>हो | |
| ७१ र ७२ | सार्वनामिक<br>सार्वनामिक<br>पश्चसन्दर्भक | हाम्रो<br>मेरो<br>यही | |
| ७२ र ७३ | सार्वनामिक<br>कालिक<br>कालिक<br>प्रथम पुरुष | मेरो<br>भोलि<br>पर्सि<br>हामी | |
| ७३ र ७४ | पुनरावृत्ति | ? | प्रश्नबाचक |
| ७४ र ७५ | कालिक<br>कालिक | आज<br>भोलि | |

| | | | |
|---|---|---|---|
| | कालिक | आघौँ | |
| ७५ र ७६ | पुनरावृत्ति<br>कालिक<br>कालिक<br>कालिक<br>पुनरावृत्ति | बेर<br>आज<br>भोलि<br>पर्सि<br>? | <br><br><br><br>प्रश्नबाचक |
| ७६ र ७७ | पुनरावृत्ति<br>पुनरावृत्ति<br>संयोजक<br>कालिक<br>कालिक<br>संयोजक | के<br>बेर<br>र<br>एक्कइसौँ शताब्दी<br>बिसौँ शताब्दी<br>अनि | |
| ७७ र ७८ | कालिक<br>संयोजक<br>कालिक<br>कालिक | एक्कइसौँ शताब्दी<br>र<br>बिसौँ शताब्दी<br>भोलि | |

माथिको तालिका अनुसार वाक्यसङ्ख्या७० र ७१ मा जम्मा तीन सम्बद्धकहरू प्रयोग भएका देखिन्छन् । यहाँ दुई सार्वनामिक सम्बद्धकहरू हाम्रो र मेरो तथा एक पश्चसन्दर्भक सम्बद्धक यही प्रयोग गरिएको छ । वाक्यसङ्ख्या७१ र ७२ मा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई सार्वनामिक सम्बद्धकहरू मेरो र हामी, दुई कालिक सम्बद्धकहरू भोलि र पर्सि प्रयुक्त छन् । वाक्यसङ्ख्या७३ र ७४ का बीच एकमात्र पुनरावृत्ति सम्बद्धक प्रश्नवाचक चिन्हका रुपमाप्रयोग भएको छ। वाक्यसंख्या७४ र ७५ मा तीन कालिक सम्बद्धकहरू आज, भोलि र आघौँ प्रयोग भएका छन् । वाक्यसङ्ख्या७५ र ७६ का बीचमा जम्मा पाँच सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई पुनरावृत्ति सम्बद्धक बेर र प्रश्नबाचक तथा तीन कालिक सम्बद्धक आज, भोलि र पर्सि प्रयोग गरिएका छन् । वाक्यसङ्ख्या७६ र ७७ का बीचमा जम्मा छ सम्बद्धकहरू प्रयोग भएका छन् । यहाँ दुई पुनरावृत्ति सम्बद्धकहरू के र बेर, दुई कालिक सम्बद्धकहरू एक्कइसौँ शताब्दी र बीसौँ शताब्दी एवम् दुई संयोजक सम्बद्धकहरू क्रमशः र, अनि प्रयोग भएका देखिन्छन् । त्यसैगरी वाक्यसङ्ख्या७७ र ७८ का बीचमा जम्मा चार सम्बद्धकहरू प्रयोग भएका छन् ती मध्ये तीन कालिक सम्बद्धकका

रुपमा क्रमशः एक्काइसौँ शताब्दी, बिसौँ शताब्दी र भोलि तथा एक संयोजक सम्बद्धक र प्रयोग भएका छन्

यसरी चर्चित दशौँ अनुच्छेदमा जम्मा उनान्तीस सम्बद्धकहरू प्रयोग गरी लेखकले निबन्धलाई कसिलो बनाएका छन् । यो अनुच्छेदमामिश्रित सम्बद्धकको प्रयोग देखिन्छ ।

## ४.२ निष्कर्ष

प्रसिद्ध हास्यब्यङ्ग्य निबन्धकार भैरव अर्यालद्वारा लिखित आत्मपरक ब्यङ्ग्य निबन्ध जय भोलि सर्बाधिक लोकप्रीय निबन्ध हो । अन्य विधाको तुलनामा नेपाली साहित्यमा निबन्ध कम लेखिने र कम पढिने विधा मानिन्छ तर चर्चित लेखकका निबन्ध भने तमाम पाठकले मन पराएको पाइन्छ । उनकानिबन्ध सदाबहार भएकैले बर्तमान पाठ्यक्रमले कक्षा दशको पाठ्यपुस्तकमा पनि समावेश गरेको छ । यस अघिको पाठक्रमले जय भोलि निबन्ध नै समावेश गरेकोमा शैक्षिक सत्र २०७४ देखि अर्यालको अर्को निबन्ध जय भुँडी राखिएको छ । अर्यालले आफ्ना विबन्धहरूमा मानिसका कुप्रवृत्ति एवम् सामाजिक कुरीतिहरूको भण्डाफोर गरी जनचेतना जगाउने गरेका छन् । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिप्रेक्षमा  लेखिएका उनका निबन्धमा विषयको गहनतालाई व्यङ्ग्यको अचार मिसाएर स्वादिलो बनाइएको छ । शिष्ट भाषा प्रयोग गरेर ब्यङ्ग्यको तीखो वाण प्रहार गर्नु अर्यालको विशेषता हो ।प्रस्तुत निबन्धमा अर्यालले सामाजिक कुरीतिका रूपमा जरा गाडेर बसेको भोलिवादको विरोध गरेका छन् ।

यसरी निबन्धकारले आफ्ना विचारहरू प्रस्तुत गरिरहँदा के कस्ता भाषिक जोर्नीहरूको प्रयोग गरेका छन् । के कस्ता भाषिक संरचना र अवयवको, उनाइ र बुनाइद्वारा भाषिक बाह्यतत्वलाई परिपुष्टता प्रदान गरेका छन् भनी खोजी गर्ने काम यो अध्यायमा भएको छ । प्रस्तुत निबन्ध सम्बद्धकका दृष्टिले के कस्तो रहेको तथा कुन-कुन सम्बद्धकहरू कति-कति सङ्ख्यामा प्रयोग गरिएका छन्भनी तालिका समेत निर्माण गरी अध्ययन गरियो ।

निर्धारित पाठमा जम्मा ७८ वाक्यहरू र १० अनुच्छेदहरू रहेका छन् । प्रत्येक अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त भाषिक जोर्नी वा सम्बद्धकहरू केलाउने क्रममा प्रस्तुत पाठ जय भोलि निबन्धमा प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै शीर्षकमा विभाजन गरिएको छ । ती अनुच्छेदमा प्रयुक्त वाक्यका बीचमा कति सङ्ख्यामा कुन कुन सम्बद्धक प्रोग भएका छन् भनी स्पष्ट देखिने तालिका बनाई तिनीहरूको बिश्लेषण पनि माथि नै गरिसकिएको छ । माथिको बिश्लेषणका आधारमा हेर्दा जय भोलि निबन्धमा जम्मा

३६२ सम्बद्धक प्रयोग भएका रहेछन् । यस निबन्धमा सबैभन्दा धेरै ६४ सम्बद्धक छैटौँ अनुच्छेदका दश वाक्यमा प्रयोग भएको देखिन्छ जुन कूल सम्बद्धकको १७.७ प्रतिशत हुन आउँछ । यस्तै चौथो अनुच्छेदमा पनि दश वाक्यका बीचमा ६३ सम्बद्धक प्रयोग भएका देखिन्छन् । दुई वाक्य मात्र भएको दोस्रो अनुच्छेदमा सबैभन्दा कम १७ सम्बद्धक प्रयोग भएका छन् जुन ४.७ प्रतिशत मात्र हुन आउँछ । दश अनुच्छेदमा औषतमा ३६ सम्बद्धक प्रयोग हुँदा यो पाठमा भएका जम्मा सम्बद्धकको सङ्ख्यासँग तालमेल मिल्ने देखिन्छ अर्थात प्रत्येक अनुच्छेदमा दश प्रतिशत सम्बद्धक हुनुपर्ने देखिन्छ । तर प्रत्येक अनुच्छेदमा बराबर वाक्यसङ्ख्या प्रयोग नभएका हुँदा सम्बद्धकको प्रयोगमा समानता नमिलेको स्वभाविक देखिन्छ ।

यसैगरी चर्चित पाठमा प्रयुक्त सम्बद्धकका प्रकारलाई अध्ययन गर्दा जम्मा ८८ पुनरावृत्ति सम्बद्धक प्रयोग गरिएको छ जुन २४.३१ प्रतिशत हुन आउँछ । पुनरावृत्ति सम्बद्धकले अन्तर अनुप्रसमा सहयोग गर्ने र पाठलाई लयबद्ध पार्ने देखिन्छ । दोस्रो धेरै प्रयोग भएको सम्बद्धक कालिक हो जुन जम्मा ७५ सङ्ख्यामा उपस्थित छन् र प्रतिशतमा २०.७२ हुन्छ । प्रस्तुत निबन्धको शीर्षकमा प्रयुक्त भोलि शब्दले नै कालिक विषयबस्तुलाई बोकेको छ । अतः कालिक बिषयबस्तुको चर्चा गर्न , कालिक विषयबस्तुका कुरालाई राम्रोसँग उन्न र बुन्न पाठमा यतिधेरै कालिक सम्बद्धकको प्रयोग भएका देखिन्छन् । तेस्रो धेरै प्रयुक्त सम्बद्धक स्थानिकको सङ्ख्या ५७ देखिन्छ र प्रतिशतमा १५.७५ हुन्छ । निबन्धमा प्रयुक्त स्थानिक सम्बद्धकले पाठलाई रसिलो, कसिलो र लयबद्ध पार्न ठूलो भूमिका खेलेका देखिन्छन् । यसैगरी जम्मा ४८ सर्वनामिक सन्दर्भकले १३.२६ प्रतिशत ओगटेको र पाठमा बिभिन्न प्रकारका नामको सट्टामा आएर पाठकलाई एउटै नाम शब्दको प्रयोगले दिने झमेला हटाउनुका अतिरिक्त पठन समयलाई समेत छरितो बनाउने काम गरेको देखिन्छ ।यस्तै पाठमा प्रयुक्त अन्य सम्बद्धकहरूमा संयोजक ३७ प्रतिशतमा १०.२२, निपात २५ प्रतिशतमा ६.९०, अग्रसन्दर्भक २७ प्रतिशतमा ७.४५ र पश्चसन्दर्भकसबैभन्दा थोरै जम्मा ५ जस्को प्रतिशत १.३९ हुन्छ, रहेका छन् ।

यसरी निर्धारित निबन्धको अनुच्छेद एकदेखि दशसम्म प्रयुक्त सबै सम्बद्धकहरूको चर्चा तथा विश्लेषण माथि नै भइसकेको र समग्रमा सम्बद्धकहरूको प्रयोग, उपयुक्तता र पाठको उनाइ एवम् बुनाइका दृष्टिले जय भोल निबन्ध अत्यान्त सबल र सफल देखिन्छ ।

## ४.३ जय भोलि निबन्धमा प्रयुक्त सम्बन्धनको अध्ययन

यस खण्डमा सम्बन्धनको पहिचान र विश्लेषण गर्ने क्रममा सम्बद्धकको विश्लेषणमा झैँ प्रत्येक १० अनुच्छेदका लागि छुट्टाछुट्टै तालिका निर्माण गरी प्रत्येक वाक्य विश्लेषणका क्रममा उपयोग गरिएको छ । ती अनुच्छेदमा प्रयुक्त भएका अन्तरवाक्यीय अर्थहरूलाई सम्बन्धनका प्रकारका आधारमा छुट्याइएको छ । खास गरी कारण कार्य, कार्य कारण, परिवेश घटना, घटना र परिवेश, परिचयात्मक, व्याख्यात्मक, व्यतिरेकी तुलना, सामान्य विशिष्ट, विशिष्ट सामान्य, आर्थी पर्याय, आर्थी विपर्याय, रीतिबोधक, अनुक्रमबोधक, प्रभाव र प्रतिफल, विरोधात्मक, अप्रत्यक्ष, अनुमान, आज्ञार्थ, समुच्चयबोधक, इन्द्रिय र मस्तिष्क, स्मरण, स्पष्टोक्ति, प्रश्नोत्तर, प्रश्नार्थक, निहितार्थ, शीघ्रताबोधक, युगपद बोधक, उद्देश्यबोधक आदि जस्ता सम्बन्धनहरूको प्रयोग प्रस्तुत पाठभित्र के कसरी रहेका छन् भनी तिनको खोजी गर्ने काम प्रस्तुत खण्डमा गरिएको छ ।

प्रस्तुत पाठ जय भोल निबन्धमा जम्मा ७८ वाक्य छन् । यहाँ दश अनुच्छेदहरू रहेका छन् । यहाँ प्रत्येक अनुच्छेद छुट्टाछुट्टै शीर्षकमा विभाजन गरिएको छ । ती श्रेणीमा प्रयुक्त वाक्यलाई सम्बद्धकमा झैँ सङ्ख्यात्मक रूपमा व्यक्त गरिएको छ । ती वाक्यहरूका बीचमा के कस्ता अर्थगत सङ्केतहरू रहेका छन् भनी तालिकामा प्रस्तुत पनि गरिएको छ । श्रेणी श्रेणीका बीचमा के कस्ता अर्थगत सम्बन्धहरू, वैचारिक अन्तःसूत्रका निरन्तरताहरू रहेका छन् भनी खोजी गरिएको छ । एक वाक्य र अर्का वाक्यका बीचको अर्थसम्बन्ध, एक श्रेणी र अर्को श्रेणीको वैचारिक निरन्तरता तथा तिनको उपयुक्तताका दृष्टिले प्रस्तुत पाठलाई यस अध्यायमा केलाइएको छ ।

### ४.३.१ पहिलो अनुच्छेदमारहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा नौ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१) पर्सिको हिजो र हिजोको पर्सिलाई भोलि भन्दछन् ।

२) समयको अनन्त गतिमा यसरी भूत र भविश्य दुबैतिर उस्तै सन्धि नातो लाउने हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ ।

३) भोलानाथको झोली जस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मर्न चाहन्छ ।

४) आज थाकेको मानिस अनेक थरी  सपना तुन्दै भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट बिउँझदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दगुर्छ ।

५) मानिस जतिजति दिनका पत्रहरू पल्टाउँछ, उतिउति उसको भोलि सर्दैसर्दै पर जान्छ  र आखिर भोलिलाई नभेट्दै मानिस मर्छ ।

६) त्यसैले भोलि साँच्ची नै एउटा इश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊ चाहिँ परपर तर्किँदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ ।

७) उसको मुखमा 'रामराम'झैँ सधैँ झुण्डिरहेको हुन्छ भोलि ।

८) त्यसैले आजको काम भोलिलाई थाँती राख्नु हाम्रो संस्कृति हो ।

९) आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?

**तालिका नं. ११**

**पहिलो अनुच्छेदमासम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| १ र २ | परिचयात्मक सम्बन्ध |
| २ र ३ | अप्रत्यक्ष सम्बन्ध |
| ३ र ४ | परिचयात्मक सम्बन्ध |
| ४ र ५ | पुनरुक्ति सम्बन्ध |
| ५ र ६ | स्पष्टोक्ति सम्बन्ध |
| ६ र ७ | शीघ्रतावोधक सम्बन्ध |
| ७ र ८ | प्रयोजन/तात्पर्य/हेतु सम्बन्ध |
| ८ र ९ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १ र २ का बीचमा परिचयात्मक सम्बन्ध देखिन्छ । पहिलो वाक्यले बताएको भोलि शब्दको परिभाषालाई थप परिचय दिन दोस्रो वाक्य प्रयोग गरिएको छ । वाक्यसङ्ख्या २ र ३ का बीचमा पनि अप्रत्यक्ष सम्बन्ध छ किनभने वाक्यसङ्ख्या २ मा गरिएको भोलि शब्दकै परिचर्चा वाक्यसङ्ख्या३ मा पनि गरिएको

तर प्रत्यक्ष रुपमा यी दुई वाक्यहरू बीचमा सम्बन्ध नदेखिए पनि अप्रत्यक्ष तरिकाको बैचारिक गठबन्धन देखिन्छ । वाक्यसङ्ख्या ३ र ४ का बीचमापरिचयात्मक सम्बन्ध रहेको देखिन्छ किनभने अघिल्लो वाक्यले बताएको कुराकै परिचय थप गर्न पछिल्लो वाक्य प्रयुक्त देखिन्छ । वाक्यसङ्ख्या ४ र ५ का बीचमा पुनरुक्ति सम्बन्ध रहेको छ । वाक्यसङ्ख्या चारले बताएको परिवेश र वाक्यसङ्ख्या पाँचले बताएको परिवेश एउटै छ , अर्थ पनि समान छ । वाक्यसङ्ख्या ५ र ६ का बीचमा स्पष्टोक्तिको सम्बन्ध रहेको छ । यहाँ चर्चित दुई वाक्यमध्ये पहिलो वाक्यले उठान गरेका तथ्यलाई दोस्रा वाक्यले उदाहरण दिएर प्रस्ट पारेको छ । वाक्यसङ्ख्या ६ र ७ का बीचमा  शीघ्रताबोधक सम्बन्ध रहेको छ किनभने दुबै वाक्यले बुझाएका कार्यहरू यो पाठमा मात्र अघि र पघि भएर आएका हुन् तर दुवैको समय एउटै हो । वाक्यसङ्ख्या७ र ८ का बीचमा पनि माथिजस्तै प्रयोजन/तात्पर्य/हेतु सम्बन्ध रहेको छ किनकी पहिलोमा उठाईएको विषयको हेतु दोस्रो वाक्यले पुष्टि गरेको छ ।वाक्यसङ्ख्या ८ र ९ का बीचमा समेत परिवेश अनुक्रमबोधक सम्बन्ध देखिन्छ । यहाँ पहिलो वाक्य र दोस्रो वाक्यले कार्यब्यपारको तार्किक अनुक्रम प्रस्तुत गरेको छ ।

यसरी यस पहिलो अनुच्छेदमा प्रयुक्त वाक्यहरूका बीचमा धेरै प्रकारका सम्बन्धहरू रहेका देखिन्छन ।

### ४.३.२ दोस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा तीन वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१०) साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबैभन्दा ठूलो विशेषता हो भोलिवाद ।

११) हाम्रो दर्शन आज (बाँचुन्जेल) दुःख गर, भोलि (मरेपछि) मुक्ति पाउँछौ भन्छ तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनेर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस डेढ अक्कल लगाइदिन्छ भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भइहाल्छ नि !

१२)अनि निस्कन्छ आधुनिक भोलिबाद, जस्का अनुयायी तपाइँ हामी सबै छौँ ।

**तालिका नं. १२**

**दोस्रों अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| १० र ११ | स्पष्टोक्ति सम्बन्ध |
| ११ र १२ | कारण कार्य सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १० र ११ का बीचमा स्पष्टोक्ति सम्बन्ध देखिन्छ । पहिलो वाक्यले बताएको अर्थलाईस्पष्ट दोस्रो वाक्य प्रयोग गरिएको छ । वाक्यसङ्ख्या ११ र १२ का बीचमा पनि कारण कार्य सम्बन्ध छ किनभने वाक्यसङ्ख्या ११ मा कारण बताइएको र वाक्यसङ्ख्या १२ मा अघिल्लो वाक्यमा वताइएको कारण अनुसारको कार्य प्रस्तुत गरिएको छ ।

यसरी थोरै वाक्यहरू रहेको यो अनुच्छेदमा पनि दुई फरक प्रकारका सम्बद्धन प्रयुक्त छन् ।

### ४.३.३ तेस्रो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा पाँच वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१३) भेलिवादको श्रीगणेश कुन वेला कसको पालादेखि कसले सुरु गऱ्यो त्यो किट्न सकिन्न, तर हेरिल्यउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेख नै यसले खुट्टो घुमाएको बुझिन्छ ।

१४) उनले एकपटक साह्रै दिक्दारिएर भनेका थिए, " भोलि भालि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोलि ।"

१५) कसो हामी भाग्यमानी रहेछौँ र हाम्रा आदिकविलाई झोली बोकेर बनतिर पस्नुपरेनछ ।

१६) उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौँ भोलिवादी सिद्धान्तका प्रणेता कुनै महर्षि वा आचार्य थिएनन् ।

१७) यो त निसाफको ठूलो घरमा बसेर बेहिसाब गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब जस्तै कुनै फर्सीटाउके साहेबसाहेबनीहरू हुँदा हुन्, हुन सक्छ सरस्वतीको तानाबाना बोकेर दक्षिणा फकाउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि 'जी'हरू मध्ये नै कुनै थिए कि ?

**तालिका नं. १३**

**तेस्रो अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| १३ र १४ | समुच्चबोधक सम्बन्ध |
| १४ र १५ | निहितार्थ सम्बन्ध |
| १५ र १६ | अप्रत्यक्ष सम्बन्ध |
| १६ र १७ | अनुमानको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १३ र १४ का बीचमा समुच्चबोधक सम्बन्ध देखिन्छ । पहिलो वाक्यले र दोस्रो वाक्यले समानातर अस्तित्वमा रही संयुक्त रुपमा विषयको बोध गराएका छन् । वाक्यसङ्ख्या १४ र १५ का बीचमा पनि निहितार्थ सम्बन्ध छ किनभने वाक्यसङ्ख्या १४ मा गरिएको चर्चाको अर्थ वाक्यसङ्ख्या१५ मा पनि गरिएको र वाक्यसङ्ख्या १५ मा उठाइएको प्रसङ्गको अर्थ वाक्यसङ्ख्या १४ मा पाइन्छ ।वाक्यसङ्ख्या १५ र १६ का बीचमा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ किनकी अघिल्लो वाक्यले बताएको कुराको र पछिल्लो वाक्यले बताएको कुराको देखिने गरीकुनै सम्बन्ध छैन तर बैचारिक बन्धन अवश्य रहेकै छ ।वाक्यसङ्ख्या १६ र १७ का बीचमा अनुमानको सम्बन्ध रहेको छ । यहाँ अघिल्लो र पछिल्लो दुवै वाक्यमा अनुमानमा आधारित तर्क प्रस्तुत छ जसले भूतको अज्ञात समयदेखि कार्यब्यपार भएको अड्कल गरेको छ ।

यसरी तेस्रो अनुच्छेदमा भएका वाक्यहरूका बीचमा चार फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

## ४.३.४ चौथो अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा १० वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

१८) हाम्रा जिबा भन्नुहुन्थ्यो- उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे, लाग्नासाथ घरबेटीले थरीलाई पुकारेछ ।

१९) थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकाले थरिनीले भनिछन्, " भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।"

२०) भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारिकन थरीजी पुलिस चौकीमा पुगेछन् ।

२१) तर चौकीका हवल्दार छुट्टी लिएर घरतिर घरतिर हिँडिसकेछन् ।

२२) सिपाहीले सोही बेहोरा बताई थरीलाई भालि आउने आज्ञा दियो ।

२३) भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो ।

२४) ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन कहिना तीन दिनपछि तात्तातो बिन्ति चढ्यो, "फलाना ठाउँमा आगो लाग्यो ।"

२५) तेह्रजना सुसारेबाट घेरिएका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए ।

२६) भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराईडराई बिन्ति बिसमयो, "सरकार फलानो ठाउँमा आगाले सिध्याएछ ।"

२७) काखीमा अत्तर छर्कन लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो, " लौ भालि नै निभाउन लगाइदिनू ।"

**तालिका नं. १४**

**चौथों अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| १८ र १९ | स्मरणको सम्बन्ध |
| १९ र २० | अनुक्रमबोधक सम्बन्ध |
| २० र २१ | अनुक्रमबोधक सम्बन्ध |
| २१ र २२ | अनुक्रमबोधक सम्बन्ध |
| २२ र २३ | अनुक्रमबोधक सम्बन्ध |

| | |
|---|---|
| २३ र २४ | अनुक्रमबोधक सम्बन्ध |
| २४ र २५ | कार्यकारण सम्बन्ध |
| २५ र २६ | कार्यकारण सम्बन्ध |
| २६ र २७ | आज्ञार्थक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या १८ र १९ का बीचमा स्मरणको सम्बन्ध देखिन्छ । पहिलो वाक्यले लेखकका जिबाले भनेका कथा स्मरण गरी दोस्रो वाक्यले सोही कथालाई अघि बडाएको छ ।वाक्यसङ्ख्या१९ र २०,वाक्यसङ्ख्या २० र २१, वाक्यसङ्ख्या २१ र २२, वाक्यसङ्ख्या २२ र २३ तथा वाक्यसङ्ख्या २३ र २४का बीचमा अनुक्रमबोधक सम्बन्ध रहेका छन् किनभने अघिल्लो वाक्यले बताएको कुराको तार्किक अनुक्रम पछिल्लो वाक्यले बताएको छ । वाक्यसङ्ख्या२४ र २५ तथा वाक्यसङ्ख्या २५ र २६ का बीचमा कार्यकारण सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्य कार्य स्वरुप र पछिल्लो वाक्यकारण स्वरुप प्रयुक्त छन् ।वाक्यसङ्ख्या २६ र २७ का बीचमा आज्ञार्थक सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्यसँग सम्बन्धित भएर दोस्रो वाक्यमा आज्ञा गरिएको अर्थ लागेकोछ ।

यसरी चौथो अनुच्छेदमा भएका वाक्यहरूका बीचमा चार फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

### ४.३.५ पाँचौं अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा ८ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

२८) हिजोआज जस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दोरहेनछ ।

२९) अस्तिमात्रको एउटा कुरो सुन्नोहोस्, मेरी एउटा नातेदार महिलाज्यूलाई हिक्का छुट्ने व्यथाले अँठ्याएछ ।

३०) तपाइँलाई थाहा होला नि, त्यस्ता मान्छेलाई समयमै उपचार भएन भने सोझै परमधाम पुग्छन् भन्ने कुरो ?

३१) त्यसमाथि पनि यिनी त थिइन् ज्यादै दुब्ली ।

३२) त्यसैले अस्पताल नपुऱ्याई कुरै थिएन ।

३३) हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर रिसिभर उठाएको त रिसिभरको तारमात्र तन्द्रङतुन्द्रुङ हल्लियो, घन्टी गएन !

३४) फोन धनीले भने, "लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दाभन्दै बनिसकेको छैन , कृपया भोलि एकपटक पाल्नुहोस् न ।"

३५) लौलौ भन्दै कुदें अस्पतालतिर ।

**तालिका नं. १५**

**पाँचौं अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| २८ र २९ | स्मरणको सम्बन्ध |
| २९ र ३० | कार्यकारण सम्बन्ध |
| ३० र ३१ | कार्यकारण सम्बन्ध |
| ३१ र ३२ | कार्यकारण सम्बन्ध |
| ३२ र ३३ | अप्रत्यक्ष सम्बन्ध |
| ३३ र ३४ | कार्यकारण सम्बन्ध |
| ३४ र ३५ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या २८ र २९ का बीचमा स्मरणको सम्बन्ध देखिन्छ । पहिलो वाक्यले लेखकका वर्तमान समयको कुरा उठाान गरेको सो कुराको पुष्टि गर्न दोस्रो वाक्यले एउटा कथालाई अघि बडाएको छ । वाक्यसङ्ख्या२९ र ३०, वाक्यसङ्ख्या ३० र ३१, वाक्यसङ्ख्या ३१ र ३२ तथा वाक्यसङ्ख्या ३३ र ३४ का बीचमा कार्यकारण सम्बन्ध रहेका छन् किनभने अघिल्लो वाक्य कार्य स्वरूप र पछिल्लो वाक्यकारण भएर आएका छन् । वाक्यसङ्ख्या३२ र ३३ तथा वाक्यसङ्ख्या ३४ र ३५ का बीचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्य र पछिल्लो वाक्यका बीचमा झट्ट देखिने सम्बन्ध छैन तापनि बैचारिक निरन्तरताको क्रम यथावत छ।

यसरी पाँचौँ अनुच्छेदमा भएका वाक्यहरूका बीचमा तीन फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

## ४.३.६ छैटौँ अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा १० वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

३६) अस्पतालमा एउटी युवती नर्सले सबै बेलिबिस्तार सुनिन् र मधुर मुस्कानका साथ भनिन्, " आज सिट पनि खाली छैन, सुपरिटेन्डेन्ट साहेब पनि बाहिर जानुभा'छ, कृपया भोलि पाल्नुहोस्, याम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ ।"

३७) हुन्न भनेर पो के गर्नु र ?

३८) दसतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घण्टापछि उनीकहाँ पुगेँ , धन्न उनको हिक्का बन्द भएर बोल्न सक्ने भइछिन् ।

३९) अब तपाइँ नै भन्नुहोस भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ  त !

४०) काम छिटो होस् भनेर दिनप्रतिदिन बैज्ञानिक चमत्कारहरू बढ्दै छन् ।

४१) न्युयोर्कमा बोलेका कुरा न्युरोडमा सुनिने भयो ।

४२) प्यारिसमा हात हल्लाए काठमाडौँमा टेलिप्रिन्ट हुने भयो, तर राजर्षि महाराजका पालादेखि झन्डै आजसम्‍ मभोलिवादमा कुनै प्रवाभ परेको देखिदैँन ।

४३) मैले हाम्रो सिंहदरवारलाई 'भोलि दरवार' भन्ने नाम राखेको छु, किनभने  त्यहाँका एक एक तला, एकएक कोठा, एकएक कुना, एकएक टेबुल, तपाइँ जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न ।

४४) जागिर माग्नेदेखि लिएर तारिख माग्नेसम्म सबै भोलिबादले ग्रसित छन् ।

४५) सिंहदरबार होस् कि स्याल दरबार, भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्उनुजस्तो गाह्रो भइसक्यो  अब ।

### तालिका नं. १६

### छैटौं अनुच्छेदमा सम्बन्धनको विश्लेषण

| वाक्यसङ्ख्या | सम्बन्धन |
|---|---|
| ३६ र ३७ | कार्यकारण सम्बन्ध |
| ३७ र ३८ | अप्रत्यक्ष सम्बन्ध |
| ३८ र ३९ | अप्रत्यक्ष सम्बन्ध |
| ३९ र ४० | अप्रत्यक्ष सम्बन्ध |
| ४० र ४१ | कारण कार्य सम्बन्ध |
| ४१ र ४२ | अनुक्रमबोधक सम्बन्ध |
| ४२ र ४३ | समुच्चताबोधक सम्बन्ध |
| ४३ र ४४ | स्पष्टोक्ति सम्बन्ध |
| ४४ र ४५ | रीतिबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या ३६ र ३७ का बीचमा कार्यकारण सम्बन्ध रहेको छ  किनभने अघिल्लो वाक्य कार्य स्वरूप र पछिल्लो वाक्य कारण भएर आएको छ। वाक्यसङ्ख्या ३७ र ३८, वाक्यसङ्ख्या ३८ र ३९  तथा वाक्यसङ्ख्या ३९ र ४० का बीचमा अप्रत्यक्ष सम्बन्ध रहेको छ। यहाँ अघिल्लो वाक्य र पछिल्लो वाक्यका बीचमा झट्ट देखिने सम्बन्ध छैन तापनि बैचारिक निरन्तरताको क्रम यथावत छ।वाक्यसङ्ख्या ४० र ४१ का बीचमा कारण कार्यसम्बन्ध देखिन्छ। पहिलो वाक्यले कारण र पछिल्लो वाक्यले कार्य भएको अर्थ दिएको छ। वाक्यसङ्ख्या ४१ र ४२  का बीचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्य र पछिल्लो वाक्यले प्राविधिक कारणले भएका उपलब्धीको तार्किक अनुक्रम देखाएको छ। वाक्यसङ्ख्या ४२ र ४३ का बीचमा समुच्चताबोधक सम्बन्ध रहेको छ। यहाँ अघिल्लो वाक्य र पछिल्लो वाक्यका बीचमा समान अस्तत्व छ। वाक्यसङ्ख्या ४३ र ४४  का बीचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्यले भनेको कुरालाई  पछिल्लो वाक्यले स्पष्ट पारेको छ। वाक्यसङ्ख्या ४४ र ४५  का बीचमा रीतिबोधक सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्यको प्रस्तुतीगत शैलीलाई पछिल्लो वाक्यले थप बुझाएको छ।

यसरी छैटौं अनुच्छेदमा भएका वाक्यहरूका बीचमा तीन फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन्।

## ४.३.७सातौँ अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा ११ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

४६) सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि गति उही हो ।

४७) भोलि दिउँला भनी पैँचो लगेको पैसाले ५०० भोलि बुत्याइदिन्छ ।

४८) पसलेहरू ‘आज नगद, भोलि उधारो’ भनिरहून् उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् ।

४९) ग्राहकलाई उधारो तिर्ने चाहिँ भोलि आउँदै आउँदैन ।

५०) कुनै मालिकले नोकरलाई पचास रुपियाँ तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै हितैषीले तीन मिनेटको कुरालाई तीन वर्षसम्म भोलिभोलि भनी गनाउने चोक कुराउँछन् ।

५१) ऋण लिन जाँदा साहु भन्छ भोलि, लेख लिन जाँदा लेखक भन्छ भोलि, तारिखलिन जाँदा बहिदार भन्छ भोलि, तलब लिन जाँदा तहबिलदार भन्छ भोलि ।

५२) “लुगा सिइसकियो ?” भन्दा सूचीकार भन्छ भोलि, चोक बढारि दे न भन्दा कुचिकार भन्छ भोलि ।

५३) हुँदाहुँदा लोग्नेस्वास्नीमा पनि भोलिवादी भाकाले एकअर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल ।

५४) लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्नी भोलि धोइदिउँला भन्दाभन्दै सात दिन बिताइदिन्छे ।

५५) स्वास्नीले नून खाँचै छ भनी भने भोलि ल्याइदिउँला भन्दाभन्दै लोग्नेले पर्खाइदिन्छ छसात दिन

**तालिका नं. १७**

**सातौं अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| ४६ र ४७ | परिचयात्मक सम्बन्ध |
| ४७ र ४८ | आर्थी पर्यायको सम्बन्ध |
| ४८ र ४९ | तुलनात्मक सम्बन्ध |
| ४९ र ५० | समुच्चबोधक सम्बन्ध |
| ५० र ५१ | समुच्चबोधक सम्बन्ध |
| ५१ र ५२ | पुनरुक्ति सम्बन्ध |
| ५२ र ५३ | पुनरुक्ति सम्बन्ध |
| ५३ र ५४ | समुच्चबोधक सम्बन्ध |
| ५४ र ५५ | स्पष्टोक्ति सम्बन्ध |
| ५५ र ५६ | समुच्चबोधक सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या ४६ र ४७ का बीचमा परिचयात्मक सम्बन्ध रहेको छ किनभने अघिल्लो र पछिल्लो वाक्यमा एउटै बिषयवस्तुको परिचय छ ।वाक्यसङ्ख्या ४७ र ४८ बीचमा आर्थी पर्ययको सम्बन्ध रहेको छ किनकी अघिल्लो वाक्य र पछिल्लो वाक्यका बीचमा अर्थगत समानता छ । वाक्यसङ्ख्या ४८ र ४९ का बीचमा तुलनात्मक सम्बन्ध देखिन्छ । यहाँ पहिलो वाक्यले र पछिल्लो वाक्यमा हुने कार्यकोतुलना गरिएको छ। वाक्यसङ्ख्या ४९ र ५०,वाक्यसङ्ख्या ५० र ५१, वाक्यसङ्ख्या ५३ र ५४ तथा वाक्यसङ्ख्या ५५ र ५६ का बीचमा समुच्चबोधक सम्बन्ध रहेको छ किनभने प्रयुक्त दुबै वाक्यको समानान्तर अस्तित्व छ र दुबैले संयुक्त रुपमा विषयको बोध गराएका छन् । वाक्यसङ्ख्या५१ र ५२ तथा वाक्यसङ्ख्या ५२ र ५३ का बीचमा पुनरुक्ति सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्य र पछिल्लो वाक्यका अर्थ समान छ । वाक्यसङ्ख्या ५४ र ५५ का बीचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्यले भनेको कुरालाई पछिल्लो वाक्यले स्पष्ट पारेको छ ।

यसरी सातौँ अनुच्छेदमा भएका वाक्यहरूका बीचमा छ फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

## ४.३.८ आठौँ अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा ७ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बन्धनहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

५७) वातावरण नै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति स-साना कुरामा पनि भोलिवादी नभई नछाड्दो रहेछ ।

५८) इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई  मात्र होइन, आफूलाई पनि भुलाइरहेको हुन्छ ।

५९) अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निस्किकृयतातिर घचेटिरहेको हुन्छ ।

६०) पढ्नु थियो भोलि पढौँला, जानु थियो भोलि जाउँला, गर्नू थियो भोलि गरुँला भन्दान्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाकाका गाह्रले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटीहरू ।

६१) भोलिको अपवाद के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्तैन ।

६२) भोलि दुःख पर्ला कि भन्ने डर पनि नमानी 'रात रहे अग्राख पलाउँछ'भन्दै भएभरको आजै बुत्याउन ऊ तम्सन्छ ।

६३)उदाहरणका निम्ति एउटा कुरा सुनाइहालूँ ।

**तालिका नं. १८**

**आठौँ अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बन्धन |
|---|---|
| ५७ र ५८ | सामान्य विशिष्ट सम्बन्ध |
| ५८ र ५९ | स्पष्टोक्ति सम्बन्ध |
| ५९ र ६० | रीतिबोधक सम्बन्ध |
| ६० र ६१ | आर्थी बिपर्यायको सम्बन्ध |

| | |
|---|---|
| ६१ र ६२ | समुच्चताबोधक सम्बन्ध |
| ६२ र ६३ | परिबेश घटनाको सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या५७ र ५८ का बीचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ  किनभने अघिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त छ। वाक्यसङ्ख्या५८ र ५९ का बीचमा स्पष्टोक्ति सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्यले भनेको कुरालाई  पछिल्लो वाक्यले स्पष्ट पारेको छ ।वाक्यसङ्ख्या ५९ र ६० का बीचमा रीतिबोधक सम्बन्ध रहेको छ किनकी अघिल्लोको शैलिगत प्रस्तुतीलाई पछिल्लो वाक्यले बुझाएको छ ।वाक्यसङ्ख्या ६० र ६१ का बीचमा अर्थी बिपर्यायको सम्बन्धदेखिन्छ । यहाँ पहिलो वाक्यले भनेको कुराको ठीक उल्टो अर्थ पछिल्लो वाक्यले बुझाएको छ ।वाक्यसङ्ख्या६१ र ६२  का बीचमा समुच्चबोधक सम्बन्ध रहेको छ किनभने प्रयुक्त दुबै वाक्यको समानान्तर अस्तित्व छ र दुबैले संयुक्त रुपमा विषयको बोध गराएका छन् । वाक्यसङ्ख्या६२ र ६३ का बीचमा परिवेश घटनाको सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्यले परिवेश र त्यस परिवेशलाई पुष्टि गर्न पछिल्लो वाक्यका प्रयुक्त छ ।

यसरी आठौं अनुच्छेदमा भएका वाक्यहरूका बीचमा छ फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

### ४.३.९ नवौं अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा ६ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

६४) एकपटक काठमाडौंको ठूलो होटलमा बफे डिनर थियो ।

६५) त्यहाँ कहिल्यै कतै नहिँड्ने एकजना जरसाब पनि आएका रहेछन् ।

६६) उनले खाएपिएको देख्ता म छक्कै परेँ, झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकैजनाले बुत्याइदिए ।

६७) आखिरी खसखस थाम्न नसकेर  मैले सोधें, होइन जरसाहेबलाई आराम नहोला नि !

६८)उनले सजिलैसँग भने, " आराम नभए भोलि औषधी खाउँला ।"

६९ उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ - मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खिदैन, यो उसको ठूलो गुण हो ।

**तालिका नं. १९**

**नवौं अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| **वाक्यसङ्ख्या** | **सम्बन्धन** |
|---|---|
| ६४ र ६५ | परिबेश घटनाको सम्बन्ध |
| ६५ र ६६ | परिचयात्मक सम्बन्ध |
| ६६ र ६७ | अनुक्रमबोधक सम्बन्ध |
| ६७ र ६८ | प्रश्नोत्तर सम्बन्ध |
| ६८ र ६९ | सामान्य विशिष्ट सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या६४ र ६५ का बीचमा परिवेश घटनाको सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्यले परिवेश र त्यस परिवेशलाई पुष्टि गर्न पछिल्लो वाक्यका प्रयुक्त छ । वाक्यसङ्ख्या६५ र ६६ का बीचमा परिचयात्मक सम्बन्ध रहेको छ किनभने अघिल्लो वाक्यले भनेको कुरालाई  पछिल्लो परिचय समेत दिई स्पष्ट पारेको छ । वाक्यसङ्ख्या६६ र ६७ का बीचमा अनुक्रमबोधक सम्बन्ध रहेको छ किनकी अघिल्लो र पछिल्लो वाक्यमा कुनै कार्यब्यपारको तार्किक अनुक्रम देखाइएको छ । वाक्यसङ्ख्या६७ र ६८ का बीचमा प्रश्नोत्तर सम्बन्ध देखिन्छ । यहाँ पहिलो वाक्यले गरेको प्रश्नको पछिल्लो वाक्यले उत्तर बताएको छ । वाक्यसङ्ख्या६८ र ६९  का बीचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ किनभने प्रयुक्त वाक्य सामान्य र दोस्रो वाक्य विशिष्ट हुनेगरी प्रयुक्त छन् ।

यसरी नवौं अनुच्छेदमा भएका वाक्यहरूका बीचमा पाँच फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

### ४.३.१०दशौं अनुच्छेदमा रहेका वाक्यहरूका बीचमा प्रयुक्त सम्बन्धनको पहिचान र विश्लेषण

निर्धारित पाठको यस अनुच्छेदमा जम्मा ९ वाक्यहरू रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

**वाक्यसङ्ख्या**

७०) यसबाहेक अरू सबै हाम्रा क्रियाकलापहरू भोलिवादी छन् ।

७१) भोलिवाद हाम्रो संस्कृति हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैँ जेलिइरहन्छ ।

७२) हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैँ पर्सि हामी सवैले "बम भोलेनाथकी जय " भन्दै झोली बोकेर डाँडैडाँडा कुद्नु त नपर्ला ?

७३) के बेर ?

७४) आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालीका सारा काम आघौँ पन्छन के बेर ?

७५) यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ?

७७) अनि बिसौँ शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्कइसौँ शताब्दीका लागि 'डिपोजिट' रहन के बेर ?

७८) यसो हुँदाहुँदै कतै पृथ्वी भोलि घुमौँला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौँला भनेर बिश्राम नगरिदेओस्, जय भोलि !

**तालिका नं. २०**

**दशौं अनुच्छेदमा सम्बन्धनको विश्लेषण**

| वाक्यसङ्ख्या | सम्बन्धन |
|---|---|
| ७० र ७१ | सामान्य विशिष्ट सम्बन्ध |
| ७१ र ७२ | अप्रत्यक्ष सम्बन्ध |
| ७२ र ७३ | अनुमानको सम्बन्ध |
| ७३ र ७४ | प्रश्नार्थक / अनुमानको सम्बन्ध |
| ७४ र ७५ | प्रश्नार्थक/ अनुमानको सम्बन्ध |
| ७५ र ७६ | प्रश्नार्थक/ अनुमानको सम्बन्ध |
| ७६ र ७७ | प्रश्नार्थक/ अनुमानको सम्बन्ध |
| ७७ र ७८ | सामान्य विशिष्ट सम्बन्ध |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्यसङ्ख्या७० र ७१ का बीचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्यले सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त छन् । वाक्यसङ्ख्या७१ र ७२ का झट्ट हेर्दा नदेखिने तर बैचारिक निरन्तरतालाई अघि बडाउन मद्यत गर्ने अप्रत्यक्ष  सम्बन्ध रहेको छ। वाक्यसङ्ख्या७२ र ७३ का बीचमा अनुमानको सम्बन्ध रहेको छ किनकी दुवै वाक्यमा वर्तमानको गल्तिले भविष्यमा हुनसक्ने खतरा अनुमान गरेका छन् ।वाक्यसङ्ख्या७३ र७४, वाक्यसङ्ख्या७४ र ७५, वाक्यसङ्ख्या७५ र ७६ तथा वाक्यसङ्ख्या७६ र ७७ का बीचमा प्रशनार्थक र अनुमानदुबै सम्बन्ध देखिन्छ । यहाँ अघिल्ला र पछिल्ला दुबै वाक्यहरूले प्रश्न गरेका हुँदा प्रश्नार्थक एवम् प्रत्येकले भविष्यमा हुनसक्ने नकरात्मक असरको अनुमान पनि गरका हुँदा अनुमानको सम्बन्ध पनि देखिन्छ । वाक्यसङ्ख्या७७ र ७८ का बीचमा सामान्य विशिष्ट सम्बन्ध रहेको छ । यहाँ अघिल्लो वाक्यले सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त छन् ।

यसरी दशौँ अनुच्छेदमा भएका वाक्यहरूका बीचमा चार फरक प्रकारका सम्बन्धनहरू प्रयुक्त छन् ।

## ४.४ निष्कर्ष

नेपाली वाङ्मयका सुप्रसिद्ध हास्यब्यङ्ग्य निबन्धकार भैरव अर्यालद्वारा लिखित प्रस्तुत जय भोलि शीर्षक निबन्ध सम्बन्धन प्रयोगका दृष्टिले अन्वितिपूर्ण र सफल रहेको छ ।जम्मा अठहत्तर वाक्यमात्र भएको पाठमा  कूल २३ फरक-फरक प्रकारका सम्बद्धनहरू प्रयोग भएका छन् । अर्यालको ब्यङ्ग्यचेतलाई पाठकसम्म पुऱ्याउने यिनै सम्बद्धनहरू नै हुन् । सरल वाक्यमा हास्यरसको प्रयोग गरी ब्यङ्ग्यकातरवारहरूले कुरीति र कुप्रथाका अनुयायीहरूलाई रेट्ने अर्यालका सम्पूर्ण निबन्धहरू सामान्य पाठकले पनि बुझ्नसक्ने सरल र भावका दृष्टिले गहन छन् । प्रस्तुत निबन्ध पनि सरल वाक्यगठन र अभिधात्मक हास्य प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध्य बनेको छ । समग्रमा प्रस्तुत निबन्ध सम्बन्द्धन प्रयोगका दृष्टिले उपयुक्त रहेको छ ।

# अध्याय- पाँच

## निष्कर्ष तथा सुझावहरू

### ५.१ सारांश

निबन्धकार भैरव अर्यालद्वारा लिखित प्रस्तुत निबन्ध सम्बद्धक र सम्बन्धन प्रयोगका दृष्टिले अन्वितिपूर्ण  छ । अर्यालकोजय भोलि निबन्ध सामान्य पाठकले पनि बुझ्नसक्ने सरल र हास्य रसले पाठकलाई आकृष्ट गरी ब्यङ्ग्यका वाडहरूले कुरीति एवम् कुप्रथाको कुसंस्कारलाई घोचेर सभ्य समाज निर्माण गर्ने भावका दृष्टिले गहन छन् । अभिधात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध्य बनेको छ। समग्रमा प्रस्तुत निबन्ध सम्बद्धक र सम्बन्धन प्रयोगका दृष्टिले उपयुक्त रहेको छ ।

### ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्रमा निबन्धकार भैरव अर्याल ( वि. सं. १९९३-२०३३) द्वारा लिखित जय भोलि निबन्धको सङ्कथन विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रमा उल्लिखित निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बन्धनलाई विश्लेषणलाई समस्याका रूपमा प्रस्तुत गरिएको छ । त्यसका समाधान गर्नका लागि सङ्कथन र सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरू निरूपण गर्ने,उक्त निबन्धमा प्रयुक्त सम्बद्धक (भाषिक जोर्नी ) र सम्बन्धन (अर्थ ) को खोजी गर्ने, तिनीहरूको उपयुक्तताको खोजी गर्ने जस्ता उद्देश्यहरू प्रस्तुत शोधले लिएको छ । यी उद्देश्य र समस्याका समाधानार्थ पुस्तकालयीय विधिको उपयोग गरिएको छ । यस अन्तर्गत प्रथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलनको कार्य गरिएको छ । यिनै सैद्धान्तिक मान्यताका आधारमा निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बन्धनको पहिचान र विश्लेषण गरी यी दुवैको उपयुक्तताका दृष्टिले यस निबन्धको उपयुक्ततालाई केलाइएको छ ।

सङ्कथन अर्थपूर्ण, अन्वितियुक्त र सम्प्रेषणीय हुन जरुरी छ। सङ्कथन संरचनात्मक रूपमा भन्दा पनि अर्थगत रूपमा रहेको हुन्छ । यो भाषाको उच्चतम एकाइ पनि हो ।सङ्कथन वाक्यभन्दा माथिल्लो अर्थयुक्त भाषिक एकाइ हो । यो स्वयम्पूर्ण हुन्छ । यसले समग्रमा एउटा अर्थ वा निष्कर्ष प्रदान गर्छ। सङ्कथन सामान्यतय वाक्यभन्दा माथि क्रमश: अनुच्छेद, परिच्छिेद हुँदै पाठसम्म विस्तारित भएको हुन्छ । सबै अभिव्यक्तिगत विधाहरूमा

यो वर्गीकरण लागू हुँदैन । तर पनि यो वर्गीकरणलाई सामान्यीकरण गर्न सकिन्छ । यसले भाषाको कुनै खास भाषिक अर्थको प्रतीत गराउँछ ।

अङ्ग्रेजीको डिस्कोर्सबाट नेपालीमा सङ्कथन शब्द आएको हो । ल्याटिन भाषाको मूल शब्द डिस्कर्ससबाट अङ्ग्रेजीमा डिस्कोर्स हुँदै नेपाली रूपान्तरण सङ्कथन हुन गएको हो । यसलाई पारिभाषिक शब्दकै रूपमा लिन सकिन्छ । व्युत्पत्तिगत अर्थ हेर्ने हो भने दौडनु, दौडिरहनु, अगिपछि गर्दै दौडनु जस्ता अर्थ आए पनि समग्रमा कुनै बीचमा विचार प्रकट गर्नु भन्ने बुझिन्छ ।

कथ्य र लेख्य गरी सङ्कथनलाई दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । कथ्य सङ्कथनबाटै सङ्कथन विश्लेषणको सुरुवात भएको हो । कथ्यसङ्कथन मौखिक अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । यसमा वक्ता र श्रोता प्रत्यक्ष रूपमा सहभागी भएर भाषिक क्रियाकलापलाई अगि बढाउँछन् । वक्ता र श्रोताका बीचमा हुने अन्तर्वार्ता, गफ, छलफल, वादविवाद, अन्तर्क्रिया, प्रशंसा, थेगा, हाउभाउ जस्ता कुरा कथ्य सङ्कथनभित्र पर्दछन् । लिखित रूपमा सम्प्रषण हुने अभिव्यक्तिलाई लेख्य सङ्कथन भनिन्छ । यसमा लेखक र पाठक कथ्य सङ्कथनमा झैं वक्ता र श्रोताका रूपमा प्रत्यक्ष उपस्थित हुँदैनन् । यो अन्तर्क्रिया अप्रत्यक्ष किसिमको हुन्छ । यो बढी औपचारिक किसिमको हुन्छ । त्यसैले लेख्य सङ्कथन कथ्य सङ्कथनका तुलनामा बढी जटिल, कृत्रिम र अप्राकृतिक हुन्छ । प्रतिवेदन, कथा, निबन्ध, नाटक, कविता, गजल, जीवनी जस्ता रचनाहरू लेख्य सङ्कथनभित्र पर्छन् ।

सङ्कथन विश्लेषणको इतिहास हेर्दा जेलिङ ह्यारिसको सन् १९५२ को लेखसम्म पुग्नु पर्दछ । उक्त लेखमा हेयर हेयर टनिक सम्बन्धी विज्ञापनको भाषालाई उदाहरणको रूपमा उनले प्रस्तुत गरेका छन् । यही नै सङ्कथन विश्लेषणको प्रस्थानविन्दु हो । सुरुसुरुमा कथ्य भाषाको मात्र सङ्कथन विश्लेषण गर्ने परम्परा रही आए पनि समयको विकाससँगै क्रमिक रूपमा कथ्य र लेख्य दुवै रूपमा भाषिक अभिव्यक्तिको विश्लेषण गर्न थालियो, जुन परम्परा अहिलेसम्म पनि क्रमिक रूपमा चलिरहेको छ ।

ऊर्ध्वगमन, अधोगमन र मिश्रित गरी तीनवटा अध्ययन पद्धतिहरू सङ्कथन विश्लेषणका क्षेत्रमा विकसित भएका छन् । कुनैपनिविश्लेषण सामान्यबाट सुरु गरेर क्रमशः विशिष्टतर्फ गइन्छ भने त्यसलाई अधोगमन, विशिष्टबाट सामान्यतर्फ ऊर्ध्वगमन तथा आवश्यकताको सिद्धान्त अनुसार दुवै पद्धतिलाई उपयोग गरिन्छ भने त्यसलाई मिश्रित पद्धति भनिन्छ ।

सङ्कथनका दुईवटा युक्तिहरू सम्बद्धक र सम्बन्धन रहेका छन् । यी युक्तिले पाठमा प्रयुक्त वाक्यहरूका बीचमा बाह्य र आन्तरिक सम्बन्धको खोजी गर्छ । विभिन्न भाषिक एकाइहरूलाई परस्परमा जोडेर अन्वितिपूर्ण बनाउने प्रमुख एकाइ सम्बद्धक हो । यसले वाक्यीय संरचनालाई शृङ्खलित  बनाउन भूमिका खेल्छ । यो पाठको बाह्य आवरणसँग सम्बद्ध छ । यसले वाक्यका घटकहरूमा आपसी सम्बन्धको भूमिका खेल्छ । ह्यालिडे र हसनले सम्बद्धकका प्रकारलाई प्रसङ्ग, प्रतिस्थापन, लोप, संयोजक र शाब्दिक सम्बद्धक गरी पाँच प्रकारमा वर्गीकरण गरे पनि प्रस्तुत शोधले त्यतिमा मात्र सीमित नगरी सार्वनामिक, स्थानिक, निपात, पुनरावृत्ति, प्रतिस्थापन, लोप, पर्यायवाची, विपरीतार्थी जस्ता प्रकारमा विभाजन गरी विश्लेषण गरेको छ । कुल ३६२ सम्बद्धकहरू  प्रयोग गरिएको यो निबन्ध सम्बद्धक प्रयोगका हिसाबले उपयुक्त छ ।

वाक्यको आन्तरिक सम्बन्धलाई सम्बन्धन भनिन्छ । यसले पाठमा प्रयुक्त भएको अभिव्यक्तिको वैचारिक अन्तःसूत्रको निरन्तरताको पहिचान र विश्लेषण गर्ने काम गर्छ । सम्बन्धनलाई सामान्य, कार्यकारण, कारणकार्य, प्रभाव प्रतिफल, तुलना, स्पष्टोक्ति, आर्थी पर्याय, विपर्याय, अनुमान परिचय, स्मरण, अनुक्रम, रीति, प्रश्नार्थक, निहितार्थ, व्याख्यात्मक, युगपद, घटना, र परिवेश, परिवेश र घटना जस्ता विभिन्न प्रकारमा वर्गीकरण गरिएको छ । कूल २३ प्रकारका सम्बद्धन प्रयोग भएको निबन्ध जय भोलि सम्बन्धन प्रयोगका दृष्टिले प्रस्तुत पाठ अर्थपूर्ण रहेको छ ।

सम्बन्धन प्रयोगको उपयुक्तताका दृष्टिले हेर्ने हो भने यसले अर्थका सङ्केतहरूको खोजी गरेको छ । प्रस्तुत निबन्धले सामान्य पाठकहरूको अपेक्षा गरेको छ । जसले पनि एकै पढाइमा यस पाठको अर्थ बुझ्न सक्छ । एकै पढाइमा लेखकको कुरासँग सहमत हुन्छ । हासी हासी पाठ पढिसक्छ र पाठको अर्थ सजिलै बुझ्न सक्छ । यसर्थ सम्बन्धन प्रयोगका दृष्टिले यो पाठ उपयुक्त छ ।

यसरी सङ्कथन विश्लेषणका दृष्टिले जय भोलि निबन्ध अर्थपूर्ण रहेको देखिन्छ ।

## ५.३ शोधको उपयोगिता र कार्यान्वयन

प्रायोगिक भाषाविज्ञानको एक नवीन शाखाकारूपमा दिन प्रतिदिन विकसित हुँदै गइरहेको सङ्कथन विश्लेषण भाषाको सबैभन्दा ठूलो एकाइको बुनोटगत र अन्विन्तिगत विश्लेषण गर्ने एउटा महत्त्वपूर्ण विधा हो । भाषाको प्रयोग नै मानवीय मनका कुराहरू अरु समक्ष प्रस्तुत गर्न हुन्छ । यसरी प्रयुक्त भाषा विभिन्न दृष्टिले सार्थक हुनुपर्दछ । अतः प्रयुक्त

भाषाको सङ्कथन विश्लेषण गरी कमी कमजोरी र राम्रा पक्षबारे जानकारी लिनदिन सकेमा यस्ले भाषाका प्रयोक्ता सबैलाई फाइदा पुग्ने देखिन्छ ।

### ५.३.१ शोधको उपयोगिता

प्रायोगिक भाषाविज्ञानको एउटा नवीनतम शाखाका रूपमा सङ्कथन विश्लेषण उत्तरोत्तर विकसित भइरहेको छ । यसले भाषिक संरचना र अर्थ दुवैको अध्ययन गर्ने हुनाले यो पूर्ण भाषिक विश्लेषणमा आधारित पनि छ । प्रस्तुत शोधले सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन गर्न चाहने सबैलाई एउटा मार्गनिर्देशन पनि प्रदान गर्दछ । यस शोधले भाषाशिक्षण, पाठ्यक्रम निर्माता, शिक्षणविधि निर्माण लगायत समग्र भाषिक योजनामा सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । प्रस्तुत शोधका शैक्षणिक उपयोगितालाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

(क) भाषाशिक्षण भन्नु सङ्कथनको शिक्षण हो । त्यसैले प्रस्तुत शोधले भाषाशिक्षणका क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

(ख) प्रस्तुत शोधले सङ्कथन विश्लेषणका अनुसन्धान गर्न चाहने अनुसन्धाताका लागि सहयोग गर्ने छ ।

(ग) सङ्कथन विश्लेषणमा तल्ला भाषिक एकाइबाट माथिल्ला भाषिक एकाइतर्फ गई पूर्ण पाठको विश्लेषण गरिने हुँदा संरचनागत र अर्थगत पूर्णता प्राप्त गर्न सकिन्छ । यस दृष्टिले पनि प्रस्तुत शोधपत्र महत्त्वपूर्ण छ ।

(घ) प्रस्तुत शोधवाक्यात्मक अन्तःसम्बन्ध र शब्दको प्रयोगमा निहित अन्तःसम्बन्धको अध्ययनमा महत्त्वपूर्ण ठानिएको छ ।

(ङ) सङ्कथन विश्लेषणले वक्ता, श्रोता र विषयका वैयक्तिक र वैचारिक मिश्रणलाई नियाल्ने हुँदा यस दृष्टिले पनि यो शोध महत्त्वपूर्ण छ ।

(च) सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसले सहयोग गर्नेछ ।

(छ) भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो । यो अखण्डित हुन्छ । सङ्कथन पनि अखण्डित भाषिक अभिव्यक्ति भएकाले भाषिक सीपलाई अखण्ड रूपमा सिकाउनका लागि सहयोग पुग्नेछ ।

(ज) यिनै कुराहरूलाई मध्यनजर गरेर पाठ्यक्रम निर्माण गर्न, पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न, शैक्षिक समग्रीको प्रयोग गर्न, शिक्षण विधिहरूको छनोट गर्न सम्बन्धित पक्षलाई प्रस्तुत शोधले आधार प्रदान गर्नेछ ।

### ५.३.२ शोधको कार्यान्वयन

भाषाशिक्षण भाषिक सीपहरूको शिक्षण हो । यो अखण्डित हुन्छ । सङ्कथन पनि अखण्डित भाषिक अभिव्यक्ति भएकाले भाषिक सीपलाई अखण्ड रूपमा सिकाउनका लागि सहयोग पुग्नेछ । प्रत्येक लेखक, शिक्षक, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, प्राध्यापक सबैले सङ्थन विश्लेषणको उपयोग गरी आआफ्नो क्षेत्रमा प्रयोग गरी लाभान्वित हुनसक्दछन् ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शोधशीर्षकहरू

सङ्कथन विश्लेषणसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिले निम्नलिखित शीर्षकसँग सम्बन्धित भएर अनुसन्धान गर्न सक्नेछन् :

(क) जय भोलि निबन्धको संसक्तिपरक अध्ययन ,

(ख) जय भोलि निबन्धमा प्रयुक्त व्याकरणिक संसक्तिको विश्लेषण,

(ग) जय भोलि निबन्धमा प्रयुक्त शाब्दिक संसक्तिको विश्लेषण,

(घ) जय भोलि निबन्धमा प्रयुक्त कोशीय संसक्तिको विश्लेषण आदि ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५६), **सामाजिक र प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौं : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स प्रा.लि. ।

आचार्य, कृष्णप्रसाद (२०६६), **नेपाली गद्य र नाटक,** काठमाडौं : क्षितिज प्रकाशन ।

आचार्य, तारादेवी (२०६५), **कक्षा १० को नेपाली किताबमा रहेका कथाहरूको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि. ।

जैसी, कृष्णप्रसाद (२०६४), **तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि.  ।

गौतम, रामप्रसाद (२०६४), **चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथनात्मक विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, उर्मिला (२०६७), **मधेसतिर कथाको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि.।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम. के. पब्लिकेसन ।

नुनान, डेबिट (१९९३), **इन्ट्रोडक्सिङ डिस्कोर्स एन एनलाइसिस**,  इङ्ग्ल्याण्ड : पेन्गुइन पब्लिकेसन ।

नेपाल, चिदानन्द (सन् २०१३), **हामी पाइताला हौं : फगत पाइताला निबन्धको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि. ।

न्यौपाने, दीपकप्रसाद (२०७०), सङ्कथन र संसक्ति व्यवस्था ,**उद्बोध-२०७०**, धरान : ......., महेन्द्र बहुमुखी क्याम्पस ।

पोखेल, गोकुल (सन् २०१२), **एकान्त कथाको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि.।

भट्टराई, गोविन्दराज (२०६५), सङ्कथन विश्लेषणको प्रारम्भिक आधार,**सम्प्रेषण-५**, कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि. ।

.............. र बद्रीविशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

...... र विष्णुप्रसाद अधिकारी (२०६४), **नेपाली**, काठमाडौं : जनक शिक्षा सामाग्री केन्द्र ।

भण्डारी, विद्यादेवी (सन् २०१७), **अछूत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस, त्रि.वि. ।

...... र रामनाथ ओझा (२०६९), **स्नातक नेपाली**, काठमाडौं : पिनाकल पब्लिकेसन ।

सुवेदी, सागरमणि (२०५७), **इतिश्री निबन्ध सङ्ग्रहको कृतिपरक अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली भाषा विभाग, त्रि.वि.।

घिमिरे, एकु (२०७३), आशुतोषको आँशु र हाँसो, **सडकदेखि शिखरतिर**, प्रा.डा. टङ्कप्रसाद न्यौपाने अभिनन्दन ग्रन्थ प्रकाशन समिति : क्लासिक प्रिन्टिङ सर्भिस, काठमाडौँ ।

## परिशिष्ट- एक

यहाँ निर्धारित पाठका लेखकको परिचय र प्रवृत्तिहरू सामान्य रूपमा प्रस्तुत गरिएको छ:

### क.भैरव अर्यालको परिचय

बि.सं. १९९३ असोज ५ गते माता खेम कुमारी अर्याल र पिता होमनाथ अर्यालका पुत्ररत्न भैरवप्रसाद अर्यालको जन्म ललितपुर जिल्लाको कुपण्डोलमा भयो । संस्कृतमा मध्यमा र नेपालीमा एम. ए. सम्मको अध्ययन  पुरा गर्न सफल भैरवप्रसादले बि.सं. २०१३ मा नव निर्माण शीर्षक कविता प्रकाशन गरेर नेपाली साहित्यमा प्रवेश गरेपछि आफूलाई अलवर भैया उपनामले चिनाउन प्रयासरत रहे । गोरखापत्र संस्थानका कर्मचारी भैरवप्रसादले पछि आफूलाई भैरव अर्याल लेख्न थाले र सहायक सम्पदक सम्म बनेर नेपाली साहित्य, भाषा र समालोचनामा योगदान दिए ।अर्यालले आफू कि नेता कि कवि बन्ने सपना पालेका रहेछन् तर सानैदेखि कान पाकिरहने र घाँटीमा  संक्रमण भएर दुःख दिइरहने भएकाले सुन्न तथा बोल्न समस्या पर्ने ठानेर आफू ती दुबै नभएको बताएका भनी इतिश्री निबन्ध सङ्ग्रहकोकृतिपरक अध्ययन शीर्षक शोधार्थी उपप्रध्यापक सागरमणि सुवेदीको कथन छ ।  वि.सं. २०१८ मा उपवन कविता सङ्ग्रह र लघु काव्य प्रकाशित गरेपछि वि.सं. २०२० मा अर्यालको विरही राम काव्य प्रकाशित भएको देखिन्छ । वि.सं. २०२२ मा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम भएबाट अर्याल राम्रा कवि पनि थिए भन्ने स्पष्ट हुन्छ तर उनलाई अमर राख्ने काम चाहिँजय भुँडी, इतिश्री, गलबन्दी, दस औतार, प्रवेशिका र काउकुती नामक उनका हास्यब्यङ्ग्य निबन्ध सङ्ग्रहहरूले गरे । उनको नेपाली काव्यमा प्रकृति नामक समालोचना पनि प्रकाशित छ । अर्यालले वि.सं. २०२५ मा साझा कथा सम्पादन गर्नुका साथै विभिन्न समयमा छायाङ्कन (कविता सङ्ग्रह), रत्नश्री आदि सम्पादन गर्नुका अतिरिक्त विभिन्न पत्र पत्रिकाहरूमा फुटकर लेख, समालोचना, हास्यब्यङ्ग्य रचना आदि प्रकाशन गराएका देखिन्छन् ।

हास्य रसका यतिधेरै रचनाहरू लेखेर नेपाली साहित्यका असंख्य पाठकलाई अनन्त भविष्यसम्म हसाइ रहने सामर्थ्य भएका अर्यालको जीवन भने सधैँ पीडामा रुमल्लिएर बितेको देखिन्छ । कान र घाँटीको समस्याले सताइरहेपछि उनमा देखिएको एकान्तप्रेमले अर्याललाई केही मानसिक बिमारी बनायो । यही समस्याहरूको बीचमा वि. सं. २०३३ मा चालिस वर्षको अल्पायुमै उनको जीवन काठमाडौँको गोकर्णमा समाप्त अवस्थामा भेटियो

।उनको मृत्युलाई हालसम्म धेरैले रहस्यमय पनि भनेका छन् । क्रुर पंचायती शाशनको वेला धारिलो लेख लेखिरहने अर्याललाई त्यो बेलाको प्रशाशनले नै मानसिक बिमारीको दरिलो प्रमाण देखाएर समाप्त पारेको भन्ने आरोप लगाउनेहरूसँग कुरालाई पुष्टि गर्ने आधार छैन ।

## ख. भैरव अर्यालका निबन्धगत प्रवृत्तिहरू

भैरव अर्यालका थुप्रै कविता, समालोचना र अन्य साहित्यिक रचनाहरू प्रकाशित भएका भए पनि उनलाई नेपाली वाङ्मयले सुप्रसिद्ध हास्यव्यङ्ग्य निबन्धकार भनेर नै चित्रण गर्ने गरेको पाइन्छ किनकी उनी निबन्ध विधाबाट नै चिनिए र अमर पनि भए । विभिन्न हास्यब्यङ्ग्य निबन्ध सङ्ग्रहहरूबाट उनका लेखन प्रवृत्तिहरू पहिल्याउन सकिन्छ । अर्याल कुशल हास्यब्यङ्ग्य निबन्धकार हुन् । उनले आफ्ना निबन्धहरूमा समाज सुधारको अपेक्षा राखेका छन् । कुरीति, कुप्रथा, कुसंस्कार यिनका निबन्धहरूका शिकार हुन्, ब्यङ्ग्य ती शिकार मार्ने वाण हुन् र हास्य आफूले गरेको शिकार पाठकसम्म पुऱ्याउने भऱ्याङ हुन् ।चेतन प्रवाह उनका निबन्धका गोरेटाहरू हुन् ।सरलता, जनबोलीको मीठो लय, ग्रामीण जीवनका अनुभूतिहरूको सम्मिश्रण उनका निबन्धमा आउने सुवासहरू हुन् । सुशाशन, सामाजिकता, मानवता र सहिष्णुता उनका निबन्धका आग्रह हुन् तर पक्षपात अनि थिचोमिचोका विरुद्ध उनका निबन्धहरू तरबार हुन् ।

समग्रमा हास्यब्यङ्ग्यमा क्रान्तिकारी चेत, जनवर्गीय भावना, सरलता, आत्मपरकता र यथार्थता नै अनिल भैरव अर्यालका प्रवृत्तिहरू हुन् ।

## ग.निर्धारित पाठको सार

जय भोलि निबन्ध भैरव अर्यालकोकाउकुतिनिबन्ध सङ्ग्रहमा समाबेश छ ।अर्यालको यो निबन्ध धेरै चर्चित छ । बिभिन्न समयमा बिद्यालय र विश्वविद्यालयका पाठ्यपुस्तकमा समेत यो निबन्ध समाबेश गरिकाले यसका असंख्य पाठक छन् । सबैखाले पाठकले हासी हासी यो निबन्धलाई एक बसाइमा पढिसक्छन् ।

आत्मपरक शैलीमा लेखिएको प्रस्तुत हास्यब्यङ्ग्य निबन्ध जय भोलि मानिसको खराब वानीको भण्डाफोर गर्न सफल भएको छ ।हाम्रो देश र हामी पछि पर्ने कारण हामीमा भएको भोलिबादी संस्कार हो भन्ने पुष्टि अर्यालले प्रस्तुत निबन्धमा गरेका छन् । यहाँ प्रत्येक मान्छे भोलिबाट सताइएको हुनाले अर्याल नेपाली शब्दकोशमा नयाँ शब्द भोलिबाद थप्दै यसबारे स्पष्ट पार्न लेख्छन् " भोलिवाद हाम्रो संस्कृति हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो ।" अतः प्रस्तुत निबन्ध हाम्रो खराब भोलिवादी आचरणका विरुद्धमा लेखिएको एक शक्तिशाली हास्य- ब्यङ्ग्य निबन्ध हो ।

## परिशिष्ट - दुई

जय भोलि !

( विश्लेष्य निबन्धको पूर्ण पाठ)

परसिको हिजो र हिजोको परसिलाई भोलि भन्दछन् । समयको अनन्त गतिमा यसरी भूत र भविश्य दुबैतिर उस्तै सन्धि नातो लाउने हुनाले आजभन्दा भोलि ज्यादै जनप्रिय छ । भोलानाथको झोली जस्तो भोलिको आशामा मानिस बाँच्छ, केही गर्छ र भोलिको निम्ति केही साँचेर मर्न चाहन्छ । आज थाकेको मानिस अनेक थरी  सपना तुन्दै भोलिको निम्ति निदाउँछ, तर भोलिपल्ट बिउँझदा उसको भोलि आज बनेको हुन्छ, फेरि ऊ अर्को भोलिको निम्ति दगुर्छ । मानिस जतिजति दिनका पत्रहरू पल्टाउँछ, उतिउति उसको भोलि सर्दैसर्दै पर जान्छ  र आखिर भोलिलाई नभेट्दै मानिस मर्छ । त्यसैले भोलि साँच्ची नै एउटा इश्वर हो, जसलाई मान्छे पछ्याउँदै जान्छ, ऊ चाहिँ परपर तर्किंदै जान्छ तर ऊ जतिसुकै पन्छिए पनि मानिस भोलिको भक्त छ । उसको मुखमा 'रामराम'झैँ सधैँ झुण्डिरहेको हुन्छ भोलि । त्यसैले आजको काम भोलिलाई थाति राख्नु हाम्रो संस्कृति हो । आफ्नो संस्कृतिलाई उल्लङ्घन गर्न कसले सक्छ ?

साँच्ची भनूँ भने पूर्वीय दर्शनको सबैभन्दा ठूलो विशेषता हो भोलिवाद । हाम्रो दर्शन आज (बाँचुन्जेल) दुःख गर, भोलि (मरेपछि) मुक्ति पाउँछौ भन्छ तर दर्शनको भनाइ र मानिसको गराइमा कहाँनेर फरक पर्छ भने दर्शन भोलिको निम्ति आज गर भन्छ, मानिस डेढ अक्कल लगाइदिन्छ भोलिको निम्ति गर्ने भएपछि आज किन गरिरहनु, भोलि नै गरे भइहाल्छ नि ! अनि निस्कन्छ आधुनिक भोलिबाद, जस्का अनुयायी तपाइँ हामी सबै छौँ ।

भेलिवादको श्रीगणेश कुन वेला कसको पालादेखि कसले सुरु गऱ्यो त्यो किट्न सकिन्न, तर हेरिल्यउँदा नेपाली समाजमा भानुभक्तभन्दा अघिदेख नै यसले खुट्टो घुमाएको बुझिन्छ । उनले एकपटक साह्रै दिक्दारिएर भनेका थिए, " भोलि भालि हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोलि ।" कसो हामी भाग्यमानी रहेछौँ र हाम्रा आदिकविलाई झोली बोकेर बनतिर पस्नुपरेनछ । उनको यो घुर्कीबाट हामी बुझ्न सक्छौँ भोलिवादी सिद्धान्तका प्रणेता कुनै महर्षि वा आचार्य थिएनन् । यो त निसाफको ठूलो घरमा बसेर बेहिसाब गर्न खोज्ने उहिलेका जरसाहेब, काजीसाहेब, हजुरियासाहेब जस्तै कुनै फर्सीटाउके साहेबसाहेबनीहरू हुँदा हुन्, हुन सक्छ सरस्वतीको तानाबाना बोकेर दक्षिण फकाउँदै दुनियाँ छकाउने गुरुजी, पण्डितजी, वैद्यजी इत्यादि 'जी'हरू मध्ये नै कुनै थिए कि ?

हाम्रा जिबा भन्नुहुन्थ्यो- उहिल्यै राजर्षि महाराजको पालामा कुन्नि कता हो आगो लाग्यो रे, लाग्नासाथ घरबेटीले थरीलाई पुकारेछ। थरी ससुरालीमा श्राद्ध खान निस्किसकेकाले थरिनीले भनिछन्, " भोलि उहाँ आउनेबित्तिकै म भनिदिउँला ।" भोलिपल्ट बिहान एक चिलिम तमाखु पनि राम्रो ननिखारिकन थरीजी पुलिस चौकीमा पुगेछन् । तर चौकीका हवल्दार छुट्टी लिएर घरतिर घरतिर हिँडिसकेछन् । सिपाहीले सोही बेहोरा बताई थरीलाई भालि आउने आज्ञा दियो । भोलिपल्ट चौकीले खबर दियो र त्यसको भोलिपल्ट ठानामा खबर पुग्यो । ठानाले गोस्वारालाई, गोस्वाराले हजुरियालाई खबर गर्दागर्दै श्री ३ महाराजकहाँ तीन कहिना तीन दिनपछि तात्तातो बिन्ति चढ्यो, "फलाना ठाउँमा आगो लाग्यो ।" तेह्रजना सुसारेबाट घेरिएका श्री ३ ज्यूले "लौ भोलि सम्झाउनू" भन्ने हुकुम दिए । भोलिपल्ट मुखारीको मौका पारी हजुरियाले डराईडराई बिन्ति बिसमयो, "सरकार फलानो ठाउँमा आगाले सिध्याएछ ।" काखीमा अत्तर छर्कन लगाउँदै श्री ३ बाट तात्तातो हुकुम बक्स्यो, " लौ भालि नै निभाउन लगाइदिनू ।"

हिजोआज जस्तो टेलिफोनको व्यवस्था त्यतिखेर पनि भएको भए त्यस्तो हुँदैनथ्यो कि भन्नुहोला, तर मानिसलाई भोलिवादले छोएपछि टेलिफोनका बाबुको पनि केही लाग्दोरहेनछ । अस्तिमात्रको एउटा कुरो सुन्नोहोस्, मेरी एउटा नातेदार महिलाज्यूलाई हिक्का छुट्ने व्यथाले अँठ्याएछ । तपाइँलाई थाहा होला नि, त्यस्ता मान्छेलाई समयमै उपचार भएन भने सोझै परमधाम पुग्छन् भन्ने कुरो ? त्यसमाथि पनि यिनी त थिइन् ज्यादै दुब्ली । त्यसैले अस्पताल नपुऱ्याई कुरै थिएन । हत्त न पत्त छिमेकीको टेलिफोनमा गएर रिसिभर उठाएको त रिसिभरको तारमात्र तन्द्रङतुन्द्रुङ हल्लियो, घन्टी गएन ! फोन धनीले भने, "लाइन बिग्रेको तीन दिन भयो, भोलि भन्दाभन्दै बनिसकेको छैन , कृपया भोलि एकपटक पाल्नुहोस् न ।" लौलौ भन्दै कुदें अस्पतालतिर ।

अस्पतालमा एउटी युवती नर्सले सबै बेलिबिस्तार सुनिन् र मधुर मुस्कानका साथ भनिन्, " आज सिट पनि खाली छैन, सुपरिटेन्डेन्ट साहेब पनि बाहिर जानुभा'छ, कृपया भोलि पाल्नुहोस्, याम्बुलेन्स कारको ब्रेक पनि भोलि बनिसक्छ ।" हुन्न भनेर पो के गर्नु र ? दसतिर हल्लिएपछि लुत्रे कान लगाएर दुईतीन घण्टापछि उनीकहाँ पुगें , धन्न उनको हिक्का बन्द भएर बोल्न सक्ने भइछिन् । अब तपाइँ नै भन्नुहोस भोलिवाद हटाउन फोनका बाबुको तागत चल्दो रहेछ त ! काम छिटो होस् भनेर दिनप्रतिदिन बैज्ञानिक चमत्कारहरू बढ्दै छन् । न्युयोर्कमा बोलेका कुरा न्युरोडमा सुनिने भयो । प्यारिसमा हात हल्लाए काठमाडौंमा

टेलिप्रिन्ट हुने भयो, तर राजर्षि महाराजका पालादेखि झन्डै आजसम्म भोलिवादमा कुनै प्रवाभ परेको देखिदैंन । मैले हाम्रो सिंहदरवारलाई 'भोलि दरवार' भन्ने नाम राखेको छु, किनभने त्यहाँका एक एक तला, एकएक कोठा, एकएक कुना, एकएक टेबुल, तपाइँ जहाँ जस्तो काम लिएर पुग्नुहोस्, भोलिको निम्तो नपाई छाड्नुहुन्न । जागिर माग्नेदेखि लिएर तारिख माग्नेसम्म सबै भोलिबादले ग्रसित छन् । सिंहदरबार होस् कि स्याल दरबार, भोलिवादलाई शिरोधार्य नगर्ने अड्डाअदालत पाउनु प्याज नखाने बाहुन भेट्उनुजस्तो गाह्रो भइसक्यो  अब ।

सरकारी क्षेत्रको मात्रै हो र, असरकारी क्षेत्रको पनि गति उही हो । भोलि दिउँला भनी पैँचो लगेको पैसाले ५०० भोलि बुत्याइदिन्छ । पसलेहरू 'आज नगद, भोलि उधारो' भनिरहून् उधारो नदिई उनीहरूले सुखै पाउँदैनन् । ग्राहकलाई उधारो तिर्ने चाहिँ भोलि आउँदै आउँदैन । कुनै मालिकले नोकरलाई पचास रुपियाँ तलबका निम्ति ५० भोलि कुदाउँछन् । कुनै हितैषीले तीन मिनेटको कुरालाई तीन वर्षसम्म भोलिभोलि भनी गनाउने चोक कुराउँछन् । ऋण लिन जाँदा साहु भन्छ भोलि, लेख लिन जाँदा लेखक भन्छ भोलि, तारिख लिन जाँदा बहिदार भन्छ भोलि, तलब लिन जाँदा तहबिलदार भन्छ भोलि । " लुगा सिइसकियो ?" भन्दा सूचीकार भन्छ भोलि, चोक बढारि दे न भन्दा कुचिकार भन्छ भोलि । हुँदाहुँदा लोग्नेस्वास्नीमा पनि भोलिवादी भाकाले एकअर्कालाई पर्खाउने बानी बसिसकेको छ अचेल । लोग्नेले टोपी धोइदेऊ न भन्यो भने स्वास्नी भोलि धोइदिउँला भन्दाभन्दै सात दिन बिताइदिन्छे । स्वास्नीले नून खाँचै छ भनी भने भोलि ल्याइदिउँला भन्दाभन्दै लोग्नेले पर्खाइदिन्छ छसात दिन ।

वतावरण नै सबै भोलिवादी भएपछि मान्छेको मनोवृत्ति स-साना कुरामा पनि भोलिवादी नभई नछाड्दो रहेछ । इमानजमान नछाडीकन भनिदिऊँ भने भोलिभोलि भनेर मानिसले अरूलाई मात्र होइन, आफूलाई पनि भुलाइरहेको हुन्छ । अर्को शब्दमा भोलिको घोचो लिएर मान्छेले समाजलाई मात्र होइन, आफूलाई समेत निस्किकृयतातिर घचेटिरहेको हुन्छ । पढ्नु थियो भोलि पढौँला, जानु थियो भोलि जाउँला, गर्नू थियो भोलि गरुँला भन्दान्दै कहिलेकाहीँ राति दिसा लाग्यो भने पनि निस्कनाकाका गाह्रले भोलि गरौँला भनी सुतिदिन्छन् कैयौँ ठिटाठिटीहरू । भोलिको अपवाद के छ भने खानलाई चाहिँ मान्छे सकेसम्म भोलिको भाका राख्तैन । भोलि दु:ख पर्ला कि भन्ने डर पनि नमानी 'रात रहे अग्राख पलाउँछ'भन्दै भएभरको आजै बुत्याउन ऊ तम्सन्छ । उदाहरणका निम्ति एउटा कुरा सुनाइहालौँ -

एकपटक काठमाडौँको ठूलो होटलमा बफे डिनर थियो । त्यहाँ कहिल्यै कतै नहिँड्ने एकजना जरसाब पनि आएका रहेछन् । उनले खाएपिएको देख्ता म छक्कै परेँ, झन्नै आधा दर्जन पाहुनालाई पुग्ने भाग उनी एकैजनाले बुत्याइदिए । आखिरी खसखस थाम्न नसकेर मैले सोधें, होइन जरसाहेबलाई आराम नहोला नि ! उनले सजिलैसँग भने, " आराम नभए भोलि औषधी खाउँला ।" उनको यस भनाइबाट यही निष्कर्ष निस्कन्छ - मान्छे सबै कुरामा भोलिवादको अनुसरण गरे पनि खान भने भोलिलाई पर्खिदैन, यो उसको ठूलो गुण हो ।

यसबाहेक अरू सबै हाम्रा क्रियाकलापहरू भोलिवादी छन् । भोलिवाद हाम्रो संस्कृति हो, राजनीति हो, प्रशासन हो, सामाजिक व्यवहार हो । तैपनि मेरो थोत्रो मगज यही शङ्कामा सधैँ जेलिइरहन्छ । हरेक कामकुरामा भोलि भन्दाभन्दै भानुभक्तले भनेझैँ पर्सि हामी सवैले "बम भोलेनाथकी जय " भन्दै झोली बोकेर डाँडैडाँडा कुद्नु त नपर्ला ? के बेर ? आज गरे हुने कामलाई भोलि पर्खेपछि त्यही हिसाबले यसपालीका सारा काम आघौं पन्छन के बेर ? यस दशकका काम अर्को दशकलाई थन्कन के बेर ? अनि बिसौँ शताब्दीका सम्पूर्ण जिम्मेदारी र कर्तव्यहरू एक्काइसौँ शताब्दीका लागि 'डिपोजिट' रहन के बेर ? यसो हुँदाहुँदै कतै पृथ्वी भोलि घुमौँला भनेर आराम नगरिदेओस्, हावाले भोलि डुलौँला भनेर बिश्राम नगरिदेओस्, जय भोलि !